सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ पुस २०८०, बिहीबार (11 Jan 2024, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २६२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

पाँच महिनामा तीन अर्बको अलैँची निर्यात



अलैँचीको भाउ ६ वर्षयताकै उच्च, प्रतिकेजी दुई हजार पुग्यो

(विस्तृत पृष्ठ ६)

एक दलको आधिपत्यले स्थिरताको सुनिश्चितता गर्दैन



आगामी दिनमा बंगलादेशको आर्थिक समस्या थप जटिल हुँदै जाने आइएमएफले प्रक्षेपण गरेको छ। त्यसबाहेक प्रधानमन्त्री हसिना ७६ वर्ष पुगिन्। उनको पार्टीमा न उत्तराधिकारी छनोटको कुनै संयन्त्र छ, न उनको साख धान्न सक्ने कुनै नेता नै देखिन्छन्। यसले उनीपछिको राजनीतिक अस्थिरताको संकेत गर्छ। पृष्ठ ५



● ज्योति रहमान

■ फर्जी लाइसेन्समाथि अख्तियारको छानबिन



यातायात व्यवस्था विभागले लियो कागजात नियन्त्रणमा

(विस्तृत पृष्ठ ३)

रौतहटको महिला फुटबल एकेडेमी चार वर्षदेखि अलपत्र



शेरबहादुर दर्लामी स्मृति खेलमैदानमा रहेको एकेडेमीको निर्माण कार्य सकिए पनि अदालतले रोक लगाएपछि मैदान अलपत्र अवस्थामा पुगेको हो।

(विस्तृत पृष्ठ ८)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

हडपेको सम्पत्ति पीडितलाई फिर्ता दिन प्रशासनमा सहमति गरेका साहुकार अझै जालझेल गर्दै

मिटरब्याजी साहुकार अदालतबाट निषेधाज्ञा ल्याएर जग्गा फिर्ता गर्न आनाकानी गर्दै छन्

सिडिओलाई मिलापत्र गराउने अधिकार दिनुपर्छ



● **गौरीबहादुर कार्की**, अध्यक्ष
मिटरब्याजसम्बन्धी जाँचबुझ आयोग

मिटरब्याजसम्बन्धी उजुरीमा सिडिओलाई फौजदारी संहितामार्फत मिलापत्र गराउने अधिकार दिनुपर्छ भनेर आयोगले गृह मन्त्रालयलाई सुझाव दिएको छ। सिडिओलाई अधिकार दिएमा साहु र पीडितबीच छलफल गराउने, मिलापत्र हुन नसके कानुनी कारबाहीमा जाने हुन्छ। साहु पनि छलफलमा आउँछन्, टेर्छन्।

सर्लाहीमा **श्रवण थापा**
लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको औरही गाउँपालिका- ४ का ६३ वर्षीय नथुनी पासवान जिल्ला प्रशासनमा २४ जेठमा साहुकार हरिनन्दन यादवसँग भएको मिटरब्याजसम्बन्धी सहमतिअनुसार १० कट्ठा ६ धुर जग्गा फिर्ता पाउनेमा ढुक्क थिए। तर, सहमतिको महिना दिन नबित्दै साहुकार यादवले २१ असारमा जिल्ला अदालतबाट निषेधाज्ञा (कामकारबाही रोक्न दिइने आदेश) ल्याएर जग्गा फिर्ता गर्न मानेका छैनन्।

पासवानले गत वैशाखमा जिल्ला प्रशासन कार्यालयमा साहुकार यादवविरुद्ध मिटरब्याजसम्बन्धी उजुरी दिएका थिए। उजुरीको छानबिनपछि साहुकारसहितको उपस्थितिमा प्रशासनमा २४ जेठमा सहमति भएको थियो। तर, अदालतबाट निषेधाज्ञा ल्याएर सहमति कार्यान्वयन छलिरहेका छन्। 'सहमतिअनुसार दुई लाख १२ हजार साहुलाई फिर्ता गरेपछि चार कित्ताको १० कट्ठा ५ धुर जग्गा फिर्ता हुनुपर्ने थियो,' पासवानले

» पृष्ठ २ मा क्रमशः



मिटरब्याजी साहुकार जाविर अलि धोबीले षड्यन्त्रपूर्वक हडपेको १० धुर घडेरी ३४ लाख ८५ हजारमा बेचिदिएपछि सुकुमबासी बनेका सर्लाही मलंगवा-४ शिवसागर चोकका हबिब साह फकिर। उनले ६ फागुन ०५६ मा धोबीसँग ४० हजार ऋण लिएका थिए। फकिरले सावाँब्याजसहित दुई लाख ७५ हजार तिर्नुपर्ने र साहुकार धोबीले ३० लाख रुपैयाँ ३२ साउन ०८० भित्र फकिरलाई फिर्ता गर्नुपर्ने सहमति जिल्ला प्रशासनमा भएको थियो। तर, फिर्ता गर्नु त परको कुरा, साहुकार सम्पर्कमै आएका छैनन्। एउटा कोठा भाडामा लिएर चारजनाको परिवारसहित बसिरहेका फकिर ज्यालामजदुरी गरेर गुजारा चलाउँछन्।

■ घरखेत गुमाएका मिटरब्याजपीडित भन्छन्-



● **धनेश्वरीदेवी दास**

छोरालाई साउदी पठाउन साहु रामसेवक यादवसँग अढाई लाख ऋण लिएकी थिएँ, दुई वर्ष नबित्दै डेढ लाख तिरिसकेँ तर, मेरो अढाई कट्ठा जग्गा बेचेर खाइदिए। जिल्ला प्रशासनले सहमति गरेको साढे चार लाख न साहुले बुझे, न त जग्गा नै फिर्ता दिए। उल्टै १२ लाख मागिरहेका छन्। न्यायका लागि प्रशासन धाइरहेकी छु।



● **अमरुल खातुन**

साहु रामस्वरूप रायसँग तीन लाख ऋण लिएकी थिएँ। चार लाख ७८ हजार बुझाइसकेँ। प्रशासनमा जग्गा फिर्ता पाउने सहमति भएको थियो। तर, साहुकारले धितोबापतको आठ कट्ठा खेत र घरसहित साढे आठ धुर घडेरी बेचिदिए। न्याय माग्न जाँदा उल्टै 'ममाथि तिमीहरू लागिपऱ्यौ, म त्यत्तिकै छाड्दिनँ' भन्दै रामस्वरूपले प्रशासनमै कुटपिट गरे।

■ कतिपय ऋणीहरू न्यायका लागि प्रशासन धाउँदाधाउँदै थाके, साहुकार आउँदैनन्

सर्लाहीको हरिपुर नगरपालिका- ५ की जमिला खातुन जिल्ला प्रशासन कार्यालय धाउन थालेको ६ महिना नाघिसक्यो। ५० हजार ऋण लिएको निहुँमा ११ धुरको खडेरी गुमाएकी उनले अझै पनि न्याय पाउन सकेकी छैनन्। अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी छानबिन समितिले साहुकार मलंगवा नगरपालिका- ४, शिवसागर चोकका रामस्वरूप राय र ऋणी खातुनबीच गत असारमा छलफल गराए पनि त्यसयता कुनै छलफल हुन सकेको छैन।

श्रीमान् बिकाउ मियाँलाई मलेसिया पठाउन ०७० मा दुई लाख ऋण लिएको खातुनले बताइन्। श्रीमान्ले पैसा पठाएपछि ०७२ मा साहुलाई ५० हजार फिर्ता गरेको उनको भनाइ छ। ऋण लिने वेलामा साहुले ११ धुर घडेरी रजिस्ट्रेसन पास गराएको र मिटरब्याजमा आठ लाखको तमसुक बनाएको उनले पत्तो पाइन्। साहुले ०७५ मा खातुनको घडेरी १५/२० लाखमा सोही स्थानका कलाम मोमिनलाई बिक्री गरिदिए। जब मोमिन घरसहितको घडेरी किनेको भन्दै पुगे, उनी छाँगाबाट खसेजस्तै भइन्। अहिले उनी जंगलनजिकै अरूको खेतमा झुपडी बनाएर बालबच्चा लिएर बसेकी छिन्।

यता बालबच्चा लिएर बसेकी जमिलाको बिल्लीबाठ छ, उता मलेसियामा कम्पनीले समेत श्रीमान्लाई अलपत्र पारेको खबर आएको उनको गुनासो छ। विदेश गएको ८ वर्ष नाघिसक्दा पनि श्रीमान् घर फर्किन पाएका छैनन्। कम्पनीले भिसा नलगाइदिएका कारण घर आउन नपाएको गुनासो श्रीमान्ले गर्ने गरेको जमिलाले बताइन्। चार वर्षयता श्रीमान् मलेसियामा विनाभिसा काम गरिरहेको उनको भनाइ छ।

सर्लाहीकै मलंगवा नगरपालिका- ७ की सुमित्रादेवी रामले स्थानीय साहुकार रामप्रसाद कृपाल महतोसँग तीन लाख ऋण लिएकी थिइन्। तर, उनले २० किस्तामा १४ लाख फिर्ता गरिसक्दा पनि ऋण चुक्ता भएको छैन। बरु बन्धकीमा राखेको तीन धुर जग्गा साहुकारले बेचिदिएका छन्।

न्यायका लागि जिल्ला प्रशासन कार्यालयमा दिएको निवेदनमाथि कारबाही पनि भएको छैन। 'समितिका पदाधिकारीले साहुले आउँछु भनेका छन्। अब तिम्रो पालो हो, आऊ भनेपछि म प्रशासन आएँ,' गत शुक्रबार जिल्ला प्रशासन कार्यालयमा भेटिएकी उनले भनिन्, 'साहु नआएपछि घर फर्किन लागेकी छु।' यसरी उनले जिल्ला प्रशासन कार्यालयमा चक्कर लगाएको ७

» पृष्ठ २ मा क्रमशः

पदाधिकारीविहीन अवस्थामा चौथोपटक थपियो सत्य निरूपण र छानबिन आयोगको म्याद

१८ महिनादेखि पदाधिकारीविहीन दुवै आयोगको छानबिन/अनुसन्धान, सरकारलाई गर्ने सिफारिस, परिपूरण र राहतका काम ठप्प

यम बम/नयाँ पत्रिका

सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको म्याद पदाधिकारीविहीन अवस्थामै चौथोपटक थप गरिएको छ। यी दुवै आयोग १८ महिनादेखि पदाधिकारीविहीन छन्। तर, सरकारले संक्रमणकालीन न्यायसम्बन्धीका काम टुंगो लगाउन गठन भएका यी न्यायिक आयोगको म्याद बाधा अड्काउ फुकाउ आदेशमार्फत पटक-पटक थप्दै आएको छ।

पछिल्लोपटक पुस मसान्तसम्म रहेको आयोगको म्याद आगामी असार मसान्तसम्म थप गर्ने निर्णय मन्त्रिपरिषद्को मंगलबारको बैठकले गरेको हो। दुवै आयोग ३१ असार ०७९ देखि पदाधिकारीविहीन छन्। मन्त्रिपरिषद्को ३१ असार ०७९ को बैठकले दुवै आयोगको म्याद सोही असोज मसान्तसम्मका लागि थपेको थियो। तर, पदाधिकारीको अवधि नथपिएपछि घर गएका थिए।

» पृष्ठ २ मा क्रमशः



● **फणिन्द्र गौतम**
सचिव, सत्य निरुपण आयोग

आयोगमा ६१ हजार उजुरी छन्। आयुक्तहरू रिक्त भएपछि प्रारम्भिक उजुरीमा छानबिनको काम मात्र भएको छ।

■ पदाधिकारी नियुक्त गर्न टिआरसी ऐनको पर्खाइ

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक संसद्मा अड्किएको छ। जसकारण सरकारले पदाधिकारी नियुक्त गर्न सकेको छैन। दुवै आयोग पाँच-पाँच सदस्यीय हुन्छन्। बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पूर्वसदस्य सुनीलरञ्जन सिंह सशस्त्र द्वन्द्वका क्रममा भएका हत्या घटना, बेपत्ताको सार्वजनिकीकरण र दोषीलाई कारबाही सिफारिसको गाँठो ऐनबाट नफुकुन्जेलसम्म नयाँ पदाधिकारी नियुक्तको अर्थ नरहने बताउँछन्। 'द्वन्द्वकालीन मानव अधिकार उल्लंघनका घटनाको अनुसन्धान, पीडितलाई क्षतिपूर्ति र पीडकलाई कारबाहीका सन्दर्भमा सर्वोच्च अदालतबाट जारी भएका आदेश ऐनमा समावेश गर्नुपर्नेछ,' उनले भने।

कानुन मन्त्रालयका सहप्रवक्ता लोकहरि बस्यालले पनि ऐन संशोधनपछि पदाधिकारी नियुक्ति गर्ने तयारी भएको बताए। 'अहिले पदाधिकारी नियुक्त गरेर पनि काम हुने देखिएन, सदनमा रहेको विधेयक चाँडो पारित होस् भन्ने पक्षमा मन्त्रालय छ,' उनले भने। ऐन संशोधन गर्न बनेको विधेयक संसद्को अघिल्लो कार्यकालमा टेबुल भएकामा कानुन समितिमा छलफलमा छ।

क्रिकेटका पूर्वकप्तान सन्दीपलाई आठ वर्ष कैद



जिल्ला अदालत काठमाडौंका न्यायाधीश शिशिरराज ढकालको इजलासले कैद सजायसँगै सन्दीपबाट तीन लाख जरिवानासहित पीडितलाई पाँच लाख क्षतिपूर्ति उपलब्ध गराउन आदेश दिएको छ

शिल्पा कर्ण/नयाँ पत्रिका

राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान सन्दीप लामिछानेलाई जबर्जस्ती करणी मुद्दामा आठ वर्ष कैद सजाय भएको छ। जिल्ला अदालत काठमाडौंले ०७९ भदौमा एक युवतीलाई होटेलमा लगेर बलात्कार गरेको ठहर गर्दै उनलाई १३ पुसमै दोषी ठहर गरेकोमा बुधबार सजाय सुनाएको हो।

न्यायाधीश शिशिरराज ढकालको इजलासले कैद सजायका साथै सन्दीपबाट तीन लाख जरिवानासहित पीडितलाई पाँच लाख रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउन आदेश दिएको हो। बलात्कार मुद्दामा पीडित १८ वर्ष उमेरमाथिको भएको अवस्थामा सातदेखि १० वर्ष कैद सजाय हुने कानुनी प्रावधान छ।

प्रहरीले बालिका भएको दाबी गरी सरकारी वकिलमार्फत अभियोजन गरेकोमा अदालतले पीडितलाई बालिका मान्न अस्वीकार गर्दै घटनाका बखत १८ वर्ष पुगिसकेको ठहर गरेकाले मागभन्दा कम सजाय भएको हो। पीडितको नाजुक आर्थिक अवस्थाको फाइदा उठाई लामिछानेले करणी गरेकाले त्यसलाई सहमतिको करणी मान्न नमिल्ने निष्कर्ष इजलासको थियो।

यसैलाई न्यायाधीश ढकालले सजाय निर्धारणका लागि पनि आधार मानेका छन्। '...पीडित परिवर्तित नाम गौशाला २६(छ) (१) ०७९/८० को उमेर, प्रतिवादी सन्दीप लामिछानेको उमेर, घटना हुँदाको अवस्था, प्रतिवादीको सामाजिक हैसियत, पीडितलाई परेको मानसिक असरसमेतलाई विचार गर्दा प्रतिवादी सन्दीप लामिछानेलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३)(ङ) बमोजिम आठ वर्ष कैद र दफा २१९(३क)(ग) बमोजिम ३,००,००० रुपैयाँ जरिवाना हुने,' सजाय निर्धारण आदेशमा भनिएको छ।

त्यस्तै, अदालतले पीडितलाई क्षतिपूर्ति भराउनसमेत आदेश दिएको छ। 'पीडितलाई पुग्न गएको मानसिक असरसमेतलाई विचार गरी दफा २२८ बमोजिम प्रतिवादीलाई भएको जरिवाना ३,००,००० रुपैयाँ र थप २,००,००० रकम क्षतिपूर्तिबापत प्रतिवादी सन्दीप लामिछानेबाट पीडित गौशाला २६(छ) (१)०७९/८० लाई भराइदिने ठहर्छ,' आदेशमा उल्लेख छ।

महानगरीय प्रहरी वृत्त गौशालामा २१ भदौमा लामिछानेले बलात्कार गरेको भन्दै किटानी जाहेरी परेको थियो। ५ भदौ ०७९ मा आफू भेट्न जाँदा नगरकोट लगेको र फर्केर काठमाडौं आउँदा एउटै कोठामा बसेको र राति जबर्जस्ती करणी गरेको दाबी पीडितको थियो।

पीडितका दाइले दिएको जाहेरीका आधारमा प्रहरीले अनुसन्धान गरेको थियो भने सरकारी वकिलको कार्यालयले १४ कात्तिक ०७९ मा जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गरेको थियो। खेलकै क्रममा विदेश रहेका लामिछाने लामो समय लुकेर त्यतै बसेका थिए। पछि नेपाल फर्किँदा उनी २० असोजमा एयरपोर्टबाटै पक्राउ परेका थिए।

जिल्ला अदालतमा थुनछेक बहसका क्रममा थुनामा पठाउने आदेश भए पनि उच्च र सर्वोच्चको आदेशबाट लामिछाने धरौटी तिरेर रिहा भएका थिए। त्यतिवेला उनी प्रहरी हिरासत र जेल गरी एक सय

» पृष्ठ २ मा क्रमशः



बम्जनको ऐयासी जीवनशैली

तीन करोड नेपाली, ३० लाख रुपैयाँबराबर विदेशी मुद्रा, दुई करोडको टोयोटा फर्च्युनर बरामद

● विस्तृत समाचार पृष्ठ ३

खुलामञ्चमा फुटबल मैदान बनाउँदै महानगर

दुईवटा फुटबल मैदानसहित पार्क बनाउन विस्तृत आयोजना प्रतिवेदन तयार, भूमिगत पार्किङको योजना पनि यथावतै रहेको महानगरको भनाइ



खुलामञ्चलाई खेलकुद मैदान बनाउनु गलत हो

● **गणपतिलाल श्रेष्ठ**, अभियन्ता

खुलामञ्चको आफ्नै इतिहास छ। यो सार्वजनिक स्थल हो। सबैका लागि, सधैँ खुला हुनुपर्छ। फुटबल नै खेलाउने हो, त्यसको तालिम नै दिने हो भने सानो टुँडिखेलमा खेलाउन सेनासँग सहजीकरण गर्नुपर्‍यो। रंगशालामा खेलाउन समन्वय गर्नुपर्‍यो। आज फुटबल मैदान बनाएर भोलि लैनचौरजस्तै सर्वसाधारणलाई निषेधजस्तो भयो भने के गर्ने ?

शान्ति तामाङ/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले अब खुलामञ्चलाई फुटबल मैदान बनाउने योजना अघि सारेको छ। दुईवटा फुटबल मैदानसहित पार्क बनाउन विस्तृत आयोजना प्रतिवेदन (डिपिआर)समेत तयार गरिसकेको थियो।

यसअघि महानगरले खुलामञ्चमा भूमिगत पार्किङ बनाउने योजना अघि सारेको थियो। त्यसका लागि

» पृष्ठ २ मा क्रमशः



तस्बिर : **सतिश पोखरेल**/नयाँ पत्रिका

■ काठमाडौं महानगरका प्रवक्ता नवीन मानन्धर भन्छन्-



खुलामञ्चमा दुईवटा फुटबल मैदानसहित पार्क बनाउन विस्तृत आयोजना प्रतिवेदन (डिपिआर)समेत तयार भइसकेको छ। हरियाली पनि हुने, सबैजना जान पनि मिल्ने गरी फुटबल मैदानसहित पार्क बनाइँदै छ। त्यहाँ फुटबलको तालिम पनि सञ्चालन गर्छौं। यसका लागि डिपिआर, डिजाइन इस्टिमेटसमेत भइसकेको छ। मैदान बनाउन चाँडै उपभोक्ता समिति गठन हुँदै छ।

हडपेको सम्पत्ति...

पृष्ठ १ बाट क्रमशः

भने, 'तर, साहुले अदालतबाट डाक लिलाम गराउने प्रयास गरिरहेका छन् ।'

पीडित पासवानका अनुसार १९ भदौ ०६८ मा छोरा जीवछलाई रोजगारीका लागि दुबई पठाउन यादवसँग एक लाख रुपैयाँ लिएका थिए । त्यसको चार वर्षपछि २२ भदौ ०७२ मा साँवा र ब्याज गरी तीन लाख ५३ हजार नौ सय ५८ रुपैयाँ तिर्नुपर्ने हिसाब साहुले सुनाएपछि पटक-पटक गरी दुई लाख ५५ हजार बुझाएको उनले बताए । साहुले एक लाख ऋण दिने वेलामै तीन दोब्बरको कपाली तमसुक बनाउनुका साथै पासवानको नाममा रहेको ईँटाटारको कित्ता नम्बर ७, २७, ८० र १४८ को १० कट्ठा ६ धुर जग्गा आफ्नो नाममा लिएका थिए ।

'साहुले मविरुद्ध तमसुक लगाएर सिराहा जिल्ला अदालतमा ०७६ सालमै लेनदेनसम्बन्धी मुद्दा चलाएका थिए,' उनले भने, 'मिटरब्याजविरुद्धको उजुरी दिएपछि भएको सहमतिबमोजिम मुद्दा फिर्ता लिने सहमति पनि थियो, तर उल्टै अदालतबाट निषेधाज्ञा ल्याएर जग्गा डाक लिलाम गराउने प्रयास गरिरहेका छन् ।'

परिवारमा श्रीमती, दुई छोरा, बुहारी, नाति-नातिनी गरी ११ जनाको हातमुख जोड्ने आधारको रूपमा रहेको जग्गा नै साहुले सहमति उल्लंघन गरी बेइमानी गरेको उनको गुनासो छ । 'सहमतिबमोजिमको रकम फिर्ता गर्न तयार छु, तर साहुले गरिरहेको षड्यन्त्रको बारेमा प्रशासनले सुनुवाइ गरिरहेको छैन,' उनले भने ।

सिराहाको गोलबजार नगरपालिका- १३ भेलहा गाउँकी ६१ वर्षीया धनेश्वरीदेवी दास पनि पासवानजस्तै मिटरब्याजपीडित हुन् । जिल्ला प्रशासन कार्यालयमा गत चैतमा भएको सहमतिबमोजिम साहुकार दास अर्नमा गाउँपालिका- ३ का रामसेवक यादवलाई चार लाख ५० हजार रुपैयाँ तिर्ने र साहुले दृष्टिबन्धक राखेको अढाई कट्ठा जग्गा पाउने अपेक्षामा उनी थिइन् । तर, साहुकार यादवले आफ्नी श्रीमती दौलतदेवी यादवको नाममा रजिस्ट्रेसन गराएको उक्त जग्गा अर्कैलाई बेचिदिएपछि धनेश्वरीदेवी बेचैन छिन् ।

छोरालाई साउदी अरब पठाउन साहुकार यादवसँग अढाई लाख लिएकी उनले छोराले कमाएर रकम पठाउन थालेपछि दुई वर्ष नबित्दै डेढ लाख फिर्ता गरेको बताइन् । 'बाँकीको साँवाब्याजसहित चुक्ता गरेपछि जग्गा फिर्ता गर्छु भनेका साहुकार यादवले जिल्ला प्रशासनमा सहमति गरेलगत्तै अदालतबाट निषेधाज्ञा ल्याएर जग्गा अर्कैलाई बेचिदिएछन्,' उनले भनिन्, 'साहुले बेचेको अढाई कट्ठाको फूलबारीसहितको जग्गा तेस्रो व्यक्तिको हातमा पुगिसकेको छ । तेस्रो व्यक्तिको हातमा पुगिसकेको उक्त जग्गाका लागि जिल्ला प्रशासनमै कैयौँपटक धाइसकेकी छु, तर न साहुले सहमति भएको साढे चार लाख रुपैयाँ बुझे, न त जग्गा नै पाएँ ।' साहुकार यादवले आफूले लिएको एक लाख रुपैयाँको ६ वर्षमा ब्याजसहित १२ लाख रुपैयाँ तिरेपछि मात्र तमसुक च्यात्छु भन्दै उल्टै मानसिक दबाब दिइरहेको गुनासो गरिन् ।

धनेश्वरीका अनुसार जिल्ला प्रशासनमा सहमति भएपछि साहुले उक्त जग्गा शत्रुधन यादवलाई बेचेको र उनले आफ्नी सालीलाई एवं सालीले बहुरी केवटलाई बेचेको बताइन् । 'प्रहरीको सहयोगमा बल्लतल्ल धानबाली लगाएर भित्र्याएँ । धान भित्र्याएपछि बहुरीले जबर्जस्ती मसुरो छरेको छ । अहिले त बहुरीले जग्गा छेउछाउ पनि जान दिँदैन, गालीगलौज गर्दै कुटपिट गर्न आउँछ,' उनले गुनासो गरिन् । यसअघि धानमा पानी लगाउने समयमा केवटले विद्युतीय मोटर र तार खोसेर फालिदिएको उनले बताइन् ।

सर्लाहीको हरिपुर नगरपालिका- ५, लक्ष्मीपुरकी अमरुल खातुनको कथा पनि उस्तै छ । साहुकार मलंगवा- ४ का रामस्वरूप रायसँग लिएको तीन लाख ऋणले उनको आठ कट्ठा खेत र घरसहित साढे आठ धुर घडेरी गुमेको छ । तीन लाख ऋणको साँवा ब्याजबापत पटक-पटक गरी चार लाख ७८ हजार बुझाइसकेकी उनको धितोबापतको जग्गा भने साहुकार रायले बेचिदिएका छन् ।

जिल्ला प्रशासन कार्यालयमा साहुकारविरुद्ध उजुरी दिएपछि गत २ असारमा जग्गा फिर्ताको सहमति पनि भएको थियो । जसअनुसार साहुकार रायले पीडितलाई तीन कट्ठा जग्गा, साढे ८ धुर घरसहितको घडेरी र एक लाख नगद फिर्ता गर्ने सहमति भएको थियो । सहमतिअनुसार १० असारसम्म घरखेत पाउने सहमति भए पनि अहिलेसम्म कार्यान्वयन भएको छैन । बरु साहुकारले अदालतबाट मुद्दा जितेर जग्गा लिलाम बिक्री गरेको चुनौती दिँदै आएका छन् । न्याय मान्न जाँदा अमरुलले उल्टै साहुबाट कुटाइ खानुपऱ्यो । जिल्ला प्रशासनले ११ पुसमा अमरुल र साहु रामस्वरुपलाई बोलाएको थियो । तर, 'ममाथि तिमीहरू लागिपऱ्यौ, म त्यत्तिकै छाड्दिनँ भन्दै रामस्वरूपले अमरुललाई मुक्का हाने । लछारपछार गरे । 'न्याय माग्दा कुटाइ खाइने रहेछ,' उनले भनिन् ।

सर्लाहीकै मलंगवा नगरपालिका- ४ का हबिब साह फकिरले मिटरब्याजी साहुकार जाबिर अलि धोबीबाट ६ महिनाअघि नै ३० लाख रुपैयाँ फिर्ता पाउनुपर्ने थियो । अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी छानबिन समितिले गत असारमा दुवै पक्षलाई राखेर सहमति गराएको थियो । ऋणी फकिरले साँवाब्याजसहित दुई लाख ७५ हजार धोबीलाई तिर्नुपर्ने र साहु धोबीले धरौटी घडेरी बिक्री गरेको ३४ लाख ८५ हजारबाट ३२ साउन ०८० भित्र ३० लाख फिर्ता गर्नुपर्ने । तर, साहुकार धोबीले पैसा फिर्ता गर्नु त परैको कुरा, सम्पर्कमै आएका छैनन् । सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको अनुचित लेनदेन (मिटरब्याज) सहयोगी कार्यदलले पनि पैसा फिर्ता गराउन कुनै पहल गरेको छैन ।

'गुनासो पोख्न जिल्ला प्रशासन कार्यालय पुग्दा पनि गेटमा बसेका सुरक्षाकर्मीले भित्र जान दिँदैनन्,' उनले भने । दैनिक ज्याला, मजदुरी गरेर चारजनाको परिवार पालिरहेका फकिरले गर्जो टार्न ६ फागुन ०५६ मा धोबीसँग ४० हजार ऋण लिएका थिए । तर, साहुले जग्गा बन्धकी मागेपछि फिर्ता गर्ने सर्तमा फकिरले आफ्नो सम्पत्तिको नाममा रहेको मलंगवा नगरपालिका- ९(क) को कित्ता नम्बर १२९६ को १० धुर घडेरी रजिस्ट्रेसन पास गरिदिएका थिए । नियमतः धितो सम्पत्ति दृष्टिबन्धक गरेर रोक्का राख्ने गरिए पनि तराई-मधेशमा साहुहरूले झुक्यानमा पारेर रजिस्ट्रेसन गराउने गरेका छन् । घडेरी रजिस्ट्रेसन गरिदिँदा साहुले यतिसम्म बदमासी गर्लान् भनेर नसोचेको फकिरले सुनाए । तर, साहु धोबीले जानकारी नै नदिई घडेरी बेचिदिएपछि दुई नाबालकसहित फकिर परिवारको उठीवास लागेको छ । उनी कोठाभाडामा लिएर बसिरहेका छन् ।

उनले गत २० वैशाखमा जिल्ला प्रशासनमा पुगेर निवेदन दिएका थिए । सोही आधारमा प्रशासनले दुवै पक्षलाई छलफलमा राखेर सहमति गराएको थियो । सहमति फारामअनुसार ऋणी फकिरले साहु धोबीसँग ६ असोज ०५९ मा ८८ हजार ५ सय ७६ रुपैयाँ ऋण लिएको उल्लेख छ । धोबीले १९ फागुन ०६५ मा दृष्टिबन्धक राखेको फकिरको १० धुर घडेरी अर्का व्यक्तिलाई ३४ लाख ८५ हजारमा बिक्री गरिदिएको उल्लेख छ । सोही आधारमा ऋणी फकिरले साँवा र ब्याजसहित दुई लाख ७५ हजार धोबीलाई तिर्नुपर्ने र साहु धोबीले धरौटी घडेरी बिक्री गरेको ३४ लाख ८५ हजारबाट ३० लाख फिर्ता गर्नुपर्ने सहमति भएको थियो ।

देशभर २३ हजार ५५२ उजुरी, ५ हजार १८८ मा मिलापत्र

मिटरब्याजका नाममा साहुकारबाट हजारौँ ऋणी ठगिएको गुनासा आएपछि सरकारले २० वैशाख ०७९ मा पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा तीनसदस्यीय अनुचित लेनदेन (मिटरब्याज) जाँचबुझ आयोग गठन गरेको थियो । आयोगले प्रत्येक जिल्लामा मिटरब्याजसम्बन्धी उजुरी बुझ्न, छानबिन गर्न र दुई पक्ष (साहु र ऋणी)लाई उपस्थित गराएर न्याय दिलाउन सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा कार्यदल बनाएको थियो ।

१७ वैशाखदेखि उजुरी आह्वान भएकामा ३९ जिल्लाबाट २३ हजार उजुरी संकलन भएकामा ९० प्रतिशतभन्दा धेरै मधेशका आठ जिल्लाका मात्रै छन् । ती आठ जिल्लामा मात्रै २१ हजार ५५२ उजुरी परेका थिए । कुल उजुरीमध्ये पाँच हजार १८८ मा मिलापत्र भएको छ । जसमा साहु र पीडितबीच कुल पाँच अर्ब ५७ करोड १९ लाख रुपैयाँको लिखत कारोबार भएको प्रतिवेदनमा उल्लेख छ । यो प्रतिवेदन आयोगले गत मंसिरमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई बुझाइसकेको छ ।

साहुकारहरूले ७ अर्ब ६२ करोड ८० लाख रुपैयाँ असुल हुन बाँकी रहेको दाबी गरेका थिए । तर, त्यसमध्ये कुल एक अर्ब ७२ करोड ८६ लाख रुपैयाँको कारोबार दुवै पक्षबीचको सहमतिमा टुंगिएको छ । साहुहरूले बाँकी छ भनेर माग गरेको सात अर्ब ६२ करोड ८० लाख रुपैयाँ घटेर पाँच अर्ब ८९ करोड ९३ लाख रुपैयाँ देखिएको प्रतिवेदनमा उल्लेख छ । यस अवधिमा २१८ बिघा १० कट्ठा ०७ धुर जग्गा (९७९३ कित्ता) साहुबाट पीडितलाई फिर्ता गराइएको प्रतिवेदनमा उल्लेख छ । तर, सहमतिअनुसार कार्यान्वयन भएका गुनासा बढ्न थालेका छन् ।

कतिपय ऋणीहरू...

पृष्ठ १ बाट क्रमशः

महिना बितिसक्यो । तर, साहुसँग छलफल भएको छैन । सर्लाहीमा मात्रै मिटरब्याजसम्बन्धी दुई हजार तीन सय १८ उजुरी परेका छन् । तर, अहिलेसम्म ६ सय १९ उजुरीमा मात्र साहुकार र पीडितबीच सहमति भएको छ । एक हजार पाँच सय ५४ उजुरीमा छलफल मात्र भएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेका अनुसार ५४ करोड ३३ लाख दुई हजार ७३६ रुपैयाँ मागदाबी भएकोमा छलफलबाट ब्याजसहित २३ करोड १८ लाख ५४ हजार ९७४ रुपैयाँमा सहमति गराइएको छानबिन समितिको तथ्यांक छ । समितिले साहुकारबाट पीडितलाई २० बिघा २० कट्ठा, १७ धुर जग्गासमेत फिर्ता सहमति गराएको छ ।

छलफलबाट भएको सहमतिको कार्यान्वयन र अटेरीबारे यकिन तथ्यांक नभएको सर्लाहीको अनुचित लेनदेन (मिटरब्याज) कार्यदल संयोजक एवं सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरे बताए । कतिपय साहुहरू बहाना बनाएर उपस्थित नहुने र पीडितले मात्र दुःख पाउने गरेको उनको भनाइ छ । 'हामीले पहिलो चरणमा छलफल र त्यसपछि सहमतिलाई प्राथमिकता दिइरहेका हौँ,' घिमिरेले भने, 'तर, केही सहमति कार्यान्वयनमा गएका छैनन् । तत्काल कार्यान्वयनमा लैजानुपर्नेजस्ता मुद्दाको विषयमा हामी तत्काल काम गर्ने तयारीमा छौँ ।'

मिटरब्याज संघर्ष समितिकी अध्यक्ष एवं मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समिति अध्यक्ष रुक्मनी चौधरी स्पष्ट कानुन नहुँदा समस्या भएको बताउँछिन् । 'सुरु-सुरुमा साहुहरू डरले छलफलमा आउँथे । अहिले आउन छाडेका छन्,' उनले भनिन्, 'सरकारले स्पष्ट कानुन नदिएकाले प्रहरीले प्रक्रिया पुगेन भन्ने, प्रशासन कार्यालयले पनि पक्राउको सट्टा उपस्थितिका लागि चिठी काट्ने, साहुहरू सुरक्षा निकायका प्रमुखसँग कुरा गरिसकेको छु भन्नेजस्ता जवाफ फर्काउने गरेकाले पीडितले न्याय पाउन नसकेका हुन् ।'

पदाधिकारीविहीन...

पृष्ठ १ बाट क्रमशः

सरकारले त्यसपछि बाधा अड्काउ फुकाउमार्फत २८ असोज ०७९ को निर्णयबाट ०८० असार मसान्तसम्म थप गऱ्यो । १९ असारको मन्त्रिपरिषद् बैठकले फेरि बाधा अड्काउ फुकाउमार्फत दुवै आयोगको म्याद पुस मसान्तसम्मका लागि थपेको थियो । म्याद सकिन ६ दिनअघि २४ पुसको मन्त्रिपरिषद्ले आयोगको म्याद असार मसान्त ०८१ सम्म लम्ब्याएको हो ।

संक्रमणकालीन न्यायका विषय दुई वर्षभित्र टुंग्याउने गरी नौ वर्षअघि गठन भएका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग पछिल्लो १८ महिनादेखि सचिवको भरमा चलिरहेका छन् । अहिले दुवै आयोग पदाधिकारीविहीन हुँदा अनुसन्धान, सरकारलाई सिफारिस, परिपूरण र राहतको काम रोकिएको छ ।

द्वन्द्वकालीन मानव अधिकार उल्लंघनका घटनाको अनुसन्धान, पीडितलाई क्षतिपूर्ति र पीडकलाई कारबाहीका लागि आयोग गठन भएका हुन्, तर कार्यादेशअनुसारको कार्यसम्पादन गर्न सकेका छैनन् ।

सत्य निरूपण आयोगका सचिव फणिन्द्र गौतमले सचिवालयलाई खासै अधिकार नरहेको बताए । '६१ हजार उजुरी छन् । आयुक्तहरू रिक्त भएपछि प्रारम्भिक उजुरीमा छानबिनको काम मात्र भएको छ,' गौतमले भने । त्यही भएर अहिले आयोगमा छानबिन/अनुसन्धान, सरकारलाई गर्ने सिफारिस, परिपूरण र राहतका काम प्रभावित भएका छन् । दुवै आयोग अहिले अन्तर्क्रिया, अभिमुखीकरण, बयान, प्रशिक्षण र विद्यार्थीसँग छलफल गरेर समय बिताइरहेका छन् ।

खुलामञ्चमा...

पृष्ठ १ बाट क्रमशः

कार्यपालिका बैठकमा सहमति पनि जुटाएको थियो । तर, सर्वत्र विरोध भएपछि तत्कालका लागि पछि हटेको थियो । त्यसपछि पार्क बनाउने भन्दै महानगरले खुलामञ्चमा ताला लगाउँदै आएको छ ।

अब भने फुटबल मैदानका रूपमा सघैँका लागि खुलामञ्च खोल्ने योजना बनाएको छ । त्यहाँ पार्क पनि हुनेछ । महानगरका प्रवक्ता नवीन मानन्धरका अनुसार खुलामञ्चमा तालिम दिन मिल्ने गरी दुबो कार्पेटसहित दुईवटा फुटबल मैदान बनाइनेछन् । 'हरियाली पनि हुने, सबैजना जान पनि मिल्ने गरी फुटबल मैदानसहित पार्क बनाइँदै छ । त्यहाँ फुटबलको तालिम पनि सञ्चालन गर्छौं,' उनले भने, 'यसका लागि डिपिआर, डिजाइन इस्टिमेटसमेत भइसकेको छ । मैदान बनाउन चाँडै उपभोक्ता समिति गठन हुँदै छ ।'

खुलामञ्च फुटबल मैदानमा परिणत हुन लागेपछि सम्पदा अभियन्ताहरूले भने आपत्ति जनाएका छन् । इतिहास बोकेको खुलामञ्चलाई पूर्ण रूपमा खेलकुद मैदान बनाउन नहुने उनीहरूको भनाइ छ । अभियन्ता गणपतिलाल श्रेष्ठले खेलकुदकै रूपमा खुलामञ्चलाई विस्तार गरिनुभन्दा समन्वय गरेर सानो टुँडिखेल वा रंगशालालाई प्रयोग गर्न सकिने बताए ।

गत २९ कात्तिकमा बसेको महानगरको १०औँ कार्यपालिका बैठकले खुलामञ्चमा ट्रिपल बेसमेन्ट पार्किङ र पानी पुनर्भरण पिटको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने निर्णय गरेको थियो । अव्यवस्थित पार्किङको समस्या समाधान गर्न पार्किङस्थल निर्माण गर्न डिपिआर बनाउने निर्णय गरेको थियो । यसअघि खुलामञ्चमा ६ वर्ष बसपार्क पनि बनाइएको थियो । ०७३ वैशाखमा काठमाडौं भ्युटावरको अन्टरग्राउन्ड पार्किङ निर्माण गर्ने भन्दै त्यहाँ रहेको पुरानो बसपार्कलाई ६ महिनाका लागि खुलामञ्चमा सारिएको थियो । तर, भ्युटावर निर्माणले गति लिन सकेन । ६ वर्षपछि ०७८ वैशाखमा महानगरले खुलामञ्चबाट बसपार्क हटाएको थियो ।

क्रिकेटका...

पृष्ठ १ बाट क्रमशः

दिन थुनामा बसेका थिए । जिल्ला अदालतले फैसला गर्दै पीडितलाई लिई लामिछाने नगरकोटस्थित रिसोर्ट गएको देखिएको तथा काठमाडौं फर्की एउटै कोठामा बसेको र करणी भएको पुष्टि गरेको थियो । सिसिटिभी फुटेज तथा घटना हुँदाको दिनको क्रियाकलापको घटनाक्रमसमेतलाई ध्यान दिइएको इजलासको ठहर छ ।

आठ वर्ष कैद सजाय भए पनि लामिछाने यसअघि धरौटीमा छुटेकाले तत्काल जेल भने बस्नुपर्ने छैन । १० वर्षभन्दा कम सजाय हुने मुद्दाका अभियुक्त थुनाबाहिरै बसेर उच्चमा पुनरावेदन गर्न पाउने सुविधा कानुनमा छ । यद्यपि, त्यसका लागि अदालतले अनुमति भने दिनुपर्ने हुन्छ । सन्दीपका कानुन व्यवसायीले जिल्ला अदालतको आदेशविरुद्ध उच्च जाने बताएका छन् ।

Suryodaya Municipality
Office of the Municipal Executive
Fikkal, Ilam

Invitation for Bid

First date of publication: 11th of January, 2024 (26th of Poush, 2080)

1. The Suryodaya Municipality, Office of the Municipal Executive has allocated funds towards the cost for construction/supply as indicated in details of work below. Bidding is open to all eligible Nepalese bidders.

Detials of Work/Supply

S. No.	Contract Identification No.:	Name of Project :	Estimated Amount (Excluding VAT and Contingencies) NRs.:	Bid Security Amount NRs.:	Bid Document Fee NRs.:
1	SUMO/ILAM/NCB/ SUPPLY32-080/081	Supply and Delivery of Medicine and Surgical Items		104,000.00	3,000.00
2	SUMO/ILAM/NCB/ SUPPLY33-080/081	Chaff Cutter Machine Supplying Work		137,000.00	3,000.00

2. Eligible bidders can participate in this bidding and may obtain further information and inspect the Bidding Documents through PPMO website www.bolpatra.gov.np/egp. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Officer

Government of Nepal (GoN)
Ministry of Forests and Environment (MoFE)
Building a Resilient Churia Region in Nepal (BRCRN)
Provincial Project Management Unit (PPMU)
Koshi Province, Itahari

Notice for Standing List Support FUGs to develop, revise and deliver climate resilient Forest Management Operational Plans (FMOPs) of Koshi Province

Date of Publication: 11 January 2024

The GoN, MoFE have received a grant from the Green Climate Fund (GCF) toward the cost of BRCRN. To expedite the project activities, the Provincial Project Management Unit (PPMU), Koshi Province, Itahari invites the interested and eligible consulting firm to enlist in the standing list as per the provisions made in the Public Procurement Act, 2063, Clause 6(a) and Public Procurement Regulation, 2064, Rule 18. For details information visit **www.brcrn.gov.np.**

All interested and eligible firms are requested to submit their applications along with the following documents by hand or email *ppmu.province1@brcrn.gov.np* and or *brcrnppmukoshi@gmail.com* to get enlisted in the standing list on or before January 25, 2024, during office hours. BRCRN, PPMU Itahari, shall prepare the enlistment list based on their prior experience in the related field and will issue the request for proposal (RFP) document as per Public Procurement Regulation, 2008, Rule No. 72.

Cluster and Assignments Details:

S. N.	Assignment Name	Cluster	River system within Cluster	Minimum Requirement for Standing List
1	Preparation of Forest Management Operational Plans (FMOPs) of 13 FMOPs at Ilam District	Illam	Mechi, Biring, Kankai and Ratuwa River System	• Application letter clearly stating the assignment name and cluster. • PAN/VAT Registration document. • Tax Clearance document for F/y 2079/080 • Summary of firm's specific experience within last 7 years in the provided format.
2	Preparation of Forest Management Operational Plans (FMOPs) of 8 FMOPs at Jhapa District	Jhapa	Mechi, Biring and Ratuwa River System	
3	Preparation of Forest Management Operational Plans (FMOPs) of 10 FMOPs at Morang District	Morang	Bakraha and Lohandra River system	
4	Preparation of Forest Management Operational Plans (FMOPs) of 9 FMOPs at Sunsari District	Sunsari	Budhi, Patnali and Kokha River system	
5	Preparation of Forest Management Operational Plans (FMOPs) of 10 FMOPs at (Gaighat),Udaipur District	Gaighat	Sunkoshi and Gideri River system	
6	Preparation of Forest Management Operational Plans (FMOPs) of 13 FMOPs at (Katari & Gaighat) Udaipur District	Katari & Gaighat	Tawa North-South, Andheri-Baruwa-Dwar River System	

Note: In the event that consulting firms are interested in enlisting for more than one cluster under this notice, they are requested to submit a separate application stating the assignment name and cluster.

सार्वजनिक सूचना



नुवाकोट जिल्ला साविक वर्सुन्चेत गा.वि.स.-२ हाल म्यागङ गा.पा. वडा नं. १ बस्ने भारतीय सेनाको भू.पू. सैनिक छवि लाल घले (नं.5739970 L/LK CHHABI LAL GHALE 3/8 GR)को पेन्सन पट्टामा शेषपछि इच्छाइएको व्यक्ति श्रीमतीको नाम थरमा सुन कुमारी घले लेखिएको र निजको नेपाली नागरिकताको प्रमाणपत्रमा मारजिङ्ग घलेनी(ना.प्र.नं. ६७४५) भएता पनि दुवै नाम र थर भएको व्यक्ति फरक फरक नभै एकै व्यक्ति भएको व्यहोरा प्रमाणीकरणको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

माइग्रेसन सर्टिफिकेट हराएो

मिति २०८०/९/१० गते आरुबारीदेखि चार्वाहिल चोकसम्म जाँदा मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : आयुषा सिंह ठकुरी
ठेगाना : आरुबारी, जोरपाटी, गो.न.पा
Reg.No : 783274760001
Symbol No.: 27903088
Contact : 9761704442

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
वीर अस्पताल
महाबौद्ध, काठमाडौं

Online खरिदको लागी सूचि दर्ता गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८०/०९/२६

यस चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालमा सार्वजनिक खरिद नियमावली (संशोधन सहित) २०६४ को नियम ८५ बमोजिम परामर्श सेवा तर्फ रू.५ लाख तथा सामान खरिद र निर्माण तर्फ रू.१० लाखसम्मको सोझै खरिद गर्न सकिने सेवा तथा सामान खरिद गर्ने कार्य अवदेखी रू.५० हजार भन्दा बढीको खरिद **Online** को माध्यमबाट प्रतिस्पर्धा गराई खरिद गर्न लागिएको हुँदा ईच्छुक परामर्श सेवादाता, सम्पूर्ण सामान आपूर्तिकर्ता (स्वास्थ्य सामाग्री समेत) र निर्माण व्यावसायीहरूले अनिवार्य रूपमा नियमानुसार सूचिदर्ताको लागि आवश्यक पर्ने कागजात तथा **e-mail** ठेगाना सहितको यस अस्पतालको **website http://namsbh.bolpatra.org** मार्फत सूचि दर्ता गराउनु हुन र सूचि दर्ता भएका सप्लायर्सहरूले **Online** बाहेक हार्डकपिबाट समेत सिलवन्दी दररेट पेश गर्न सकिने व्यहोरा जानकारी गराइन्छ । यस सम्बन्धी थप जानकारीको लागि वीर अस्पतालको आर्थिक प्रशासन शाखा तथा खरिद इकाईमा सम्पर्क राख्न सकिने छ ।

नेपाल लायन बहुउद्देश्यीय सहकारी संस्था लि. को ऋणीको धितो सुरक्षणमा रहेको चल अचल सम्पति लिलाम बिक्री गर्न सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

यस संस्थाका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जा रकमको म्याद भित्र तिर्नुपर्ने बाँकी रहेको साँवा ब्याज रकम नबुझाई कर्जाको कबुलियत उल्लंघन गर्नुका साथै कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाएको हुँदा यो सूचना अन्तिम पटक प्रकाशित गरिएको छ । यो सूचना बमोजिम ३५ दिन भित्र चुक्ता नभएमा कर्जाहरूको यस संस्थामा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरूबाट आफूले के कति दरमा लिने हो सो रकम उल्लेख गरी सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ । बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार संस्थामा निहित रहेनेछ । साथै यो सूचना बमोजिम लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति संस्था आफैले सकारी लिने व्यहोरा समेत जानकारी गराइन्छ ।

ऋणीको नाम थर वतन तीनपुस्ते नामावली	ठेगाना	धितोको ठेगाना	कित्ता नं.	क्षेत्रफल
१) प्रेम लामा बाजेः नर ब. लामा बुबाः लाल सिं लामा	दोरम्बा, रामेछाप, वडा नं. ७	का.म.न.पा. सहरी ड २९	४३३, ४४० र ४९	०-९-०-३
२) दुर्गा मानन्धर लामा ससुराः लाल सिं लामा बुबाः कृष्ण ब. मानन्धर	का.म.न.पा. वडा नं. १२ काठमाडौं			
३) प्रशा लामा बाजेः लाल सिं लामा बुबाः प्रेम लामा	दोरम्बा, रामेछाप, वडा नं. ७			
४) अजय राउत बाजेः ईन्द्रमान राउत बुबाः रामेश्वर राउत	का.म.न.पा. त्रिपुरेश्वर ११	का.जि. चाल्लाखेल वडा नं. ७ क	४५	०-५-०-०
५) सुरेन्द्र श्रेष्ठ बाजेः शंकरलाल श्रेष्ठ बुबाः कृष्ण प्रसाद श्रेष्ठ	का.म.न.पा. २९ ठमेल	का.म.न.पा. सहरी ग २९ ठमेल	२२२९	०-३-०-०

नेपाल लायन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ५३५१२०९, ४१०१००१

■ फर्जी लाइसेन्समाथि अख्तियारको छानबिन

यातायात व्यवस्था विभागबाट कागजात नियन्त्रणमा

नयाँ पत्रिका

लिखित परीक्षा र ट्रायलविनै एक लाख दुई हजार सवारी लाइसेन्स जारी गरिएको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन अघि बढाएको छ। बुधबार यातायात व्यवस्था विभागबाट अख्तियारले फर्जी लाइसेन्सका कागजात लगेको छ।

छानबिनको नेतृत्व गरेका अनुसन्धान अधिकृतसहितको टोली विभाग पुगेर कागजात लगेको हो। केही समयअघिदेखि नै अख्तियारले यस सम्बन्धमा छानबिन गरिरहेको स्रोतले बतायो। विभागले गरेको आन्तरिक छानबिनले विषयलाई थप उजागर गरिदिएपछि अख्तियारले अनुसन्धानलाई तीव्र बनाएको छ।

'सवारी लाइसेन्सको काम कसरी भइरहेको छ, कसरी सुधार गर्ने र अघि बढ्न सकिन्छ भन्नेलगायतका विषयमा अख्तियारको टोलीले चासो राखेको थियो,' विभागका महानिर्देशक उद्धवप्रसाद रिजालले भने, 'अनुसन्धानका लागि विभागले गरेको छानबिनको कागजात पनि मान्नुभएको थियो।' विभागले लाइसेन्सका सम्बन्धमा देखिएका समस्या पनि अख्तियारलाई जानकारी गराएको छ।



विभागले गरेको छानबिन प्रतिवेदन पनि अख्तियारलाई बुझाएको छ। एक महिनाअघि विभागले सूचना प्रविधि शाखा प्रमुख उपसचिव मुकेश रेग्मीको संयोजकत्वमा विभागकै शाखा अधिकृत अर्जुन अधिकारी, आइटी इन्जिनियर बोधराज बराल र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का डिएसपी तपनकुमार दाहाल सदस्य रहने गरी छानबिन समिति गठन गरेको थियो। समितिले गत शुक्रबार महानिर्देशक रिजाललाई प्रतिवेदन बुझाएको थियो।

अख्तियारको निर्देशनपछि अहिले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पनि फर्जी लाइसेन्सका सम्बन्धमा छुट्टै छानबिन गरिरहेको छ। लाइसेन्सबारे उजुरी परेपछि अख्तियारले मन्त्रालयलाई यस विषयमा छानबिन गरी प्रतिवेदन पेस गर्न पत्राचार गरेको थियो। अख्तियारकै पत्राचारका आधारमा मन्त्रालयले तीनसदस्यीय समिति गठन गरेको थियो।

मन्त्रालयले पुसको दोस्रो साता सिडिई सुरेश श्रेष्ठको संयोजकत्वमा शाखा अधिकृत कमल पन्थी र कम्प्युटर इन्जिनियर दिनेश अधिकारी सम्मिलित समिति गठन गरेको छ। समितिले मन्त्रालयलाई प्रतिवेदन बुझाउने अन्तिम तयारी गरेको छ।

बम्जनको ऐयासी जीवनशैली

तीन करोड नेपाली, ३० लाख रुपैयाँबराबर विदेशी मुद्रा, दुई करोडको टोयोटा फर्च्युनर गाडी बरामद

टेकराज थामी/नयाँ पत्रिका

दुई दशकअघि बाराको निजगढस्थित जंगलमा तपस्वी बन्दा रामबहादुर बम्जनसँग शरीरमा बेरिएको सेतो रङको मैलो धोतीबाहेक केही थिएन। तर, अहिले उनीसँग काठमाडौंमा सुविधासम्पन्न निजी घर छ। आउजाउका लागि विलासी गाडी छ। मोटरसाइकल छन्। घरभित्रै जिमखाना छ। मेडिटेसन गर्ने छुट्टै हल छ। घर कम्पाउन्डमा सिसिक्यामेरा जडान छन्। अत्याधुनिक आइपड मात्र होइन, चाहेको वेला संसारसँग जोडिन सक्ने अत्याधुनिक मोबाइल डिभाइस छन्।

सांसारिक मोहबाट मुक्त उनीसँग श्रीमती, नौ वर्षका छोरा र दुई वर्षकी छोरी छन्। 'लिटिल बुद्ध' उपनामले चर्चित बारा निजगढ नगरपालिका- १२ रतनपुरीका ३४ वर्षीय बम्जनको विलासीपूर्ण जीवनशैली देखेर जो-कोही चकित पर्छन्।

मंगलबार राति नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को टोली बुढानीलकण्ठ नगरपालिका- ६ टनगाउँस्थित उनको निजी निवास पुग्दा बम्जन नीलो रङको नाइट गाउनमा थिए। सुत्ने तर्खरमा रहेका उनले प्रहरी टोली घर कम्पाउन्डभित्र छिरेको भेउ नै पाउन सकेनन्। जब घरको मूलढोकामा राखिएको घन्टी बजाएर प्रहरी भित्र छिऱ्यो, बम्जन चकित परे। उनी नाइट गाउनमै घरको बार्दलीमा पुगे। र, भाग्न भन्दै चौथो तलाबाट भुइँमा हामफाले। पाँच वर्षदेखि प्रहरीको खोजीमा रहेका बम्जन बल्ल पक्राउ परे। 'बम्जन काठमाडौंमा रहेको सूचना थियो। हामीले गोप्य रूपमा उनलाई पछ्याइरहेका थियौं। मंगलबार उनी घरमै रहेको पक्का भएपछि हाम्रो टोली पुग्यो। हामी पुग्दा छतबाट हामफालेर भाग्न खोजे, यही क्रममा उनी पक्राउ परे,' सिआइबी प्रमुख एआइजी किरण बज्राचार्यले भनिन्।

बम्जन पक्राउ परेपछि प्रहरीले उनको घर खानतलासी लियो। घरको कोठामा भेटियो- नेपाली र विदेशी हजार र पाँच सय दरका नोटका गड्डी। एकत्रित गरी गन्दा गड्डीमा नेपाली तीन करोड तीन लाख ७५ हजार पाँच सय रुपैयाँ र विभिन्न १७ मुलुकका ३० लाख ९२ हजार चार सय ६ रुपैयाँबराबरको विदेशी मुद्रा भेटियो। प्रहरीका अनुसार उनले उक्त रकम ल्यान्डक्रुजर जेटएक्स गाडी खरिद गर्न जम्मा गरेका थिए। पाँच करोड मूल्य पर्ने गाडी खरिद गर्न तीन करोड रुपैयाँ अग्रिम भुक्तानी गरिसकेका थिए। ललितपुर महानगरपालिका- २२ बुङमतीका ४५ वर्षीय बौद्ध श्रवन धर्म संघका अध्यक्ष पनित महर्जनको नाममा खरिद गर्न लागिएको गाडी धुम्बराहीस्थित युनाइटेड ट्रेडर्स सिन्डिकेटको सो-रुमको हो।

'उनको घर खानतलासी गर्दा नेपाली रुपैयाँ तीन करोड तीन लाख ७५ हजार पाँच रुपैयाँ र विभिन्न १७ मुलुकका ३० लाख ९२ हजार चार सय ६ रुपैयाँबराबरको विदेशी मुद्रा भेटियो। त्यसबाहेक मोटरसाइकल, पेनड्राइभ, भ्वाइस रेकर्डर, ल्यापटप, मोबाइल, आइप्याडलगायत सामग्री बरामद भएका छन्। योसँगै उनले थप नयाँ गाडी पनि खरिद गर्ने योजनामा रहेको देखिन्छ,' सिआइबीका एसएसपी दिनेश आचार्यले भने।



मंगलबार राति बुढानीलकण्ठ नगरपालिका- ६ टनगाउँस्थित निजी निवासबाट पक्राउ गरिएका रामबहादुर बम्जनलाई बुधबार सार्वजनिक गर्दै केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को टोली। **तस्बिर : संजित परियार/नयाँ पत्रिका**

बम्जनले भने- विदेशी शक्ति लागे



कक्षा ५ सम्म पढेका बम्जनसँग सम्मोहन गर्न सक्ने विलक्षण क्षमता छ। पक्राउपछि प्रहरीले उनीसँग सोधपुछ गरेको थियो। प्रहरीले यसक्रममा आश्रममा भएको बलात्कार, अनुयायी बेपत्ताजस्ता गम्भीर अपराधबारे केरकार गरेको थियो। उनले बयानमा घटनाको सहजै इन्कार गरेका थिए। 'कसैलाई बलात्कार गरेको छैन। यौन दुराचार गरेको आरोप सरासर गलत हो। मेरो आश्रममा कोही बेपत्ता भएका छैनन्। यहाँले बेपत्ता भएका जसको नाम लिनुभयो, उनीहरूको जिम्मा म कसरी लिन सक्छु ? संसारमा दैनिक हजारौं मान्छे बेपत्ता भएका होलान्, ती सबैको जिम्मा म लिन सक्छु ?' उनको प्रतिप्रश्न थियो।

सोधपुछका क्रममा निर्धक्क देखिएका बम्जनले आफूलाई प्रहरीले खोजिरहेको थाहा नै नभएको बताए। 'प्रहरीले खोजिरहेको छ भन्नेबारे थाहै थिएन। थाहा पाएको भए यहाँ हुन्न थिएँ। भागिसकेको हुन्थ्यें,' उनले भने। आफ्नो पछि विधर्मी विदेशी शक्ति लागेको प्रसंग पनि उनले बयानका क्रममा उप्काए। विदेशी शक्ति आफूलाई बदनाम गराउन लागिपरेको उनको दाबी थियो। 'म तपस्वी हुँ। मेरा पछि विधर्मी विदेशी शक्ति लागिपरेका छन्। उनीहरू मलाई बदनाम गराउन चाहन्छन्। ममाथि लागेका विभिन्न आरोप यसैका उदाहरण हुन्,' उनले भने। आफूलाई पक्राउ गरेको सम्बन्धमा भने उनले प्रहरीलाई धन्यवाद दिए। पक्राउपछि आफ्नो कुरा राख्न पाएको भन्दै उनले खुसी व्यक्त गरेका थिए।

पाँच करोड मूल्य पर्ने ल्यान्डक्रुजर जेटएक्स गाडी खरिद गर्ने तयारीमा रहेका बम्जनले तीन करोड रुपैयाँ अग्रिम भुक्तानी गरिसकेको पाइएको छ

■ बम्जनविरुद्ध चार अनुयायी बेपत्ता अभियोग

बम्जन निजगढसहित सिन्धुली र सिन्धुपाल्चोकको जंगलमा पनि आश्रम बनाई बस्दै आएका थिए। सिन्धुपाल्चोकमा उनको आश्रम बाँडेगाउँको जंगलमा थियो। आश्रममा नुवाकोट भेपाङ गाउँपालिका- ३ की २९ वर्षीया चुन्मो भनिने चिनिमाया तामाङ, मकवानपुर हेटौंडा उपमहानगरपालिका- १६ हिटयाकी ३० वर्षीया डोल्मा भनिने फूलमाया रुम्बा, हेटौंडा- १३ का ५१ वर्षीय सञ्चाला वाइबा कार्यरत थिए। जसमध्ये तामाङ ०६९ देखि, रुम्बा र वाइबा ०७१ देखि बेपत्ता छन्। त्यस्तै, बारा निजगढ नगरपालिका- १२ स्थित आश्रमबाट सिमरा उपमहानगरपालिका- १५ का ३४ वर्षीय सुरेश भनिने कुमार आले ०७२ देखि सम्पर्कविहीन छन्। उनीहरूको परिवारका सदस्यले बेपत्ता परेको भन्दै बम्जनविरुद्ध प्रहरीमा उजुरी दिएका छन्। 'बम्जनको विभिन्न ठाउँमा आश्रम थिए। आश्रम कार्यरत चार अनुयायी बेपत्ता पारिएको भन्दै उनीविरुद्ध उजुरी परेको छ। यी घटनामा पनि अब अनुसन्धान हुन्छ,' एसएसपी आचार्यले भने।

■ बाल यौन दुराचार कसुर

तपस्वी बम्जनको बाराको हलखोरियामा आश्रम थियो। आश्रममा आनी (महिला अनुयायी) कार्यरत थिइन्। तिनै आनीमाथि बाल यौन शोषण गरेको आरोप उनीमाथि लाग्यो। आनीले जिल्ला प्रहरी कार्यालय सर्लाहीमा उजुरी दिइन्। उनीमाथि अनुसन्धान सुरु भयो, तर उनी पक्राउ परेनन्। जिल्ला अदालत सर्लाहीले २३ माघ ०७६ मा उनीविरुद्ध पक्राउ पुर्जी जारी गऱ्यो। तर, प्रहरीले धेरैपटक प्रयास गर्दा पनि सफलता पाउन सकेको थिएन।

पछिल्लो समय सिन्धुलीको जंगलमा आश्रम बनाई बस्दै आएका उनी काठमाडौं आउने-जाने गर्थे। यही क्रममा उनी करिब तीन महिनाअघि बुढानीलकण्ठस्थित निवास आएका थिए। उनी श्रीमती र दुई बच्चासँगै चुपचाप बस्दै आएका थिए। मंगलबार पक्राउपछि उनलाई घटनामा थप अनुसन्धान गर्न जिल्ला अदालत सर्लाही लगिएको छ। जहाजमार्फत लगिएका उनीविरुद्धको बाँकी कारबाही अब सर्लाहीबाटै हुनेछ। 'बम्जनविरुद्ध अहिले बाल यौन दुराचार र अवैध रूपमा रकम संकलन गरेको अभियोगमा अनुसन्धान हुनेछ। उनीविरुद्ध सर्लाही जिल्ला अदालतमा मुद्दा छ। बाँकी अनुसन्धान उतैबाट हुनेछ। उनलाई बुधबार नै सर्लाही पठाएका छौं,' सिआइबीका एसएसपी आचार्यले भने।

■ भारतसँग भएका सम्झौताबारे संसदीय समितिमा प्रधानमन्त्रीको प्रस्टीकरण

२० करोड विगतकै आयोजनाको निरन्तरता हो, राष्ट्रहितविपरीत छैन

■ सात दिनभित्र सम्झौताको पूर्ण विवरण पेस गर्न समितिको निर्देशन

कमलराज भट्ट/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भारतीय विदेशमन्त्री एस जयशंकरको नेपाल भ्रमणका क्रममा दुई देशबीच भएका सम्झौता राष्ट्रहितमा रहेको प्रस्ट पारेका छन्। दुई देशबीच भएका सम्झौताबारे सार्वजनिक रूपमा प्रश्न उठेपछि प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिले बुधबार प्रधानमन्त्री प्रचण्डलाई बोलाएको थियो। सम्झौताबारे समितिलाई ब्रिफिङ गर्दै प्रधानमन्त्री प्रचण्डले आफ्नो भारत भ्रमण र भारतीय विदेशमन्त्रीको नेपाल भ्रमणमा भएका सम्झौता राष्ट्रहितमा रहेको स्पष्ट पारेका हुन्।

प्रधानमन्त्रीले सुरुमा सामुदायिक विकासमा उच्चतम प्रभाव पार्ने आयोजना सम्झौताबाट सुरु भएको साना विकास आयोजनाको रकम वृद्धिबारे जानकारी गराएका थिए। २००३ देखि तीन करोड रुपैयाँबाट सुरु भएको सो आयोजना २००८ मा पाँच करोड पुऱ्याइएको उल्लेख गर्दै प्रधानमन्त्रीले अहिले २०२४ मा सम्झौतामार्फत प्रतिआयोजना लागत बढीमा २० करोड हुने व्यवस्था गरिएको जानकारी गराए। २० वर्षदेखि यसलाई सबै सरकारले नवीकरण गरेर अघि बढाएको स्मरण पनि उनले गराए। 'माननीय सदस्यलाई हेक्का रहोस्, यसबीचमा सरकार त विभिन्न बनेका छन्, सबै सरकार यसमा संलग्न छन् भन्ने हेक्का रहोस्,' उनले भने।

नयाँ सम्झौताअनुसार भौतिक पूर्वाधार तथा सामाजिक पूर्वाधारका आयोजनामा भारतबाट २० करोडसम्म सहयोग उपलब्ध र यस्ता आयोजना सरकारी निकाय वा एनजिओबाट सञ्चालन हुन सक्ने प्रधानमन्त्री प्रचण्डले समितिलाई जानकारी गराए। २० करोडसम्मको आयोजना सञ्चालन गर्न सर्तहरूसमेत थपेर कडाइ गरिएको उनले स्पष्ट पारे। उनका अनुसार स्थानीय तहले संघीय मामिला मन्त्रालयमार्फत र अन्य सरकारी निकाय तथा एनजिओले समाज कल्याण परिषद् र अर्थ मन्त्रालयको स्वीकृतिमा आयोजना सञ्चालन गर्न सकिने सर्त राखिएको छ। अर्थले स्वीकृति दिँदा सम्बन्धित मन्त्रालयको राय लिनुपर्नेछ। पालिकाले आयोजना सञ्चालन गर्दा पूर्वाधार निर्माणमा पाँचदेखि १० प्रतिशतसम्म लागत साझेदारी गर्नुपर्ने सर्तसमेत राखिएको छ। यसरी



सञ्चालित आयोजनाको अनुगमन गर्न संघीय मामिला मन्त्रालय, स्थानीय तह, जिल्ला समन्वय अधिकारी, विषयविज्ञ र भारतीय दूतावासको प्रतिनिधि रहेको आयोजना अनुगमन समिति रहने व्यवस्था गरिएको छ। संघीय अर्थ र परराष्ट्र मन्त्रालय तथा भारतीय दूतावासका प्रतिनिधि रहेको संयन्त्रले आयोजनाको द्वैमासिक प्रगति समीक्षा गर्ने मापदण्ड बनाइएको छ।

प्रधानमन्त्री प्रचण्डले भारतीय सहयोगमा सञ्चालित साना विकास आयोजनामा सर्तहरू राखिएको, तर अन्य मुलुकले यस्ता आयोजना आफैं सञ्चालन गरिरहेको जिकिर गरे। यसक्रममा उनले जापानले ६० वर्षअघिदेखि गैरसरकारी संस्थामार्फत आयोजना सञ्चालन गरिरहेको र कतिपय आयोजना युएन एजेन्सीमार्फत पनि सञ्चालन गर्ने गरेको तथ्य प्रस्तुत गरे। चीनले नेपालमा ठेकेदार एवं परामर्शदाता छनोटदेखि आयोजना कार्यान्वयनसमेत आफ्नै संयन्त्रमार्फत गर्ने गरेको उल्लेख गरे।

अमेरिकाले आफैंले कार्यान्वयन साझेदार छनोट गरी आयोजना सञ्चालन गर्ने गरेको, बेलायतले धेरै सहयोग अन्तर्राष्ट्रिय परामर्शदातामार्फत परिचालन गर्ने गरेको, अस्ट्रेलियाले आफ्नै एनजिओमार्फत आयोजना सञ्चालन गर्ने गरेको उदाहरण प्रधानमन्त्रीले समितिमा प्रस्तुत गरे। जापानदेखि अमेरिका, बेलायत र अस्ट्रेलियासम्म उदाहरण दिँदै प्रधानमन्त्री प्रचण्डले भारतलाई त्यस्तो सुविधा नदिएको दाबी गरे। 'भारतसँग हाल भएको सम्झौतामा कुनै पनि त्यस्तो प्रावधान राखिएको छैन, जसले भारतीय पक्षलाई एकपक्षीय रूपमा आयोजना छनोट गर्न र कार्यान्वयन गर्न सुविधा दिन्छ,' उनले भने। यसका साथै आयोजना कार्यान्वयनको नियमित अनुगमन गर्ने र आवधिक समीक्षासमेत नेपाल सरकारकै संयन्त्रबाट हुने उनले स्पष्ट पारे।

'यो अवस्थामा यो सम्झौताबारे धेरै तनाव लिनुपर्ने स्थिति छैन। नेपाल सरकारले चाहेका वेला जुनसुकै निर्णय लिन सक्ने अधिकार नेपालसँगै छ,' उनले भने।

■ दीर्घकालीन विद्युत् व्यापार सम्झौता

प्रधानमन्त्री प्रचण्डले आफू भारत भ्रमणमा गएका वेला नेपालबाट आगामी दश वर्षमा १० हजार मेगावाटबराबर विद्युत् भारतमा निर्यात गर्ने सहमति भएको उल्लेख गरे। उनले भने, 'त्यसपछि कार्यान्वयनमा लैजान भारतको क्याबिनेटबाट अनुमोदन भयो भने अहिले भारतीय विदेशमन्त्री भ्रमणमा रहेका वेला दुवै देशका सरकारका प्रतिनिधिले हस्ताक्षर गरेर अन्तिम रूप दिए। यसले नेपाल र भारतबीच दीर्घकालमा विद्युत् व्यापारको ढोका खुलेको छ।'

प्रचण्डले भारतले बनाएका परियोजनाको मात्रै विद्युत् लैजाने भनेको हो कि भन्ने प्रश्नको जवाफ दिँदै भने, 'यसमा एकदम स्पष्ट हुन जरुरी छ कि त्यस्तो कुनै सहमति सम्झौता नेपालले गरेको छैन। नेपालमा विभिन्न देशले लगानी गरेर विद्युत् विकास गर्ने स्वतन्त्रता सबैलाई छ, भारतलाई पनि छ, अरूलाई पनि छ। हामीले जताबाट उत्पादन भएको भए पनि दश हजार मेगावाट १० वर्षमा भन्ने मात्रै कुरा गरिएको छ।'

यद्यपि, चीन सरकारले प्रत्यक्ष लगानी गरेका आयोजनाको विद्युत् लिनेमा भारत सरकारको चासो रहेको कुरा उनले जानकारी गराए। 'यो अहिलेभन्दा पहिलेदेखिकै भइरहेको विषय हो। यसबारे पनि संवाद गर्दैछौं,' उनले भने, 'चिनियाँ ठेकेदार कम्पनीले उत्पादन गरेको विद्युत्लाई चीनको भन्दिनुभएन। ग्लोबल टेन्डरबाट आउँछ भने त्यो चिनियाँ कम्पनी होस् वा अमेरिका, युरोपलगायत कतैको होस्, त्यसलाई भारतले सहज लिइदिनुपर्छ भनेर संवाद चलिराखेको छ।'

प्रधानमन्त्रीले भने-

- **भारतीय कम्पनीले उत्पादन गरेको विद्युत् मात्र भारत लैजाने भन्ने सहमति भएको छैन, चीन सरकारको प्रत्यक्ष लगानी रहेको आयोजनाको विद्युत् लिनेमा भारतको चासो छ**
- **चिनियाँ ठेकेदार कम्पनीले उत्पादन गरेको विद्युत् पनि लिनुपर्छ भनेर भारतसँग संवाद चलिरहेको छ**
- **केही दिनमै पञ्चेश्वर जलविद्युत् परियोजनामा ब्रेकथ्रु हुन्छ**

भारतीय विदेशमन्त्रीको भ्रमणमा तेस्रो नानो स्याटेलाइट प्रक्षेपणसम्बन्धी सम्झौता भएको र यसबाट नेपालले बनाएको नानो स्याटेलाइट भारतीय न्यु स्पेस इन्डिया लिमिटेडले आफ्नै खर्चमा प्रक्षेपण गरिदिने प्रचण्डले जानकारी गराए। चौथो नवीकरणीय ऊर्जासम्बन्धी सम्झौता भएको उल्लेख गर्दै प्रधानमन्त्रीले यसमा नेपाल विद्युत् प्राधिकरण र भारतको एनटिपिसी भन्ने संस्थासँग आपसमा क्षमता विकासमा कार्य गर्ने र तालिमलगायत कार्यक्रम सञ्चालन गर्ने गरी सम्झौता भएको र यसमा कुनै पनि सर्त नरहेको स्पष्ट पारे।

प्रधानमन्त्रीको ब्रिफिङपछि सांसदहरूले दुई देशबीच भएको सम्झौताको दस्तावेज सदनलाई उपलब्ध नगराएकोमा असन्तुष्टि जनाउँदै नेपालको बजेट सिस्टम बाहिर गएर खर्च गर्न दिने कुरा राष्ट्रहितविपरीत हुने, एक रुपैयाँ खर्च गर्न पनि संसद्को अनुमति लिनुपर्ने जिकिर गरेका थिए। जवाफमा प्रधानमन्त्री प्रचण्डले भारत र अन्य देशसँग यसप्रकारका सम्झौता हुँदै आएको उल्लेख गर्दै सदनबाट अनुमोदन गर्ने विषय नभएको जिकिर गरे। प्रधानमन्त्री प्रचण्डले यो भ्रमणले पञ्चेश्वर परियोजना अघि बढ्ने सुनिश्चित गरेको पनि दाबी गरे। 'पञ्चेश्वर परियोजनाको डिपिआर फाइनल गर्ने कुरा अब अन्तिम चरणमा पुगेको छ। त्यो दुवै देशको राष्ट्रिय हितमा छ,' उनले भने, 'मेरो भारत भ्रमण र अहिले भारतीय विदेशमन्त्रीको भ्रमणको कारणले पञ्चेश्वर अगाडि बढ्दै छ, मलाई विश्वास छ, आउने केही दिनभित्र पञ्चेश्वरको ब्रेकथ्रु हुन्छ। त्यसले नेपालको अर्थतन्त्रमा दीर्घकालीन सकारात्मक असर पर्छ।'

छलफलपछि समितिले सम्झौताका विवरण सात दिनभित्र उपलब्ध गराउन निर्देशन दिएको छ। समिति सभापति विमला सुवेदीले नेपाल सन्धि ऐनअनुसार नेपाल सरकार पक्ष भई विभिन्न वा ती मुलुकका सरकारी संघ-संगठनसँग गरेका सम्झौता, त्यसको अवस्था, अनुमोदन गरेका र गर्न बाँकी रहेका सम्झौताको विवरण उपलब्ध गराउन कानुन मन्त्रालयलाई पनि निर्देशन दिइन्।

खुकुरी उज्याउनेविरुद्ध अभद्र व्यवहार मुद्दा

लहान/ सिराहाको कल्याणपुर नगरपालिका- ८ अरङका अनुचित लेनदेन (मिटरब्याज) पीडित युवकमाथि कुटपिट, दुर्व्यवहारसँगै खुकुरी उज्याउनेविरुद्ध प्रहरीले अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता गरेको छ। अरङ गाउँका ३५ वर्षीय सञ्जयकुमार कामतीको जाहेरीका आधारमा खुकुरी प्रहारको प्रयास गर्ने स्थानीय ६५ वर्षीय रामनारायण सिंहविरुद्ध बुधबार अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता गरिएको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिए।

घटनाको भोलिपल्ट मंगलबार प्रहरीले पक्राउ गरे पनि जाहेरी नपरेकाले हाजिरी जमानतमा छोडिएका सिंहलाई बुधबार पुनः पक्राउ गरी बिहीबार सिराहा जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइने उनले बताए। घर व्यवहारका लागि कल्याणपुर- ८ मझाउका साहुकार सुरेश पञ्जियारसँग ०७२ मा तीन लाख रुपैयाँ लिएका कामतीसँग उनले १२ लाख ३० हजार रुपैयाँको दुईवटा कपाली तमसुक बनाउनुका साथै सिराहा जिल्ला अदालतमा लेनदेन मुद्दाअन्तर्गत ०७८ मा डाक लिलाम गराएर ११ कित्ताको एक बिघा एक कट्ठा खेत, एक कट्ठा ६ धुर घडेरी र टिनको छाना भएको ११ कोठाको एकतले घर हत्याएका थिए। आफू ऋण तिर्न तयार हुँदाहुँदै साहुकारले षड्यन्त्रपूर्वक आफ्नो जायजेथा हडपेको भन्दै पीडित कामतीले करिब एक वर्षअघि जिल्ला प्रशासन कार्यालय सिराहामा मिटरब्याजीविरुद्ध उजुरी दिएपछि साहुकार पञ्जियारले सुटुक्क १० कट्ठा खेत, १६ धुर घडेरीसहितको घर सिंहलाई बिक्री गरेको उनको गुनासो छ।

मिटब्याजविरुद्धको उजुरीको छानबिन चलिरेहका वेला षड्यन्त्रपूर्ण ढंगले आफ्नो घर घडेरी अर्केलाई बेचेको थाहा पाएपछि २३ पुसमा सञ्जय र उनका भाइ राजकिशोर मिटरब्याजीविरुद्धको उजुरीको निर्क्योल नभएसम्म आफ्नै घरमा बस्छौं भन्दै आफ्नो घर जान खोज्दा सिंहसहित उनका छोरा शैलेन्द्र र भतिज नितेशले कुटपिट गर्नुका साथै सिंहले यहीं ढालिदिन्छु भन्दै खुकुरी उज्याएका थिए। त्यतिवेला सिंहका भतिज नितेशले कम्मरमा कटुवा पेस्तोल देखाउँदै आफूमाथि कुटपिट गरेको पीडित सञ्जयको भनाइ छ।

संक्षेप

पूर्वडिआइजी शाहसमेतलाई तीन वर्ष सजाय

काठमाडौं/ पूर्वडिआइजीसमेत दुईजनालाई भ्रष्टाचार मुद्दामा तीन-तीन वर्ष कैद सजाय तोकिएको छ। बुधबार विशेषका अध्यक्ष टेकनारायण कुँवर र सदस्यहरू तेजनारायणसिंह राई तथा रितेन्द्र थापाको इजलासले यस्तो फैसला गरेको हो। इजलासले ११ पुसमै पूर्वडिआइजी शाह र सबइन्सपेक्टर दीपेन्द्र पनेरूलाई दोषी ठहर गर्दै बुधबारका लागि सजाय निर्धारण पेसी तोकेको थियो। विशेषका प्रवक्ता धनबहादुर कार्कीका अनुसार उनीहरू दुवैलाई बिगो भराउनेसमेत फैसलामा उल्लेख छ। विशेषले १६ लाख ६९ हजार रुपैयाँभन्दा बढी बिगो कायम गरेकोमा उनीहरू दुवैले जनही यो रकम बिगोबापत बुझाउनुपर्नेछ। साथै, बिगोबराबर जरिवाना पनि तिर्नुपर्ने विशेषले जनाएको छ। चारजनालाई प्रतिवादी बनाई मुद्दा चलाइएकोमा दुईजनामाथि मात्र कसुर कायम भएको हो। यस मुद्दाका दुई प्रतिवादी सञ्जीव विशंखे र केशवसिंह ऐरीले भने सफाइ पाएका छन्। सिन्धुलीस्थित मध्यक्षेत्रीय तालिम केन्द्र दुधौलीको नेतृत्व गर्दा उनले भ्रष्टाचार गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २० फागुन ०७६ मा मुद्दा दायर गरेको थियो।

चिसोले कष्टकर बन्दै जनजीवन

रौतहट/ केही दिनयता बढेको शीतलहरका कारण रौतहटको जनजीवन प्रभावित भएको छ। खासगरी गरिब तथा विपन्न बस्तीमा शीतलहरले जनजीवन प्रभावित बनाएको छ। दैनिक ज्याला मजदुरी गरेर जीवनयापन चलाउँदै आएका गरिब तथा विपन्नका लागि शीतलहर र ठण्डी अभिसाप बनेको छ। घरमा पर्याप्त मात्रामा ओढ्ने-ओछ्याउने नभएकाले ग्रामीण बस्तीमा सर्वसाधारण पराल ओछ्याएर सुत्न बाध्य भएका छन्। चिसोका कारण अहिले बालबच्चामा विभिन्न रोग देखापर्न थालेको र आफूहरूसँग पर्याप्त न्यानो लुगा नभएकाले समस्या भएको चन्द्रपुर नगरपालिका- ५ नहरटोलकी तेतरिया देवीले बताइन्। विपन्न तथा गरिब बस्तीमा स्थानीय तहले न्यानो कपडा वितरण नगरेको उनको गुनासो छ।

जिप पल्टिँदा दुईको मृत्यु

तनहुँ/ पोखराबाट पाल्पा जाँदै गरेको जिप तनहुँमा पल्टिँदा दुईजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा नवलपुर बौदीकाली गाउँपालिका- २ बस्ने ४२ वर्षीय रुमबहादुर विक र ५५ वर्षीय जेमलाल दरै छन्। दुर्घटनामा १० जना घाइते भएका छन्। बुधबार पोखराबाट पाल्पा जाँदै गरेको ६३५६ नम्बरको जिप तनहुँको भिमाद नगरपालिकाको भित्री सडकखण्डमा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय तनहुँका डिएसपी मोहनबहादुर खाणले जानकारी दिए। 'घाइते भएका दुईजनाको उपचारका क्रममा मृत्यु भएको हो,' उनले भने। अन्य घाइतेको जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र बेलचौतारामा उपचार भरहेको छ। अनियन्त्रित भई जिप सडकदेखि अन्दाजी एक सय ५० मिटरतल खोलामा खसेको हो।

सशस्त्र प्रहरीका परिचरको पाँच स्तर कायम

काठमाडौं/ सशस्त्र प्रहरी बलका श्रेणीविहीन कर्मचारी (परिचर)को अब पाँच स्तर कायम भएको छ। त्यहीअनुसार उनीहरूको सेवा-सुविधा थप हुने भएको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले सशस्त्र प्रहरीका श्रेणीविहीन कर्मचारीको पाँच स्तर कायम गरी सुरु तलबमान, ग्रेड संख्या र ग्रेडदर स्वीकृत गरेको हो। यसअघि सशस्त्र प्रहरीका परिचरको एउटै स्तर हुने गर्दथ्यो। अर्थ मन्त्रालयले लगेको प्रस्ताव मन्त्रिपरिषद्ले स्वीकृत गरेसँगै अब परिचरहरूको पनि बढुवा हुने भएको छ। जागिरभर एउटै तहमा रहँदा परिचरलाई अन्याय भएको भन्दै सशस्त्र प्रहरी नेतृत्वले यसमा सुधारको प्रयास गर्दै आएको छ। मन्त्रिपरिषद् निर्णयले परिचर तहमा कार्यरत कर्मचारीको मनोबल बढ्ने सशस्त्र प्रहरीका अधिकारीहरू बताउँछन्।

पृथ्वीनारायणको एकीकरणमाथि प्रश्न

पृथ्वीनारायणले आफ्नो शासनकालमा जे-जति राज्य जे-जसरी जिते पनि यो स्पष्टतः राज्यविस्तार हो, एकीकरण होइन



● सुरेश आले मगर

अग्रलेख

नेपालका राजावादीले शाहवंशीय राजामध्ये पृथ्वीनारायण शाहलाई सबैभन्दा महान् मान्छन् । अन्य राजालाई श्री ५ महाराजाधिराज मात्र भने पनि पृथ्वीनारायणलाई चाहिँ श्री ५ बडामहाराजाधिराज भनेर सम्बोधन गर्छन् । यसको मुख्य कारणचाहिँ उनले गरेको भनिएको नेपालको कथित राष्ट्रिय एकीकरण नै हो । यस्तो एकीकरण उनीपछि कसैले गरेनन् । केही एकीकरण वा नेपाललाई विस्तार गर्ने वा बढाउने कार्य बहादुर शाह र राम शाहले गरे । तर, तिनले पनि पृथ्वीनारायणले जति गरेनन् । तिनले गरेको यस कार्यलाई नेपालमा निर्दलीय तानाशाही निरंकुश पञ्चायती व्यवस्थाले नेपालको एकीकरण र तिनलाई एकीकरणकर्ता मान्थ्यो भने सो व्यवस्थालाई ढालेर स्थापना गरिएको बहुदलीय व्यवस्थाले पनि त्यस्तै मान्थ्यो । उनी जन्मेको दिन २७ पुसलाई पञ्चायती व्यवस्थामा त 'पृथ्वी जयन्ती तथा राष्ट्रिय एकीकरण दिवस'का रूपमा मनाइन्थ्यो । कस्तो विडम्बना ! अहिले पनि मानिन्छ र यहाँसम्म कि नेपालका खुंखार क्रान्तिकारी र कम्युनिस्टले पनि उनका कार्यलाई 'एकीकरण' र उनलाई 'एकीकरणकर्ता' मान्छन् । यस सानो लेखमा सोही एकीकरणबारे फरक कोणबाट चर्चा गरिनेछ ।

पृथ्वीनारायण गोरखाका राजा नरभूपाल शाह र कौशल्यावतीदेवी शाहका कोखबाट वि.सं. १७७९ साल पुस २७ गते गोरखा दरबारमा जन्मेका थिए । उनी सानै उमेरदेखि तीक्ष्ण बुद्धिका थिए । उनी बुबाको मृत्युपछि २० वर्षकै उमेरमा राजा बने । उनका चारवटी पत्नी थिए र तिनबाट ६ छोरा तथा छोरी जन्मेका थिए । .उनको ५२ वर्षको उमेरमा वि.सं. १८३१ माघ १ गते निधन भयो । उनले नेपाललाई 'चार जात ३६ वर्णको फूलबारी' (उनले नै भनेका हुन् वा इतिहासकारहरूले लेखेका हुन्, थाहा छैन । यो भनाइ ज-जसले भने पनि वास्तवमा गलत छ, किनकि हिन्दू धर्मअनुसार ३६ वर्ण हुँदैन, चार वर्ण मात्र हुन्छन्- ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र । बरु जातचाहिँ ३६ हुन सक्छ) घोषणा गरेका थिए र 'असली हिन्दूस्थान' बनाउने वाचा गरेका थिए । पृथ्वीनारायण शूरवीर, दूरदर्शी र अत्यन्त महत्त्वाकांक्षी राजा थिए । उनी गोरखाको सानो राज्यलाई बढाउन र आफू ठूलो राज्यको राजा बन्न चाहन्थे । त्यसैले त्यसपछि सुरु भयो, उनको इच्छालाई पूरा गर्ने सिलसिला र राज्यविस्तारको अभियान ।

यसका लागि उनलाई विभिन्न राज्यसँग लडाइँ लड्नुपर्ने हुन्थ्यो । त्यसैले, उनले लडाइँको अनन्त सिलसिला सुरु गरे । यस क्रममा उनले कतिपय राज्यसँग त सीधासीधै लडाइँ लडे र आफ्नो फौजी शक्ति, पराक्रम र योजनामा ती लडाइँ जिते पनि । र, जितेका सबै राज्यलाई आफ्नो राज्यमा गाभे, जुन एकदमै स्वाभाविक पनि थियो । तर, अन्य धेरै लडाइँ भने त्यसरी जितेनन् । अनेकौं षड्यन्त्र, छलकपट, तिकडम र चालबाजीमार्फत जिते । कीर्तिपुरको लडाइँमा जितेपछि त्यहाँका सैनिक र जनताको १८ धार्नी नाक-कान काटेको कुख्यात घटना इतिहासमै उल्लेख छ । कतिपय राजासँग भने कुनै निश्चित दिन, समय र ठाउँमा तिनीहरूसँग हातहतियारविनै भेट्ने कार्यक्रम मिलाउँथे, तर सो स्थानमा आफ्ना तर्फबाट भने अघिल्लै दिनमा लगेर हतियार लुकाउँथे । भोलिपल्ट जब ती राजा सहमतिअनुसार इमानदारीपूर्वक विनाहातहतियार आउँथे, उनी भटाभट ती लुकाइएका हतियार निकालेर राजा र तिनका सेनालाई छप्काउँथे अनि तिनलाई हराएर तिनको राज्यलाई आफ्नो राज्यमा गाभ्थे । यी कुरा स्वयं लेखक र इतिहासकारले लेखेका छन् ।

पृथ्वीनारायणले आफ्नो शासनकालमा जे-जति राज्य जे-जसरी जिते पनि यो स्पष्टतः राज्यविस्तार हो, एकीकरण होइन । हुन त आजभन्दा तीन सय वर्षअगाडिको युग सामन्ती युग थियो । जतिवेला विश्वभर राजारानी र रजौटा मात्र हुन्थे । त्यतिवेला राष्ट्रपति प्रणाली थिएन, झनु समाजवादी तथा साम्यवादी व्यवस्था त छँदै थिएन । ती राजा-रजौटाको काम नै लडाइँ लड्ने, जित्ने राजाले हार्ने राजाको राज्यलाई आफ्नो राज्यमा मिलाउने र राज्य-विस्तार गर्ने, आफ्ना प्रजाको हेरविचार गर्ने आदि मात्र हुन्थ्यो । यस अर्थमा पृथ्वीनारायणले गरेका कार्यलाई अस्वाभाविक मान्न सकिन्न । राज्य विस्तारका क्रममा संसारभरका राजाहरूले जे गर्थे, उनले पनि त्यही गरेका हुन् । त्यसैले, उनका त्यस्ता विस्तारवादी कार्यलाई पनि 'एकीकरण'को जामा पहिऱ्याइएको विषयमा सहमत हुन सकिन्न । एकीकरणका लागि त एकीकरण गर्न चाहने पक्षबीच वार्ता भई आपसी सहमति र समझदारी हुनुपर्छ । एकीकरण स्वेच्छाले गरिन्छ । तर प्रस्ट छ- पृथ्वीनारायणले बिलकुल त्यसो गरेका होइनन् ।

अर्को कुरो के छ भने पृथ्वीनारायणले जितेका धेरै राज्य नेपालका आदिवासी/जनजातिका थिए र तिनका राज्यलाई मिलाएर नै उनले बृहत् नेपाल बनाएका हुन् । उनले तिनका स्वतन्त्र राज्यलाई आफ्नो राज्यमा गाभेर समाप्त पारे भने तिनका धर्म, भाषा, संस्कृति, इतिहास सबैलाई ध्वस्त बनाए । यसप्रकार नेपालका आदिवासी/जनजातिले न केवल राज्य गुमाए, बल्कि आफ्ना भाषा, संस्कृति, इतिहास, धर्म सबै गुमाए र अर्के देशका प्रजा बन्न पुगे । त्यसैले, तिनका लागि यो एकीकरण हुनै सक्दैन । पृथ्वीनारायणले त राज्यविस्तार



गरे, सानो गोरखा राज्यलाई ठूलो बनाए, नेपाल बनाए, सानो देशको राजाबाट ठूलो देशका राजा भए । तर, आदिवासी/जनजातिले के पाए ? तिनको त सर्वस्व गुम्यो ! स्मरणीय छ- पृथ्वीनारायणका पुर्खा द्रव्य शाहले लमजुङका गंगाराम राना मगरको सहयोगमा गोरखाको माझकोटका राजा जयसिंह खड्का मगर र लिगलिगका राजा दलसुर घले मगरलाई छलकपटपूर्ण तरिकाले मारेर गोरखा राज्य कब्जा गरेका थिए । त्यसैले, नेपालका आदिवासी/जनजातिले पृथ्वीनारायणको राज्यविस्तारलाई एकीकरण मान्न कदापि सक्दैनन् र हुँदैन पनि ।

> राज्य विस्तारका क्रममा संसारभरका राजाले जे गर्थे, पृथ्वीनारायणले पनि त्यही गरेका हुनाले उनका त्यस्ता विस्तारवादी कार्यलाई पनि 'एकीकरण'को जामा पहिऱ्याइएको विषयमा सहमत हुन सकिन्न

यस सन्दर्भमा धेरैले ध्यान नदिएको तर अत्यन्त महत्त्वपूर्ण पक्ष के छ भने पृथ्वीनारायणका फौजमा सैनिकहरू मुख्यतः आदिवासी/जनजाति नै थिए र उनका षड्यन्त्र, छलकपट एवं जालझेललाई व्यवहारमा र कार्यस्थलमा लागू गर्ने क्रममा तिनीहरू नै प्रयोग हुन्थे, भए । साथै, उनले आफ्नो राज्यविस्तारका क्रममा पश्चिमका मगर, गुरुङ, आदिवासी/जनजातिलाई नै पूर्वका राई, लिम्बूविरुद्ध प्रयोग गरे । यसरी पृथ्वीनारायणले आदिवासी/जनजातिलाई नै एक-आपसमा लडाए । त्यसैले पृथ्वीनारायणले गरेका कार्यको आंशिक जस-अपजस उनलाई साथ दिने आदिवासी/जनजातिले पनि अनाहकमा बोक्नुपर्ने देखिन्छ । कतिपय मान्छेको तर्क छ- पृथ्वीनारायणले त्यति वेला विश्वलाई नै उपनिवेश बनाउँदै अघि बढेको बेलायती साम्राज्यवादबाट तत्कालीन स्वतन्त्र र सार्वभौम बाइसे-चौबीसे राज्यलाई बचाए । उनले आफ्नो राज्यमा नमिलाएको भए तिनमा अंग्रेजले कब्जा जमाउने थिए र त्यहाँका जनतालाई गुलाम बनाउने थिए । यो वाहियात तर्क हो, किनकि कुनै चिजलाई अरूले खाइदेला भनेर आफैंले खाइदिनु अनुचित हुन्छ । अंग्रेजहरूले तिनलाई उपनिवेश बनाउँथे नै भन्ने के ग्यारन्टी ? अंग्रेजले तिनीहरूमाथि आक्रमण नै गर्ने थिएनन् कि वा तिनले अंग्रेजसँग लडेर जित्थे र आफ्नो स्वतन्त्र एवं सार्वभौम अस्तित्वलाई बचाइराख्थे कि ? के पृथ्वीनारायण शाहले ती राज्यको सुरक्षाको ठेक्का लिएका थिए र ?

अर्को कुरो, ती स्वतन्त्र र सार्वभौम बाइसे-चौबीसे राज्य, जसलाई पृथ्वीनारायणले जितेर आफ्नो राज्यमा मिलाए, तिनलाई अंग्रेज वा पृथ्वीनारायण, जसले जिते पनि उही मतलब हो, स्वतन्त्रता र आफ्नो अस्तित्व अन्त्य हुनु । लडाइँपछि पो ती विजित राज्य सबै चाहेर वा नचाहेर गोरखा राज्य भए र सबै बलजफ्ती गोरखा राज्यका जनता भए, तर लडाइँअघि ती विजित राज्य र तिनका जनताको कोणबाट त गोरखा, भारत वा अंग्रेज, सबै विदेशी नै थिए नि ! त्यसैले, पृथ्वीनारायणले तिनलाई जितेर तिनको कल्याण गरेका होइनन् ।

अझ झन् नेपालका कम्युनिस्टहरूले पृथ्वीनारायणलाई मान्नु र उनले गरेको राज्यविस्तारलाई एकीकरण ठान्नु त विडम्बनापूर्ण र खेदजनक नै हुन्छ । सैद्धान्तिक एवं राजनीतिक दृष्टिले यो गलत नै हुन्छ, किनकि कम्युनिस्टहरू सिद्धान्ततः गणतन्त्रवादी नै हुन्छन् । जब कि पृथ्वीनारायण सामन्तवादका नाइके राजा भएको स्पष्ट छ । त्यसैले पृथ्वीनारायण हुन् वा कुनै पनि राजा, कम्युनिस्टले तिनलाई समर्थन गर्न सक्दैनन् र गर्न हुँदैन पनि । हुन त कतिपय राजाले केही राम्रा काम पनि गर्न सक्छन् । जस्तै- राजा महेन्द्रले अरनिको (कोदारी) राजमार्ग र पूर्व-पश्चिम राजमार्ग निर्माण गरेका थिए । महेन्द्रको सो कार्य निःसन्देह राम्रो हो, किनकि ती राजमार्गबाट जनतालाई धेरै सुविधा हुनुका साथै देशकै आर्थिक विकासमा पनि त्यसले ठूलो योगदान दिएको थियो । तर, त्यसको अर्थ कम्युनिस्टले पनि राजा महेन्द्रलाई समर्थन एवं जयजयकार गर्नुपर्छ भन्ने होइन र गर्नु हुँदैन पनि । कम्युनिस्टहरू राजाबाट गरिएका त्यस्ता कार्यबारे मौन बस्छन् वा बढीमा त्यस्ता कार्यलाई प्रशंसा गर्छन्, तर उसलाई महान्, प्रख्यात भनेर महिमामण्डित गर्नीतिरचाहिँ कदापि लाग्दैनन् । पृथ्वीनारायणको ऐतिहासिक भौतिकवादी मूल्यांकन गर्ने बहानामा कम्युनिस्टमा देखा परेको यो चिन्तनगत त्रुटि र विचलन हो ।

आजभन्दा तीन सय वर्षअघि सामन्ती युगमा राजा पृथ्वीनारायणले जे गरे, ती त्यतिवेला आमराजा-महाराजाले गर्ने कार्य नै हुन्, तिनलाई अस्वाभाविक मान्न सकिन्न । साथै, ती कार्यलाई अहिले आएर न त रोक्न सकिन्छ, न त सच्याउन नै । त्यस्ता कामबारे सही धारणा बनाई तिनको सही र वैज्ञानिक मूल्यांकन गर्न सकिन्छ । त्यति वेला गरिएका गलत कार्यलाई पनि सही ठहऱ्याउने र महिमामण्डित गर्ने र ती कार्यप्रति गर्व गर्ने धृष्टताचाहिँ बिल्कुलै गर्न हुँदैन । लेखक वि.सं. २०६३ सालमा स्पेन भ्रमणमा गएका वेला राजधानी म्याड्रिडमा त्यहाँका केही बुद्धिजीवी र राजनीतिज्ञसँग भएको छलफलमा स्पेनले बिगतमा पेरु, चिलीलगायत देशलाई उपनिवेश बनाएको प्रसंग उठाउँदा उनीहरूले यस्तै तटस्थ प्रकारको जवाफ दिएका थिए, 'त्यति वेला जे भयो, त्यसबारे अहिले केही गर्न सकिन्न । तर, इतिहास नदोहोरियोस् भन्नेतर्फ भने सतर्क रहनुपर्छ ।'

अन्त्यमा, यसरी हेर्दा के तथ्य छर्लंग हुन्छ भने पृथ्वीनारायणले गरेका कार्य राज्यविस्तार नै हुन्, ती कार्यले गोरखा राज्यको विस्तार भएकै हो, विजित राज्यलाई गोरखा राज्यमा गाभिएका कारण बृहत् राज्य नेपालको निर्माण भएकै हो । तर, नेपालको एकीकरण भएको होइन । बलजफ्ती भौगोलिक एकीकरण भयो, तर जनता, तिनका भावना र मनोभावनाको एकीकरण भएको होइन र अझै पनि वास्तवमा हुनसकेको छैन । किनकि, मजदुर, किसानलगायत आदिवासी/जनजाति, महिला, मधेसी, दलित, मुस्लिम समुदायका जनता अझै पनि अन्याय, अत्याचार, शोषण, दमन, असमानता, विभेद र बहिष्करण झेलिरहेकै छन् । सत्य यही हो । त्यसैले पृथ्वीनारायणले नेपालको एकीकरण गरे र उनी नेपालका एकीकरणकर्ता हुन् भन्ने बुझाइ गलत र निराधार हो । बरु इतिहासको पांग्रालाई पछाडि फर्काउन नसकिने भएकाले विगतमा जे भयो, त्यसलाई वस्तुवादी मूल्यांकन गर्दै अब समानताका आधारमा नेपालको सही, वैज्ञानिक र सर्वस्वीकार्य एकीकरण गरिनुपर्छ । यही नै सबैका लागि हितकर हुनेछ ।

३ प्रश्न

राजनीतिक विश्लेषक **झलक सुवेदी**लाई



राष्ट्रिय सभामा जे-जस्ता र जे-जसरी उम्मेदवारी परे, त्यसलाई कसरी हेर्नुभएको छ ?

नेपाली राजनीतिमा जे-जस्ता चलन चल्दै आएका थिए, यसपालिको राष्ट्रिय सभा निर्वाचनमा पनि दलहरूले तिनैलाई निरन्तरता दिएको देखियो । उम्मेदवारी दिने सबैलाई त म चिन्दिनँ । तर, कतिपय नाम हेर्दा माओवादीबाट सिफारिस भएका केही उम्मेदवार विगतको द्वन्द्वकालमा अंगभंग भएका, दुःख पाएका र नयाँ पनि देखिन्छन् । एमाले र काग्रेसबाट आएका पनि कतिपय नयाँ र संघर्षले खारिएकै देखिन्छन् । जहाँसम्म राष्ट्रिय सभामा काग्रेसका कृष्ण सिटौलाको उम्मेदवारीको प्रश्न छ, त्यो पनि हिजोको द्वन्द्वकालमा उनले खेलेको भूमिकाका कारण गलत हो जस्तो लाग्दैन । निर्वाचनमा पराजितलाई उम्मेदवार बनाउन हुन्छ कि हुँदैन भन्ने विषयमा भने अलग्गै बहस हुन सक्छ ।

दलीय भागबन्डाबाट हुने प्रतिनिधित्वले राष्ट्रिय सभाको गरिमालाई जोगाउन सक्ला त ?

भागबन्डाले राष्ट्रिय सभाको गरिमा जोगाउने वा घटाउने होइन । दलहरूले कस्ता उम्मेदवार छाने, राष्ट्रिय सभामा कस्ता उम्मेदवार पुगे, त्यसले चाहिँ राष्ट्रिय सभाको गरिमा घटाउने वा बढाउने हुन सक्छ । अहिले दलहरूले दिएका उम्मेदवारीबाट सामाजिक जीवनमा योगदान दिएका र राजनीतिमा पनि मत राख्न सक्ने मान्छे परे कि परेनन् ? यो मुख्य प्रश्न हो । अहिलेको उम्मेदवारी हेर्दा विभिन्न क्षेत्रको प्रतिनिधित्व हुन भने सकेको देखिन्न ।

राजनीतिमा भागबन्डाको संस्कृति कति जरुरी हुन्छ ?

हाम्रो संविधानले परिकल्पना गरेको निर्वाचन प्रणालीले सजिलै एकल बहुमत आउन सक्ने देखिन्न । त्यसले गर्दा राजनीतिमा गठबन्धन गरेर जानुपर्ने अवस्था हुन सक्छ । यस्तोमा दलबीच विभिन्न पद र क्षेत्रमा भागबन्डा हुन सक्छ । यो अन्यथा होइन ।

प्रेरक प्रसंग

ज्योतिषीको आत्मविश्वास

एकपटक अवन्तीका राजा बाहुबलीलाई राज्यका लागि राज-ज्योतिषको आवश्यकता थियो । उनले राज्यभर यसबारे सूचना फैलाए । राज-ज्योतिष बन्न चाहने धेरै ज्योतिष दरबारमा पुगे । राजाले पहिलो ज्योतिषसित प्रश्न गरे- तपाईं कसरी भविष्य बताउनुहुन्छ ? ज्योतिषले जवाफ दिए- ताराहरूको गणना गरेर । अर्का ज्योतिषसित पनि राजाले यही प्रश्न सोधे । उनले जवाफ दिए- म जन्मकुण्डली हेरेर भविष्य बताउँछु । तेस्रा ज्योतिषले भने- म हस्तरेखा हेरेर भविष्यको आकलन गर्छु ।



राजाले सबैका जवाफ सुने, तर उनी सन्तुष्ट हुन सकेनन् । अचानक उनलाई आफ्नै राज्यका चर्चित ज्योतिष विष्णु शर्माको सम्झना भयो । तर, उनी भने यस छनोटमा सहभागी हुन आएका थिएनन् । त्यसैले, राजाले तत्काल उनलाई बोलाउन कर्मचारी पठाए । शर्मा दरबारमा हाजिर हुनासाथ राजाले सोधे- 'ज्योतिषजी, मैले राज्यका लागि एक योग्य राज-ज्योतिषको खोजी गरेको सम्बन्धमा तपाईंले पनि सुन्नुभएकै हुनुपर्ने हो । तर, तपाईं त छनोटमा सहभागी हुनै आउनुभएन नि !' विष्णु शर्माले आत्मविश्वासका साथ भने- महाराज म आफ्नो भविष्य जान्दछु । मलाई म अब राज-ज्योतिष बन्नेछु भन्ने निश्चित छ । आफैंले पाउने निश्चित भएको पद पाउन निवेदन किन हालिराख्नु भनेर म छनोटमा सहभागी भइनँ । छनोटमा सहभागी ज्योतिष महानुभावलाई आफ्नै भविष्यबारे जानकारी रहेनछ । उहाँहरूले राज्यको भविष्य कसरी पो बताउनुहोला खै ?

शर्माको जवाफ सुनेर राजा बाहुबली सन्तुष्ट भए र उनैलाई राज-ज्योतिष नियुक्त गरे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

यस्तो अव्यवस्था किन ?

नेपाल प्रज्ञा प्रतिष्ठानले केही समयअघि साहित्यकारलाई परिचयपत्र दिने निर्णय गरेको थियो । यो निर्णयअनुसार केही साहित्यकारले परिचयपत्र लिए पनि । तर, अहिले एक वर्षदेखि परिचयपत्र दिन रोकिएको छ । मैले नै गत वर्षको फागुनमा फाराम भरेर विवरण बुझाएको थिएँ । तर, अहिलेसम्म परिचयपत्र हात परेको छैन । त्यहाँ बुझ्न जाँदा कहिले बजेट छैन भन्ने जवाफ आउँछ भने कहिले काम हुँदै छ भन्ने जवाफ आउँछ । काम हुँदै छ भनेको महिनौं बितिसक्यो ।

अहिले प्राज्ञका लागि देश दौडाहा जान लाखौं खर्च गर्ने बजेट छ प्रज्ञासँग । तर, साहित्यकारलाई दिने भनिएको परिचयपत्र छाप्न भने बजेट छैन । यो के पारा हो ? साहित्यिक उन्नयनका लागि स्थापित प्रज्ञा प्रतिष्ठान साहित्यिकभन्दा पनि असाहित्यिक काममा बढी व्यस्त देखिन्छ । अहिले प्रज्ञा प्रतिष्ठानका स्वयं कवि, लेखकका लागि मरुस्थल बन्न पुगेको छ । प्रज्ञा प्रतिष्ठानमा यस्तो अव्यवस्था किन ?

● **ज्यो. रत्ननिधि रेग्मी** 'शुक्राचार्य', महाकवि देवकोटा आश्रम, भक्तपुर
shukracharya@yahoo.com.au

पीडकलाई कारबाही गर

तीन लाख ऋण लिँदा एक बिघा, दुई कट्ठा, ६ धुर जग्गा र घर कब्जा गर्ने र जग्गा फिर्ता माग्दा खुकुरी तेर्स्याएर ज्यान मार्ने धम्की दिने रामनारायण सिंह, उनका छोरा शैलेन्द्र र भतिज नाताका नितेशलाई कडा कारबाही गरियोस् । पक्राउ परेका सिंह र उनका सहयोगी सबैलाई कडाभन्दा कडा सजाय दिएर पीडित सञ्जयकुमार कामतीलाई न्याय दिलाउनु राज्यको दायित्व हो । यसमा राज्यले छिटो र सक्रिय पहल थालोस् ।

● **अनमोल गुरुङ**
कालिमाटी, काठमाडौं

कहिलेसम्म मृत्यु कुरिरहने ?

१२ दिनकी सुत्केरीको समयमै उद्धार हुन नसक्दा बाजुराको कोल्टी प्राथमिक स्वास्थ्य चौकीमै ज्यान गएको समाचार पढ्दा दुःख लाग्यो । यो त्यही देश हो, जहाँ ठुलाबडालाई सामान्य रुघाखोकी लाग्दा पनि देशभित्र भए 'भिआइपी' सेवासहितको उपचार सेवा र नभए सरकारी खर्चमा विदेश लगी उपचार गरिन्छ । तर, यही देशका दुर्गम भूभागका महिला सामान्य समस्यामा पनि उपचार अभावमा अकालमै ज्यान गुमाउन विवश छन् । यस्तो असह्य विभेद किन ?

● **रुक्मिणी विक**
सोल्टीमोड, काठमाडौं

जता पनि लुटैलुट

दुग्ध विकास संस्थानका महाप्रबन्धक सञ्जीव झाले संस्थानबाट दूध बिक्री गर्दा आम्दानी भएको १७ करोड रुपैयाँ संस्थानको खातामा नराखी आफ्नै व्यक्तिगत प्रयोजनमा खर्चेको समाचार पढियो । एउटा संस्थानको नेतृत्वमा पुगेको व्यक्तिले दुई वर्षको अवधिमा यति ठूलो रकम अपचलन गर्दा पनि तालुकवाला निकायका अधिकारीले किन खोजबिन गरेनन् ? के उनीहरूको पनि यसमा भागबन्डा थियो हो ?

यसैबीच लिखित परीक्षा र ट्रायलविनै एक लाख दुई हजार सवारी लाइसेन्स जारी भएको समाचार पनि पढियो । एउटा सरकारी कार्यालयबाट नियमित प्रक्रियासमेत पूरा नगरी यसरी लाखभन्दा बढी सवारीचालक अनुमति पत्र वितरण हुनु भनेको समान्य घटना पक्कै पनि होइन । यस प्रकरणमा तलदेखि माथिसम्मका हरेक कर्मचारीको मिलेमतो हुन सक्छ । अन्यथा सरकारी कार्यालयको 'सिस्टम'भित्रै छिरेर कसरी यति धेरै लाइसेन्स वितरण सम्भव हुन्छ त ?

यस्ता अनेकौं प्रकरण अहिले सतहमा आइरहेका छन् । यस्ता कुनै पनि प्रकरणमा सही र निष्पक्ष छानबिन नहुने, भइहाले पनि झारा टार्ने काम मात्र हुने, मुख्य जिम्मेवार माथिल्ला तहका कसैलाई पनि कारबाही नहुने उदाहरण धेरै देखिन्छन् । यसरी जतासुकै मौलाएको लुटैलुटमाथि छानबिन गरी दोषीमाथि कडा कारबाही गर ।

● **सुचित्रा मैनाली**, ग्वार्को, ललितपुर

अर्बपतिहरूको पक्षमा

अमेरिकाका प्रगतिवादी, दक्षिणपन्थी, राष्ट्रवादी र लोकप्रियतावादी सबै नै 'हरेक अर्बपति नीतिगत असफलता हुन्' भन्ने तर्क गर्छन्



देश/विदेश

● माइकल आर. स्ट्रेन

भर्मोन्टका सिनेटर बर्नी स्यान्डर्स भन्ने गर्छन्, 'अर्बपतिहरू हुनुहुँदैन ।' 'हरेक अर्बपति नीतिगत असफलता हो' भन्ने नारा वास्तवमा प्रगतिशील अमेरिकीमाझ व्याप्त छ । आश्चर्य के भने यसमा प्रगतिशील वामपन्थीसँग दक्षिणपन्थी पपुलिस्ट र राष्ट्रवादीहरू पनि सहमत छन् । केही महिनाअघि पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका पूर्वप्रमुख रणनीतिकार स्टिभ ब्याननले 'अर्बपतिहरूको करमा भारी वृद्धि' गर्न आह्वान नै गरे । यी राष्ट्रवादी र प्रगतिशीलहरूले 'हामीले धेरैभन्दा धेरै अर्बपतिहरू चाहनुपर्छ' भन्न छाडेका छन् ।

अर्बपति नवप्रवर्तकले समाजका लागि ठूलो मूल्य सिर्जना गर्छन् । सन् २००४ को एक शोधपत्रमा नोबेल पुरस्कार विजेता अर्थशास्त्री विलियम डी. नोर्डहासले 'आफूले गरेका प्रविधिगत प्रगतिबाट प्राप्त हुने सामाजिक प्रतिफलको लगभग २.२ प्रतिशत मात्रै उनीहरूले प्राप्त गर्ने गरेको' पाएका थिए । बाँकी लाभ उपभोक्तामा गएको थियो । ब्लुमबर्ग बिलिनेयर्स इन्डेक्सका अनुसार अमेजनका संस्थापक जेफ बेजोसको सम्पत्ति एक खर्ब ७० अर्ब डलर रहेको छ । नोर्डहासको निष्कर्षलाई आधार मान्ने हो भने बेजोसले मात्रै पनि ८० खर्ब डलरभन्दा बढी अर्थात् अमेरिकाको वार्षिक कुल गार्हस्थ उत्पादन (जिडिपी)को एकतिहाइभन्दा बढी रकम समाजका लागि सिर्जना गरिदिएका छन् । अमेजनले थुप्रा उपभोग्य वस्तुको मूल्य घटाएको छ । खुद्रा विक्रेता कहाँ पुग्नुपर्ने समयलाई समाप्त गरेर लाखौं अमेरिकीहरूको ठूलो समय बचाइदिएको छ । यसबीच, बेजोसले ती सामाजिक लाभको सानो अंश मात्र प्राप्त गरेका छन् । पक्कै पनि, सबै अर्बपति नवप्रवर्तक होइनन् । यही तर्क कुनै पनि व्यावसायिक पृष्ठभूमिका अर्बपतिमा लागू गर्न भने सकिन्छ । उदाहरणका लागि, वाल स्ट्रिटका अर्बपतिहरू अर्थव्यवस्थामा कुशलतापूर्वक पुँजी विनियोजन गरेर मूल्य सिर्जना गर्छन् । समयक्रममा यसले लागत घटाउँछ र उत्पादकत्व र नवप्रवर्तनलाई बढावा दिन्छ । जसबाट करोडौं घरपरिवार र व्यवसाय लाभान्वित हुन्छन् ।

उद्यमशीलता र कठोर परिश्रम, वंशवादी विरासत होइनन् । शीर्ष एक प्रतिशत धनाढ्य अमेरिकी परिवारको तीनचौथाइसँग निजी स्वामित्वका व्यवसाय छन्, जसले उनीहरूको ब्यालेन्स सिटमा एकतिहाइभन्दा बढीको योगदान गर्छ । सन् २०१३ मा प्रकाशित एक शोधपत्रले चार सय शीर्ष धनाढ्य अमेरिकीमा १० मध्ये सातजनालाई स्वनिर्मित पाएको थियो । समग्रमा, अमेरिकाको लोकतान्त्रिक पुँजीवादी प्रणालीले काम गरिरहेको छ । लोकतन्त्रमा, प्रयास, जोखिम वहन वा कौशलमार्फत सिर्जित असमानतालाई स्वीकार गरिन्छ । सुधारको ठाउँ छ, तर ध्यान अर्बपतिहरूलाई सिध्याउनुको साटो गरिब र श्रमजीवी वर्गलाई आर्थिक अवसर प्रदान गर्नमा केन्द्रित गर्नुपर्छ । अमेरिकामा अवसरको प्रचुरता छ । उदाहरणका लागि, यहाँको न्यून संरचनात्मक बेरोजगारीलाई नै लिऔं ।

यसैगरी, अर्बपतिमाथिको आक्रोशलाई आय असमानताको बहससँग गलत रूपले मिसाइएको छ, जसले यी शीर्षमा पुग्ने आयको हिस्सामाथि प्रश्न उठाउँछ । तर, बजार अर्थतन्त्रमा आम्दानी गरिन्छ, वितरण हुँदैन । साथै, अर्बपति र सबै घरपरिवारको आयको आधारमा मापन गर्दा असमानता एक दशकदेखि स्थिर वा घट्दो नै छ ।

आधारभूत कुरा के भने अर्बपतिको आलोचनाले युवाहरूलाई सफलता नराम्रो हो भन्ने विकृत सन्देश दिन्छ । यसले उनीहरूको आकांक्षा कम गर्न, प्रयासलाई घटाउन र जोखिम मोल्ने उत्साह कम गरिदिन सक्छ ।



कडा परिश्रमले साँच्चै प्रतिफल दिन्छ । उत्पादकलाई क्षतिपूर्ति बढाउँछ । विडम्बना, यस सन्देशलाई बढावा दिने चर्का आवाज उच्च आय भएका नै हुन् । उनीहरूका बालबच्चा यसको दुष्प्रभावबाट प्रभावित हुने सम्भावना कम देखिन्छ । किनकि उनीहरू गुणस्तरीय स्कुल र कलेजमा भर्ना हुनेछन् । जबकि निम्न-आय भएका परिवारका धेरैजसो बच्चा अपेक्षाकृत कम गुणस्तरीय स्कुलमा पुग्छन् भने उनीहरू कलेजमा पुग्ने सम्भावना कम हुन्छ ।

पपुलिस्ट र राष्ट्रवादीले अर्बपतिलाई जस्तो व्यवहार गर्छन्, त्यसरी व्यवहार गर्नु नैतिक रूपमा डरलाग्दो कुरा हो । दक्षिणपन्थी अधिनायकवादी ट्रम्पप्रति कम बफादार भएको भनेर अर्बपतिलाई दण्डित गर्न राज्यशक्ति प्रयोग गर्न चाहन्छन् । बायाँतर्फका धेरै पनि उनीहरूमाथि विशेष कर लगाउन चाहन्छन् । उदाहरणका लागि, सिनेटर एलिजाबेथ वारेनको 'अल्ट्रा-मिलनेयर ट्याक्स' केवल ०.०५५ प्रतिशत परिवारमा लागू हुनेछ । कर प्रणालीलाई धनीलगायत अमेरिकीको कुनै पनि समूहलाई दण्डित गर्न हतियार बनाइनुहुँदैन ।

ब्लुमबर्ग इन्डेक्सका शीर्ष १० अर्बपतिलाई नै हेर्नौं । उनीहरू धेरै हदसम्म स्वनिर्मित नवप्रवर्तक हुन्, जसले हाम्रो जीवनशैली परिवर्तन गरेका छन् । बिल गेट्स र स्टिभ बाल्मरले व्यक्तिगत कम्प्युटिङमा क्रान्ति ल्याए । जेफ बेजोसले खुद्रा व्यापारलाई बढावा दिए । ल्यारी पेज, सर्गेई ब्रिन र लारी इलिसनले वेब सर्च र डेटाबेस सफ्टवेयरको विकास गरे । मार्क जुकरबर्ग सामाजिक सञ्जालका अग्रणी हुन् । बर्नार्ड अर्नाल्ट र वारेन बफेट प्रख्यात लगानीकर्ता हुन् । उनीहरूमध्ये कोही पनि 'नीतिगत असफलता' होइनन् । उनीहरूको अस्तित्व नै नहोस् भन्ने कामना गर्नुको साटो उनीहरूको उद्यममा हामी रोमाञ्चित हुनुपर्छ । उनीहरूले संसारभरका लाखौं मानिसका लागि सिर्जना गरेको मूल्यका सामु उनीहरूको नेटवर्थ तुच्छ छ । यी मानिसको क्यारिअरबाट बालबालिकाहरू प्रभावित हुनुपर्छ । यसले उनीहरूको कल्पनालाई उद्वेलित गराउनुपर्छ र आकांक्षालाई ऊर्जा दिनुपर्छ । यसले उनीहरूलाई मात्र होइन, समाजका सबै सदस्यलाई फाइदा पुऱ्याउनेछ ।

(स्ट्रेन अमेरिकन इन्टरप्राइज इन्स्टिच्युटका आर्थिक नीति अध्ययनका निर्देशक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

एक दलको आधिपत्यले स्थिरताको सुनिश्चितता गर्दैन



● ज्योति रहमान



> आगामी दिनमा बंगलादेशको आर्थिक समस्या थप जटिल हुँदै जाने आइएमएफले प्रक्षेपण गरेको छ। त्यसवाहेक प्रधानमन्त्री हसिना ७६ वर्ष पुगिन्। उनको पार्टीमा न उत्तराधिकारी छनोटको कुनै संयन्त्र छ, न उनको साख धान्न सक्ने कुनै नेता नै देखिन्छन्। यसले उनीपछिको राजनीतिक अस्थिरताको संकेत गर्छ।

जनवरी ७ मा बंगलादेशीहरू देशका ३०० सांसद सदस्य तथा आगामी सरकार चुन्ने निर्वाचनमा सहभागी भए। तथापि, बंगलादेशमा जारी निर्वाचनको विजेता चुनावअघि नै सुनिश्चित थिए। प्रधानमन्त्री शेख हसिनाले हासिल गरेको बलियो म्यान्डेट खासमा उनको लोकप्रियताले भन्दा पनि विपक्षीहरूको चुनावी बहिष्कारले निम्त्याएको हो। बंगलादेश नेसनल पार्टी (बिएनपी)को नेतृत्वमा विपक्षी दलहरूले यस निर्वाचनलाई बहिष्कार गरे। चुनावपछि बंगलादेश थप अस्थिरताको दलदलमा फस्न सक्छ, जसले दशकौंको प्रयासबाट हासिल भएको जीवनस्तरको सुधारमा क्षति पुऱ्याउन सक्छ। आखिर यो देश कसरी यो निराशाजनक स्थितिमा आइपुग्यो।

सुरुबाटै थालौं। थोरै देशको सुरुवात बंग्लादेशको जस्तो दुष्कर होला। सन् १९६० मा विश्वको विपन्नमध्ये यस क्षेत्रले सन् १९७० नोभेम्बरमा इतिहासकै सबैभन्दा विनाशकारी चक्रवातको मार सह्यो। चक्रवातले करिब पाँच लाखको ज्यान लियो। लगत्तै अर्को वर्ष पश्चिम पाकिस्तानको विभेद र दमनविरुद्ध स्वतन्त्रता संग्राम सुरु भयो। विभिन्न तथ्यांकले तीन लाखदेखि ३० लाखबीच मानिसको ज्यान गएको मानिने त्यस भीषण स्वतन्त्रता संग्राममा देशको झन्डै २० प्रतिशत अर्थतन्त्र ध्वस्त भयो। करिब २.५ करोड मानिस विस्थापित भए। देश स्वतन्त्र भयो, तर अर्थतन्त्रमा पुगेको क्षतिले आममूल्य चार गुणासम्मले बढ्यो। सन् १९७४ मा आएको भोकमरीले १०औं हजार मानिसको ज्यान लियो।

समस्या प्राकृतिक र सामाजिक मात्र सीमित थिएन। सन् १९७५ मा देशको पहिलो राष्ट्रपति, उनको परिवार, कैयौं शीर्ष नेता तथा वरिष्ठ सैन्य अधिकारी मारिए। राजनीतिक अस्थिरताका बाबजुद सन् १९७५ पछि देशको सामाजिक स्थितिमा सुधार आउन थाल्यो। एकपछि अर्को सैन्य तथा निर्वाचित सरकारले जे-जे गर्दा अर्को भोकमरी रोकिन्छ तिनै कदम अवलम्बन गर्ने नीति लिए। र, तिनले साँच्चै कम गऱ्यो। थप कुहरू, राजनीतिक हत्या, अस्थिरता, बाढी, चक्रवात र वैश्विक आर्थिक झट्काका बाबजुद बंगलादेशले फेरि भोकमरी भोग्नुपऱ्यो। भोकमरी पन्छाउनुको अतिरिक्त देशमा विकासको दीर्घकालीन प्रगति देखिन थाल्यो। सन् १९९० को दशकको प्रारम्भमा बंगलादेशले सैनिक तानाशाहबाट लोकतन्त्रतर्फ संक्रमण गऱ्यो। त्यसपछि भएका चार स्वतन्त्र र निष्पक्ष निर्वाचनमा (सन् १९९१, १९९६, २००१ र २००८) सबै प्रमुख राजनीतिक दलले भाग लिए। यी चुनावमा शेख हसिना नेतृत्वको अवामी लिग र खालिदा जिया नेतृत्वको बिएनपी पालैपालो सत्तामा आए।

सत्तारूढ दलले चुनावमा सत्ता संयन्त्रलाई आफ्नो पक्षमा दुरुपयोग गर्ने सम्भावना रोक्न देशको राजनीतिक वर्गले गैरराजनीतिक चुनावी सरकारले चुनाव गर्ने प्रावधान गरेको थियो। फस्टाउँदो मिडिया तथा नागरिक समाज र सबल न्यायपालिकाले सन् १९९१ देखि सन् २००८ बीच बनेका सरकारलाई नियन्त्रण र सन्तुलनमा राखे। प्रजातन्त्रतर्फको संक्रमणसँगसँगै देशको अर्थतन्त्रमा उछाल देखिन सुरु भयो। औसत वास्तविक आय (मुद्रास्फीतिलाई मिलान गर्दा) झन्डै तीन गुणाले बढ्दै केही आधारमा भारत र पाकिस्तानभन्दा उच्च हुन पुग्यो। यही पृष्ठभूमिमा अन्तर्राष्ट्रिय मिडियामा 'बंगलादेशको आर्थिक चमत्कार'का समाचार देखिन थाले। तथापि, यी लेखमा बंगलादेशको विकास मोडेलमा देखिन सुरु भएका दरारलाई छोपछाप गरिए। गत केही वर्षमा यी दरार थप बढेको छ। सन् २००९ देखि निरन्तर सत्तामा रहेकी शेख हसिनाको शासनकाल समाजमा असमानता उच्च भएको छ।

सन् २००० को दशकको अन्त्यसम्म आइपुग्दा देशको आर्थिक पूर्वाधार आय बढेअनुरूप सुधार हुन सकेन। देशलाई थप ऊर्जा संयन्त्र, सडक, पुल र रेलमार्ग चाहिएको थियो। लगानीको अभाव थिएन। बहुराष्ट्रिय विकास बैंक तथा वैदेशिक सरकार बंगलादेशमा लगानी गर्न इच्छुक थिए। समस्या शासनमा थियो। ठूला पूर्वाधार परियोजनामा लामो समयका लागि विशाल रकम प्रयोग गर्नुपर्ने हुन्छ। लगानीकर्ता उनीहरू संलग्न परियोजना राजनीतिक परिवर्तनपछि पनि कायम रहने सुनिश्चिता खोज्छन्। यही अवस्थामा हसिना र देशका अभिजात वर्गबीच सम्झौता बन्यो- हसिनाको सत्तामा टिकिबस्ने चाहनालाई अभिजातहरूले समर्थन दिने र बदलामा ठूला परियोजनामाथिको पहुँच र तिनको मुनाफामा सरकारी अनुगमन नहुने।

तर, सरकारले ठूला पूर्वाधार परियोजनालाई प्राथमिकता दिइरहँदा शिक्षा तथा स्वास्थ्यमाथिको राज्यको खर्च धेरै छिमेकीको भन्दा निकै तल झरेको छ। वैश्विक परिस्थितिअनुकूल रहँदासम्म देशको निम्न श्रमिक वर्गको आयमा थोरबहुत वृद्धि भइरह्यो। तर, सन् २०२२ को बीचदेखि खाद्यान्नमा देखिएको दोहोरो अंकको मूल्यवृद्धि, वैदेशिक सञ्चितिमा करिब आधाले आएको ह्रास र मुद्रामा आएको ४० प्रतिशतको अवमूल्यनले देश आर्थिक संकटतर्फ अघि बढेको संकेत गर्छ।

यी पृष्ठभूमिबीच यदि निर्वाचन स्वच्छ र निष्पक्ष रूपमा सञ्चालन भएको भए, मतदाताले हसिनालाई अवश्य सत्ताबाट हटाउने थिए। (जुन पालैपालो दुई दललाई जिताएको इतिहासले पनि संकेत गर्छ।) तर, हसिनाको शासनमा बंगलादेशको प्रजातन्त्र कमजोर बनेको छ। गैरराजनीतिक चुनावी सरकारको प्रावधान सन् २०११ मा हसिनाले हटाइन्। त्यसपछि २०१४ जनवरीमा आयोजना भएको चुनावलाई विपक्षी दलले बहिष्कार गरे। सो चुनावमा एक मत नखसी अवामी लिगले संसद्को बहुमत सिट जितिसकेको थियो। प्रतिद्वन्द्वीको अभावमा पार्टीका एक सय ५३ जना सांसद निर्विरोध भएका थिए। सन् २०१८ मा भएको अर्को चुनाव थप खराब रह्यो, जसमा धेरै ठाउँका मतपेटिकाहरू चुनावअघिको रात नै भरिएका थिए।

अवामी लिगले सत्तामा टिक्क राज्य संयन्त्रको चरम दुरुपयोग गरिरहेको छ। विशेषतः सुरक्षाबलमाथि हासिनाको निर्भरता बढ्दै गएको छ। कुनै समय बंगलादेशका शक्तिशाली नागरिक समाज डरधम्की र नक्कली मुद्दा लगाएर कमजोर बनाइएका छन्। नोवल पुरस्कार विजेता मोहम्मद युनुसलाई समेत करछलीको मुद्दामा फसाइएको छ। हसिनाको शासनकालमा बंगलादेशका विधिको शासन तथा प्रेस स्वतन्त्रतासम्बन्धी हरेक सूचकहरूमा ह्रास आएको छ। न्यायाधीशहरू तिनको क्षमताभन्दा पनि राजनीतिक बफादारिताका आधारमा चुनिइरहेका छन्। सुरक्षा संयन्त्रहरू अत्याधुनिक सफ्टवेयरमार्फत विपक्षीमाथि निगरानी राख्ने, पत्राउ गर्ने तथा यातना दिने काममा संलग्न छन्। गैरन्यायिक हत्या बढेको छ।

बंगलादेशको अधिनायकवादी रुझान बाँकी विश्वबाट लुकेको छैन। अर्को आर्थिक तानाशाह जन्मने चिन्ताले अमेरिकाको बाइडेन सरकारले हसिनाको शासनमाथि दबाब राख्न कैयौं कठोर कदम उठाएको छ। अमेरिकाले सन् २०२१ डिसेम्बरमै कैयौं शीर्ष बंगलादेशी सुरक्षा अधिकारीहरूमाथि प्रतिबन्ध लगाएको छ। पछि उसले फेरि चुनावी धाँधलीमा संलग्न हुने अधिकारीहरूलाई भिसा नदिने घोषणा गऱ्यो। यस घोषणाले ती अधिकारीका परिवार र सन्तानसम्मलाई लागू हुने भएकाले कठोर मानिएको छ।

स्वच्छ तथा निष्पक्ष चुनावका लागि दबाब दिने कार्यमा युरोपेली संघ पनि अमेरिकासँग नमिसियोस् भन्ने सुनिश्चित गर्न हसिना सरकारले आर्थिक प्रलोभनको हतियार अंगीकार गरिन्। हसिनाको सरकारले देशको साधन-स्रोतविहीन र घाटा व्यहोर्ने सरकार वायुसेवाका लागि युरोपेली संघले बनाउने १० वटा एयरबस विमान किन्ने निर्णय गरेको छ। उता हसिना सरकारलाई खुसी बनाउने हेतुले चीनले अमेरिकी दबाबलाई 'बंगलादेशको आन्तरिक मामिलामाथिको हस्तक्षेप'को संज्ञा दियो। आगामी दिनमा बंगलादेशको आर्थिक समस्या थप जटिल हुने निश्चित छ। अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले आगामी दशकभर देशले घाटाको चालू खाता सामना गर्ने प्रक्षेपण गरेको छ। र, हसिनाको व्यक्तित्वको वरिपरि वर्तमान सरकारको प्रचार गर्नु आफैं अस्थिरताको जोखिमतर्फ इंगित गर्छ। हसिना ७६ वर्ष पुगिसकिन्, तर उनको पार्टीमा न उत्तराधिकारी छनोटको कुनै संयन्त्र छ, न उनको साख धान्न सक्ने कुनै नेता नै देखिन्छन्।

विश्व संक्षेप

भुटानमा विपक्षी दललाई बहुमत

थिम्पु/ भुटानको उदारवादी दल मानिने पिपुल्स डेमोक्र्याटिक पार्टी (पिडिपी) ले मंगलबार सम्पन्न निर्वाचनमा कुल ४७ मध्ये ३० सिट जितेको त्यहाँको निर्वाचन आयोगले बुधबार जनाएको छ। योसँगै पिडिपीका नेता तथा पूर्वप्रधानमन्त्री छिरिङ तोब्गेलाई दोस्रो कार्यकालको बाटो खुलेको छ। तोब्गे यसअघि सन् ०१३ देखि ०१८ सम्म प्रधानमन्त्री थिए। पिटसबर्ग विश्वविद्यालयबाट मेकानिकल इन्जिनियरिङ अध्ययन गरेका र हार्वर्डबाट सार्वजनिक प्रशासनमा स्नातकोत्तर पूरा गरेका ५८ वर्षीय तोब्गे राजनीतिमा आउनुअघि निजामती कर्मचारी थिए। भुटान विश्वका दुई सबैभन्दा बढी जनसंख्या भएका देश चीन र भारतको बीचमा रहेकाले भूराजनीतिक रूपमा महत्त्वपूर्ण मानिन्छ। दुवै मुलुकले भुटानको पछिल्लो मतदानलाई चासोका साथ हेरेका थिए। जितलगत्तै भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पिडिपी नेता तोब्गेलाई बधाई दिएका छन्। 'मेरा मित्र तोब्गेलाई हार्दिक बधाई छ!' मोदीले एक्समा लेखेका छन्। जवाफमा टोब्गेले मोदीलाई सोही सामाजिक सञ्जालबाट नै 'हार्दिक आभार' प्रकट गरेका छन्।

इक्वेडरमा राष्ट्रिय संकट घोषणा

क्विटो/ इक्वेडरको चिम्बोराजो प्रान्तको रियोबाम्बा सहरको एक कारागारबाट सोमबार राति करिब ३९ कैदी सुरक्षा घेरा तोडेर फरार भएका छन्। रियोबाम्बाका नगर प्रमुख जोन बिनुएजाले स्थानीय पिचिन्चा रेडियो स्टेसनलाई दिएको जानकारीअनुसार कारागारमा दंगापछि विस्फोट भएको र लगत्तै केही कैदी भाग्न सफल भएका थिए। 'कारागारको सुरक्षा घेरा तोडेर ३९ कैदी भागेका छन्। मैले प्राप्त गरेको जानकारीअनुसार फरारमध्ये १२ जनालाई पुनः कब्जामा लिइएको छ,' बिनुएजाले भने। फरार हुनेमा 'लस लोबोस' आपराधिक संगठनसँग सम्बन्धित कुख्यात अपराधी फेब्रिसियो कोलोन पिको पनि छन्। पिकोविरुद्ध देशका महान्यायाधिवक्ता डायना सालाजारलाई मार्ने योजना बनाएको आरोप छ। सरकारले हिंसा बढेपछि आपराधिक गतिविधि रोक्न रात्रिकालीन कर्फ्युसहित ६० दिनको आपत्कालीन अवस्था घोषणा गरेको छ।

'गाजामा 'धेरै' सर्वसाधारण मारिए'

वासिङ्टन डिसी/ अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनले इजरायलद्वारा प्यालेस्टिनी कट्टरपन्थी लडाकु (हमास) समूहविरुद्धको कारबाहीमा मृत्यु हुने प्यालेस्टिनी सर्वसाधारणको संख्या 'धेरै' भएको बताएका छन्। 'मृत्यु हुने प्यालेस्टिनी बालबालिका र महिलासहित सर्वसाधारणको संख्या 'धेरै' हुनु दुःखको विषय हो। यस सम्बन्धमा संयमित हुन इजरायली प्रशासनसँग आग्रह गरिएको छ,' ब्लिंकेनले भने। गाजापट्टीमा युद्ध सुरु भएयता मध्यपूर्वको आफ्नो चौथो आपत्कालीन भ्रमणमा रहेका ब्लिंकेनले मंगलबार इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुसँग तेल अभिभमा भेटवार्ता गरेका थिए। ब्लिंकेनले तेल अभिभमा पत्रकार सम्मेलनमा संयुक्त राज्य अमेरिकाले इजरायलाई समर्थन दिन जारी राख्ने बताए। वासिंटनले हाल जारी युद्ध सकिएपछिको परिदृश्य प्रस्तुत गरेको छ, जसअन्तर्गत हाल प्यालेस्टाइनको पूर्वी भाग वेस्ट बैंकमा शासन गरिरहेका राष्ट्रपति महमुद अब्बासको नेतृत्वलाई गाजामा विस्तार गर्नुपर्ने प्रस्ताव गरिएको छ।

Government of Province
Ministry of Water Resources and Energy Development
Water Supply, Irrigation and Energy Development Directorate
Water Supply, Irrigation and Energy Development Office
Karnali Province
Jajarkot, Nepal

Invitation for Electronic Bids

Date of publication: 11 jan, 2024

1. The Water Supply, Irrigation and Energy Development Office, Jajarkot invites bids for the following works under NCB Single Stage Procedure.All other information and Bids document can be Downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit bids with the requested documents with in the mentioned period. The name and identification of the contract are as follows:

Contract ID No.	Name of Procurement	Estimated Amount incl. vat & PS Item	Bid Security fee NRs.	Document Fee NRs.	Rmarks
01/080-081/NCB/ GOODS /WS/WIEDO-JAJARKOT	Supply and delivery of HDPE pipe (NS-40, PE-100)	10224561.58	236000	3000.00	HDPE pipe Manufacturer Company only.

Office Incharge

Government of Nepal
Ministry of Urban Development
Department of Local Infrastructure
Local Infrastructure Development Project Office
Karnali Province, Birendranagar, Surkhet

Invitation for Bids

Local Infrastructure Development Project Office, Surkhet invites for Specific maintenance of various road (Contract Identification No: LIDPO/Surkhet/RM/W/NCB-5/2080/081, LIDPO/Surkhet/RM/W/NCB-6/2080/081, LIDPO/Surkhet/RM/W/NCB-7/2080/081, LIDPO/Surkhet/RM/W/NCB-8/2080/081, LIDPO/Surkhet/RM/W/NCB-9/2080/081 & LIDPO/Surkhet/RM/W/NCB-10/2080/081). Eligible bidders may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp.

1. **Date Of Publication:** 2080-09-26 (2024-January-11)
2. **Pre-Bid Meeting Date:** 2080/10/18 (2024-February-1), 13:00 hrs.
3. **Last Date Of Submission:** 2080/10/28 (2024-February-11), 12:00 hrs.
4. **Technical Bid Opening Date:** 2080/10/28 (2024-February-11), 13:00 hrs.

Office Chief

रिलायन्स फाइनान्स लि. को कर्जा चुक्ता गर्ने तथा धितोमा रहेका अचल सम्पतिको लिलाम बिक्रिका लागि ७ दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मितिः २०८०/०९/२६)

यस वित्तीय संस्थाबाट कर्जा कारोवार गर्ने तपशिल बमोजिमको विवरणका ऋणीले यस वित्तीय संस्थासंगका शर्त कबुलियत लिखत बमोजिम कर्जा नतीरी नबुझाई बक्यौता राख्नु भएकोले पटक पटक लिखित, मौखिक तर ताकेता एवं सार्वजनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत कर्जा हिसाब फरफारक नगरेकोले यो सुचना प्रकाशित गरीएको छ। यो सुचना प्रकाशित गरेको मितिले ७ दिन भित्र कर्जा हिसाब फरफारक गर्न गराउन ऋणी, धितो दिने र व्यक्तिगत धन जमानी दिने समेतलाई यसै सुचनाद्वारा सुचित गरिन्छ। उक्त म्याद भित्र पनी कर्जा हिसाब राफसाफ नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३ ले दिएको अधिकार तथा ऋणी संगका कानुनी लिखतका आधारमा सो कर्जा वापत राखेको धितो जायजेथा लिलाम बिकी गरि लेना असुल उपर गरीने र सो बाट नपुग भएमा ऋणी र धितो जमानी दिनेको अन्य जायजेथा समेतबाट असुल उपर गर्न आवश्यक कानूनी कार्यवाही अगाडी बढाइने व्यहोरा समेत सुचित गरिन्छ। साथै ऋणी व्यक्तीगत धन जमानीकर्ता तथा धितो जमानत दिनेलाई समेत कर्जा सुचना केन्द्रको कालो सुचिमा राख्नका लागी लेखि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। ऋणीले सो म्यादमा कर्जा हिसाब राफसाफ नगरेमा लेखाई दिएको तपशिल बमोजिमको जायजेथा ८औं दिनमा लिलाम बिकी गरिने हुनाले यो सूचना प्रकाशित भएको ७ दिन भित्र तपशिलका शर्तका अधिनमा आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी पेश गर्न हुन समेत सर्वसाधारणमा आव्हान गर्दछौं। सो जेथा लिलाम बिकी नभएमा वित्तीय संस्था आफैले सकार गरि लिन सक्नेछ।

तपसिल

शाखा कार्यालयः महेन्द्रनगर, कञ्चनपुर

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण
नामः त्रिशक्ति पोल्ट्रि फर्म **प्रो. विर बहादुर शाह** दर्ता नं.: ७३/३५४२/०७३/७४ पान नं.: ६०४९८९३९४ ठेगानाः बेदकोट-०८, कञ्चनपुर कर्जा शिर्षकः साना तथा मझौला व्यवसाय कर्जा	विर बहादुर शाहको नाममा दर्ता रहेको कञ्चनपुर जिल्ला दोधरा गा.वि.स. वडा नं. ०६ स्थित कित्ता नं ८२७ को क्षेत्रफल १६९४.०० वर्ग मिटरको जग्गा र कञ्चनपुर जिल्ला सुडा गा.वि.स. वडा नं. ०७ स्थित कित्ता नं १७२३ को क्षेत्रफल ३३८.६३ वर्ग मिटरको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।	**विर बहादुर शाह** ठेगानाः वेदकोट-०१, कञ्चनपुर बुवाः खड्क बहादुर शाह बाजेः मन्दिर शाह **भागरथी देवी शाह** ठेगानाः वेदकोट-०८, कञ्चनपुर ससुराः खड्क बहादुर शाह श्रीमानः विर बहादुर शाह **भूपेन्द्र भण्डारी** ठेगानाः अमरगढी-०३, डडेल्धुरा बुवाः तेज बहादुर भण्डारी बाजेः दान सिंह भण्डारी

शिलबन्दी बोलपत्र सम्बन्धि शर्तहरूः १. शिलबन्दी बोलपत्र आह्वान सुचना प्रकाशित भएको मितिले ८ औं दिनमा सरकारी प्रतिनिधिको रोहवरमा अपरान्ह २ बजे संस्थाको शाखा कार्यालय महेन्द्रनगर, कञ्चनपुरमा हुनेछ, सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट हुनेछ। २. खरिद गरि लिन चाहेको उल्लेखित सम्पत्ति के कति रकममा खरिद गरि लिन चाहेको हो, सो रकम अङ्क तथा अक्षरमा स्पष्ट हुनुपर्ने छ। आफुले कबोल गरेको रकमको घटिमा १० प्रतिशत रकम धरौटी स्वरुप संस्थाको नामको प्रभु बैंक लि कोटेश्वर शाखाको चल्ती खाता नं. ०१७००१७८१२४०००२६ मा जम्मा गरि सो को सक्कल भौचर बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ। ३. बोलपत्रवालाको नागरिकताको प्रतिलिपी बोलपत्र साथ समावेश हुनुपर्ने छ। ४. बोलपत्र खोलिने दिन बोलपत्र दाता स्वयं वा निजको आधिकारिक प्रतिनिधि तोकिएको समय भित्र नै उपस्थित हुन यसै सुचनाद्वारा जानकारी गराइन्छ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने र सो खोलिएको बोलपत्र उपर पछि कुनै किसीमको दावी तथा उजुरी लाग्ने छैन। बोलपत्र रित नपुगी आएका तथा शर्त राखी दिएको बोलपत्र उपर कुने कारवाहि गरिने छैन। ५. बोलपत्रमा कबुल अंकमा सो जेथा बिकी गर्ने नगर्ने अधिकार यस वित्तीय संस्थालाई हुनेछ। ६. कबुल अंकमा सो जेथा बिकी गर्ने निर्णय भएमा धरौटी रकम बाहेक बांकी रकम संस्थाले तोकेको समयमा संस्थामा दाखिला गरि जेथा दाखेल खारेज गरि लान सकिनेछ। ७. बोलपत्र अस्वीकृत भएमा धरौटी फिर्ता गरिनेछ। बोलपत्र स्वीकृत भै सुचना गरीएमा सुचना गरेको मितिमा रकम दाखिला गरि जेथा दा.खा. गरि नलिएमा धरौटी जफत गरिनेछ। ८. सो जेथा दा.खा. गर्दा लाग्ने राजश्व र अन्य खर्च बोलपत्रवालाले व्यहोर्नु पर्नेछ। ९. विस्तृत जानकारीका लागि वित्तीय संस्थामा सम्पर्क राख्न सकिनेछ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Branch Office: Mahendranagar, Kanchanpur. Tel: 099 520440/422
info@reliancenepal.com.np । www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

Aandhikhola Rural Municipality
Office Of Rural Municipal Executive
Krishi, Syangja
Gandaki Province, Nepal

Invitation for Bids for the Upgrading Of Fulbari Fuwase Mahanches Majkatera Road

Contract Identification No:- ANDH-W-NCB-FM-06-080-81
Date of publication: :- 11 January 2024

1. The Aandhikhola Rural Municipality, Office of Rural Municipal Executive Krishi Syangja invites electronic bids from eligible bidders under National Competitive Bidding procedures.

Contract ID	Description and Location Of Work	Approved Estimated Amount (Without VAT&PS) Nrs.	Bid Document Fee(Nrs)	Bid Security Amount (Nrs)	Bid Validity Security Period
ANDH-W-NCB-FM-06-080-81	Upgrading Of Fulbari Fuwase Mahanches Majkatera Road	3714692.70	3000.00	1,20,000	120 Days

2. Information to deposit the cost of Bidding Document and bid bond in bank:

Office Name	Aandhikhola Rural Municipality, Krishi, Syangja	Last Date Of Submission	Pre Bid Meeting
Name of Bank	NIC Asia Bank Ltd, Krishi branch	11 February 2024, 12.00 hrs	24 January, 2024, 13.00 hrs
Dharautti Account no:	N4CA052540052402 Dharautti (ga-3)		
Rajaswa Sirsak No:	2342050028676002 Revenue Heading Ga-1.1		

3. Bidder can only bid electronically through e-procurement section of PPMO's Website http//www.bolpatra.gov.np/egp.
4. Online bids must be valid for a period of 90 days for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
5. Any conditions far not covered shall be as per public procurement act 2063 and public procurement Regulation 2064 (Amendment-2078). Any amendment in tender notice shall be published in e-procurement section.
6. Bank guarantee shall be in the format specified in the bid documents otherwise rejected.
7. Aandhikhola Rural municipality, Office of Rural municipal Excecutive section reserves the right to reject or accept or cancel any bid partially or full . Any other information regarding the bid is provided in the bid documents.

Chief Administrative Officer

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार २६ पुस ०८०

महसुल नतिर्ने उद्योगको लाइन सरकारको लिखित निर्देशनपछि मात्रै जोडिने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारबाट लिखित निर्देशन आएपछि मात्रै नेपाल विद्युत् प्राधिकरणले २३ उद्योगमा काटिएको विजुलीको लाईन जोड्ने भएको छ। डेडिकेटेड फिडर र ट्रंकलाइन महसुल विवादबारे छानबिन गर्न मंगलबारको मन्त्रिपरिषद्ले समिति गठन गर्ने र लाइन काटिएका उद्योगमा विद्युत् आपूर्ति गर्न निर्देशन दिने निर्णय गरेको थियो। त्यसलगत्तै उद्योगहरूमा लाइन जोडिने अपेक्षा गरे पनि बुधबार रातिसम्म २३ वटा उद्योगमा विद्युत् कटौती कायमै छ।

डेडिकेटेड फिडर र ट्रंकलाइनको प्रिमियम महसुल नतिरेपछि प्राधिकरणले ६ पुसबाट उद्योगको लाइन काट्न सुरु गरेको हो। हालसम्म २४ उद्योग लाइन काटिएकोमा पैसा तिर्न थालेपछि हिमाल स्टिलमा लाइन भने जोडिएको छ। प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवाललेलाइन जोड्नेबारे कुनै काम नभएको बताए। 'मन्त्रिपरिषद्ले लाइन जोड्न निर्देशन दिने निर्णय गरेको अनौपचारिक जानकारी आएको छ। तर, हामीलाई लिखितपत्र प्राप्त भएको छैन,' उनले भने, 'हामीले मन्त्रिपरिषद् निर्णय नमान्ने भन्ने कुरा हुँदैन। तर, पत्र नआएसम्म उद्योगमा लाइन जोड्दैनौं।'

यसअघि प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले पनि माथिल्लो निकायबाट लिखित जवाफ नआएसम्म आफ्नो निर्णय परिवर्तन नहुने बताउँदै आएका थिए। 'लेखा समिति, अख्तियार, अदालतलगायतका निकायले पैसा उठाउनु भनेका छन्। तर, उद्योगहरू बक्यौता तिर्दैनन्। त्यसैले हामीले बक्यौता नतिर्ने उद्योगको लाइन काटेको हो,' पुस १२ गते आयोजित पत्रकार सम्मेलनमा उनले भनेको थिए, 'यो पैसा तिर्नुपर्दैन भनेर माथिल्लो निकायले भन्नुपर्‍यो। कुनै उचित निकास दिने निर्णय गरिदिन पर्‍यो।

साथै, त्यसको लिखितपत्र पनि आउन पर्‍यो। त्यसपछि मात्रै हामी थप निर्णय लिन सक्छौं।' उनले त्यसवेला दिएको अभिव्यक्तिअनुसार नै अहिले प्राधिकरणलले मन्त्रिपरिषद्को लिखितपत्र पर्खिरहेको छ।

मन्त्रिपरिषद्ले सीधै प्राधिकरणलाई निर्देशन दिन मिल्दैन। मन्त्रिपरिषद्ले मंगलबारको निर्णयअनुसार ऊर्जा मन्त्रालयमा पत्र पठाउनेछ। त्यसपछि सोही पत्रका आधारमा मन्त्रालयले प्राधिकरणलाई लाइन जोड्न निर्देशन दिनेछ। ऊर्जा मन्त्रालयका प्रवक्ता नवीनराज सिंहले पनि यसबारे मन्त्रिपरिषद्बाट पत्र प्राप्त नभएको बताए। 'हामीलाई पनि मन्त्रिपरिषद्को निर्णयसम्बन्धी पत्र प्राप्त भएको छैन। त्यो पत्र प्राप्त भएपछि प्राधिकरणको नाममा निर्देशन जारी हुनेछ,' उनले बताए। प्राधिकरणले ६ पुसदेखि उद्योगमा लाइन काट्न थालेको थियो।

'यो विवादित विषय हो, त्यसमाथि अर्बौं रुपैयाँ बक्यौता छ। त्यो अवस्थामा हामीले हचुवामा लाइन जोडिदिने कुरा आउँदैन,' प्राधिकरणका एक उच्च अधिकारीले भने, 'माथिल्लो निकायबाट स्पष्ट रूपमा लिखित पत्र आउनुपर्छ, त्यसकै आधारमा हामी थप निर्णय गर्नेछौं।' लोडसेडिङको वेला प्राधिकरणले साउन ०७२ देखि उद्योगहरूलाई ६५ प्रतिशत प्रिमियम शुल्कमा २४ घन्टासम्म विद्युत् उपलब्ध गराएको थियो। तर, त्यसको प्रिमियम महसुल अहिले विवादमा छ। प्राधिकरणले साउन ०७२ देखि उद्योगमा मितिभन्दा अघि र लोडसेडिङ अन्त्य भएपछिको बक्यौता नतिर्ने उद्योगीहरूको अडान छ। यदि प्रमाण भएको अवस्थामा ०७२ माघदेखि ०७५ वैशाखसम्मको बक्यौता भने तिर्ने उद्योगीले बताउँदै आएका छन्। यसअन्तर्गत ५९ वटा उद्योगको मात्रै २२ अर्ब ४० करोड बक्यौता बाँकी छ। त्यो बक्यौता नतिरेको भन्दै प्राधिकरणले ६ पुसदेखि उद्योगमा विद्युत् आपूर्ति कटौती गर्दै आएको छ। हालसम्म २४ उद्योगको लाइन काटिएकोमध्ये किस्तामा बक्यौता भुक्तानी गर्न लागेपछि हिमाल आइरन एन्ड स्टिलमा विद्युत् जडान गरिएको छ। अन्य २३ उद्योगमा लाइन कटौती गरिरहेको अवस्था छ।

मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको नेतृत्वमा छानबिन समिति गठन गरेको छ। छानबिन समितिमा उद्योग र ऊर्जा मन्त्रालयका सहसचिव सदस्य हुनेछन्, सहसचिवहरूको नाम टुंगो लाग्न बाँकी छ। सोही समितिले अब डेडिकेटेड फिडर र ट्रंकलाइनको महसुल विवादबारे छानबिन गरेर सरकारलाई निश्चित रायसहितको प्रतिवेदन बुझाउनेछ। सोही प्रतिवेदनका आधारमा सरकारले यसबारे थप निर्णय गर्नेछ। मन्त्रालयले छानबिन समितिका लागि कार्यादेश बनाउने काम गरिरहेको छ। कार्यादेश तयार भएपछि छानबिन समितिले काम सुरु गर्नेछ।

पत्र नआएसम्म उद्योगमा लाइन जोड्दैनौं

● **मनोज सिलवाल**
उपकार्यकारी निर्देशक, विद्युत् प्राधिकरण



मन्त्रिपरिषद्ले लाइन जोड्न निर्देशन दिने निर्णय गरेको अनौपचारिक जानकारी आएको छ। तर, हामीलाई लिखितपत्र प्राप्त भएको छैन, हामीले मन्त्रिपरिषद्को निर्णय नमान्ने भन्ने कुरा हुँदैन। तर, पत्र नआएसम्म उद्योगमा लाइन जोड्दैनौं।

डेडिकेटेड र ट्रंकलाइनमार्फत बिजुली दिन सुरु गरे पनि त्यसको प्रिमियम शुल्क पुस ०७२ मा मात्रै तत्कालीन विद्युत् महसुल निर्धारण आयोगले अनुमोदन गरेको थियो। ३१ वैशाख ०७५ मा लोडसेडिङ अन्त्य भए पनि प्राधिकरणले डेडिकेटेड र ट्रंकलाइनको विद्युत् महसुलदर खारेज नभएको भन्दै जेठ ०७७ सम्म उद्योगीहरूलाई प्रिमियमसहितको बिल पठाएको थियो। असार ०७७ यता प्रिमियम महसुल खारेज गरिएको थियो।

त्यसमा तत्कालीन आयोगले अनुमोदन गरेको

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

पाँच महिनामा तीन अर्बको अलैंची निर्यात

अलैंचीको भाउ ६ वर्षयताकै उच्च, प्रतिकेजी दुई हजार पुग्यो

झापामा **चिरञ्जीवी धिमिरे**
ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**
र लमजुङमा **शान्ता कमली**



मेची भन्सारबाट निर्यात हुने कृषिजन्य उत्पादनको पहिलो नम्बरमा पर्छ अलैंची,। चालु आर्थिक वर्षको मंसिरसम्म मेची भन्सारबाट तीन अर्बभन्दा बढीको अलैंची निर्यात भएको मेची भन्सार कार्यालय काकडभिट्टाले जनाएको छ। चालू आर्थिक वर्ष ०८०/८१ को मंसिर मसान्तसम्म २३ लाख ७४ हजार ११० केजी अलैंची निर्यात भएको छ। जसबाट तीन अर्ब नौ करोड ८६ लाख १४ हजार रुपैयाँ नेपाल भित्रिएको तथ्यांक छ।

गत आर्थिक वर्ष ०७९/८० को यही अवधिमा ३३ लाख ९२ हजार ३३१ केजी अलैंची भारत निर्यात गर्दा दुई अर्ब ७२ करोड ३६ लाख भित्रिएको थियो। मूल्यवृद्धि हुँदा गत वर्षको तुलनामा १० लाख १८ हजार किलो अलैंची कम निर्यात हुँदा पनि मूल्य करिब १४ प्रतिशत बढेको छ।

■ अलैंचीको मूल्यले आठ वर्षपछि लय समाउँदै

आठ वर्षअघि प्रतिमन एक लाख २० हजारसम्ममा बिक्री भएको अलैंचीको मूल्य ओरालो लाग्दै प्रतिमन २० हजारसम्म झरेको थियो। तर, गत वर्षबाट फेरि मूल्य पाउन थालेपछि यस वर्ष प्रतिमन ८० हजारसम्ममा किनबेच भएको छ। अहिले अलैंची प्रतिमन ७८ हजारमा कारोबार भएको अलैंची व्यवसायी महासंघका महासचिव नारायणप्रसाद चिमरियाले जानकारी दिए। 'ग्रेडिङ भएर तयार भएको अलैंची ७८ हजारमा कारोबार भइरहेको छ। केही दिनअघि प्रतिमन ८१ हजारसम्म बिक्री भएको थियो,' उनले भने, '७८ हजार रुपैयाँ प्रतिमनमा ग्रेडिङ गरेको अलैंची बिक्री हुँदा किसानले ७४-७५ हजार प्रतिमन मूल्य पाउँछन्।'

गत वर्ष अलैंची सुरुवातमा २५ हजार प्रतिमनबाट बिक्री सुरु भएको थियो। सिजनको अन्तिमसम्म ५९ हजार प्रतिमन बिक्री भएको महासचिव चिमरियाले जानकारी दिए। 'गत वर्ष २५ हजारबाट सुरु भएको अलैंचीको बिक्री ५९ हजार प्रतिमनसम्म पुगेको थियो। यो वर्ष ५९ हजार प्रतिमनबाट सुरु भएर ८० हजारसम्म पुग्यो,' उनले भने, 'आठ वर्षअघि प्रतिमन एक लाख २० हजारबाट घटेर २० हजार प्रतिमनसम्म आएको थियो। आठ वर्षपछि ८० हजारसम्म पुग्यो।' मसलाजन्य उत्पादनमा पर्ने अलैंचीको मूल्यमा उतारचढाव आइरहने उनी बताउँछन्। यस वर्ष अलैंचीको उत्पादन घटेर पनि मूल्य बढेको चिमरियाको भनाइ छ। यस वर्ष अलैंचीको उत्पादन गत वर्षको तुलनामा ४० प्रतिशत घटेको महासचिव चिमरियाले बताए। उनका अनुसानर गत वर्ष एक लाख २० हजार बोरा अर्थात् ६० लाख केजी अलैंची उत्पादन भएको थियो। हाल उत्पादनको ७० प्रतिशत अलैंची बजारमा आइसकेको अलैंची व्यवसायी महासंघका उपाध्यक्ष सुवास भट्टराईले जानकारी दिए। 'यस वर्ष अलैंचीको मूल्यवृद्धि हुँदा किसान र अलैंची व्यवसायीमा अत्यधिक उत्साह थपेको छ। ७० प्रतिशत अलैंची बजारमा आइसकेको छ। तर, अलैंचीको उत्पादन घटेको छ,' उनले भने, 'अलैंची एक साल फल्ने अर्को साल घट्ने हुन्छ। यस वर्ष खडेरी र अलैंचीमा रोगले पनि घटेको हो।'

५१ जिल्लामा अहिले अलैंची उत्पादन हुने उनले जानकारी दिए। कारोबार हुने हिसाबले झापाको बिर्तामोड नेपालकै प्रमुख व्यापारिक केन्द्र रहेको छ। अलैंची मुख्यतः मेची भन्सार कार्यालय काँकडभिट्टाबाट मात्रै ९० प्रतिशत अलैंची भारत निकासी हुँदै आएको छ। बाँकी अलैंची पाकिस्तान र युएई पनि निर्यात हुने महासचिव चिमरियाले बताए। 'बंगलादेशमा निर्यात हुन सके नेपाली अलैंचीले राम्रो मूल्य पाउने थियो। बंगलादेशको भन्सार शुल्क धेरै भएकाले त्यो सम्भव भएको छैन,' उनले भने, 'नेपाली अलैंची भारतबाट श्रीलंका हुँदै बंगलादेश नै जान्छ। त्यसो गर्दा भन्सार शुल्क लाउँदैन। नेपालबाट सीधै बंगलादेश लैजाने प्रयास पनि भएको हो। तर, अलैंचीमा भन्सार छुट माग्दा उसले नेपाल भित्रिने धेरै सामग्रीमा छुट माग्छ।'

लमजुङ/ 'कालो सुन'को उपनामले चिनिने अलैंचीको भाउ ६ वर्षयताकै उच्च भएपछि लमजुङका किसान खुसी भएका छन्। 'अलैंचीको भाउ यति धेरै आउँछ भन्ने लागेको थिएन, आउँदो सालदेखि त जंगल फाँडेर सबै अलैंची रोपिन्छ,' मर्स्याङ्दी- ५, सन्जापुका आसबहादुर गुरुङले भने, 'कालो सुन भन्थे, साँच्चै सुनजस्तै बहुमूल्य भयो।'

गत वर्षभन्दा झन्डै तीन गुणा बढीले अलैंचीको भाउ बढेको किसान दिलमाया गुरुङले बताइन्। उनले भनिन्, 'विगतका वर्षमा मूल्य घटेपछि अलैंची खेती विस्तार गरौं कि नगरौं दोधारमा थिएँ, अहिले मूल्य बढ्यो, अब खेती विस्तार गरेर बाँझो जग्गामा सबै अलैंची लगाउने सोचमा छु।' गत वर्ष यो समयमा प्रतिमन २४ देखि २६ हजार थियो। अहिले प्रतिमन ७५ हजारदेखि ७८ हजारसम्म बिक्री भइरहेको नेपाल अलैंची व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष निर्मल भट्टराई बताउँछन्। उनका अनुसार प्रतिकेजी १९ सयदेखि दुई हजारसम्म पुगेको छ।

अन्तर्राष्ट्रिय बजारमा अलैंचीको माग बढेको समयमा लमजुङमा अलैंची प्रतिमन ६५ देखि ७० हजारमा कारोबार भइरहेको छ। तर, मूल्यवृद्धि हुनुभन्दा पहिले नै अलैंची बिक्री गरिसकेकाले अहिलेको भाउ भने धेरै किसानले नपाएको अलैंची किसान लालबहादुर तामाङ बताउँछन्। उनी भन्छन्, 'केही किसानले अहिले पनि बिक्री गरिरहेका छन्। बर्सेनि भाउ घट्दै गएपछि निराश बनेका किसान अहिले मूल्य तेब्बरले बढेपछि खुसी भएका छन्।' अन्तर्राष्ट्रिय बजारमा अलैंचीको माग बढेको र किसान तथा व्यापारीसित मागअनुसार अलैंची पर्याप्त नहुँदा भाउ बढेको लाभ नपाउने अलैंची किसान अजय तामाङ बताउँछन्।

यो वर्ष जिल्लामा दुई सय ५१ मेट्रिकटन अलैंची उत्पादन भएको थियो। अलैंची जोन लमजुङका अध्यक्ष सोमबहादुर तामाङले उत्पादनका हिसाबले अलैंची दाना उत्पादन घटे पनि मूल्य वृद्धि हुँदा किसानले यस वर्ष हालसम्मकै बढी आम्दानी गरेका छन्। उत्पादित अलैंची यस वर्ष प्रतिकेजी १५ सयदेखि दुई हजारसम्म बिक्री गरेका छन्। ०४१ सालदेखि अलैंची खेती विस्तार भएपछि यस वर्ष हालसम्मकै बढी अलैंची बिक्री भएको हो। जिल्लामा एक हजार पाँच सय हेक्टर क्षेत्रफल जमिनमा अलैंची खेती विस्तार गरिए तापनि ६ सय हेक्टर क्षेत्रफलमा अलैंची उत्पादन हुँदै आएको छ।

जिल्लाको मर्स्याङ्दी, दोर्दी, दूधपोखरी, क्व्होंलासोथर गाउँपालिका र बँसीसहर, राइनास, मध्यनेपाल नगरपालिकामा अलैंची खेती गरिँदै आएको छ। जिल्लामा १५ हजारभन्दा बढी कृषकले व्यावसायिक अलैंची खेती गर्दै आएका छन्। जिल्लाको भुलभुले, बाँझाखेत, घनपोखरा, खुदी, गौंडा, इलमपोखरी, दूधपोखरी, बन्सार, ढोडेनी, फलेनी, ताप्रिङ, कोल्की, पसगाउँलगायत गाउँका पाखामा व्यावसायिक रूपमा अलैंची खेती गरिँदै आएको छ। जिल्लाका अलैंची उत्पादन हुने क्षेत्रलाई समेटेर अलैंची जोन कार्यक्षेत्र बनाएर विशेष कार्यक्रम सुरु गरिएको छ। जिल्लामा साउने, डम्बरसाई, जिर्मले, रामशाई, गोलसाई जातका अलैंची खेती गरिँदै आएको छ।

मूल्य बढेपछि किसान उत्साहित

ताप्लेजुङका अधिकांश किसानको मुख्य आम्दानीको स्रोत नै अलैंची हो। केही वर्षदेखि ओरालो लागेको अलैंचीको भाउ बढेपछि स्थानीय किसान खुसी भएका छन्। 'अलैंचीको भाउ यति धेरै आउँछ भन्ने लागेको थिएन,' फुङलिङ नगरपालिका-६ का भीम गुरुङले भने 'कालो सुन भन्थे, साँच्चै सुनजस्तै बहुमूल्य हुनेभयो।'

पाँच वर्षअघिदेखि ओरालो लागेको अलैंचीको मूल्य अहिले आएर उच्च भएको छ। गत वर्षभन्दा झन्डै तीन गुणा बढी भाउ बढेको व्यवसायी याम राईले बताए। 'गत वर्ष प्रतिमन २५ हजार थियो, अहिले ७५ हजारसम्म बिक्री भइरहेको छ,' उनले भने। रोगले मार्सिँदै गएको अलैंचीलाई आधुनिक खेती प्रणाली अपनाएर किसानले पुरानै अवस्थामा पुऱ्याउने प्रयास गरिरहेका छन्। अलैंची मासिएर निराश भए पनि मूल्य बढेपछि किसान उत्साहित भएका छन्। जिल्लामा यस वर्ष २५ सय ३५ मेट्रिकटन अलैंची उत्पादन भएको छ। चार हजार एक सय ६५ हेक्टर जमिनमा सोबराबरको अलैंची उत्पादन भएको कृषि ज्ञान केन्द्र ताप्लेजुङका निमित्त प्रमुख सन्तोष थापाले बताए।

जिल्लाका एक नगरपालिका र ८ गाउँपालिकाका ६१ वडामध्ये फक्ताङ्लुङ गाउँपालिकाको वडा नम्बर ७ बाहेक ६० वडामा अलैंचीखेती हुने गरेको छ। किसानहरूले अलैंचीमा रोग लागेपछि स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकारसँग अलैंची जोगाउन आग्रह गर्दै आएका छन्।

Government of Nepal
Ministry of Home Affairs
Department of National ID and Civil Registration
Singhdurbar, Kathmandu

Invitation for Bids For Supply, Delivery and Installation of Firewall License

Date of Publication: 2080/09/26

IfB No: Do**NIDCR/G/NCB/2080-81-2**

1. The Department of National ID and Civil Registration (DoNIDCR) invites electronic bids from eligible bidders for the procurement of Supply, Delivery and Installation of Firewall License under National competitive bidding– Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office in Store section,, Department of National ID and civil Registration Singh durbar, Kathmandu Telephone No:01-4200016 ext.131 &184 or may visit PPMO egp system ww.bolpatra.gov.np/egp.
3. Bidding documents is available online and can be downloaded from e-GP system: bolpatra.gov.np/Egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding documents (NRs.3000/-) in the following Bank and upload the scanned copy of Voucher in e-GP system along with bidding documents and bid security amount to be deposited as under :

For Bid Document Fee	For Bid Security
Bid Document Fee: NRs. 3,000/-	Name of the Bank. Rastriya Banijya Bank Limited,Singh durbar
Name of the Office: DoNIDCR, Singh durbar,	Name of the Office: DoNIDCR, Singh durbar,
Name of the Bank. Everest Bank Limited,Singh durbar Account no: 00100106200000.	Account Name: Dharauti Account no: 1960100102030000 of Ko. Le. Ni. Ka, Singhdurbar,
Office Code no: 314013501. Revenue code (Rajaswa Shirshak) no: 14229	Office Code no: 314013501.

4. Pre-bid meeting shall be held at Department of National ID and Civil Registration Singhdurbar, Kathmandu at 2 P.M on 2080/10/ 18
5. Electronic bids must be submitted to the office through PPMO's e-GP system on or before 12 Noon on 2080/10/ 28.Bids received after this deadline will be rejected.
6. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2 P.M on 2080/10/28 at the office of Department of National ID and Civil Registration Singhdurbar, Kathmandu. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. ***95500/-*** which shall be valid for 30 days beyond the validity period of the bid
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shallbe considered as the last date. In such case the validity period of the **bid and** bid security shall be recognized with effect from the original last date of submission.
8. The Department of National ID and civil Registration reserves the right to accept or reject the bids wholly or partly without assigning any reasons whatsoever.
9. Any matters not covered by this notice shall be in according to prevailing Public Procurement Act 2063, PublicProcurement Regulations 2064 and the decision of Department of National ID and civil Registration as well.

दक्षिण एसियामा नेपालको आर्थिक वृद्धिदर कमजोर : विश्व बैंक

नेपालको आर्थिक वृद्धिदर विश्वको औसतभन्दा बढी

नयाँ पत्रिका

चालू आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर विश्वको औसतभन्दा बढी तथा दक्षिण एसियामा औसतभन्दा निकै कम हुने देखिएको छ। विश्व बैंकले बुधबार सार्वजनिक गरेको प्रतिवेदनले नेपालले चालू आवमा ३.९ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने प्रक्षेपण गरेको छ। जब कि यस वर्ष विश्वको औसत आर्थिक वृद्धिदर २.४ प्रतिशत एवं दक्षिण एसियाको औसत आर्थिक वृद्धिदर ५.६ प्रतिशत रहने अनुमान गरिएको छ।

विश्व बैंकका अनुसार विगतमा आयातमा गरिएको नियन्त्रण र कसिलो मौद्रिक नीतिको प्रभाव अहिले पनि देखिएको छ। यद्यपि, यसमा गरिएको सुधारले आर्थिक वृद्धिदरमा समेत केही सुधार देखिएको हो। विश्व बैंकले गत आवमा नेपालले १.९ प्रतिशतको वृद्धिदर हासिल गरेको अनुमान गरेको छ। आगामी वर्ष भने नेपालमा ५ प्रतिशतको आर्थिक वृद्धिदर हुने विश्व बैंकको प्रक्षेपण छ।

मूल्यवृद्धि तथा कर्जा प्रवाह नियन्त्रणका लागि लिइएको कसिलो मौद्रिक नीति तथा लगानी एवं व्यापारमा देखिएको शिथिलताले यस वर्ष पनि विश्वको आर्थिक वृद्धिदर खुम्चने विश्व बैंकको विश्लेषण छ। विगत तीन आर्थिक वर्षयता विश्वको आर्थिक वृद्धिदर निरन्तर ओरालो लागिरहेको छ। विश्वको आर्थिक वृद्धिदर सन् २०२३ मा २.६ प्रतिशत र २०२२ मा ३ प्रतिशत रहेको थियो। दक्षिण एसियाको वृद्धिदर पनि तीन वर्षयता निरन्तर घटिरहेको छ। दक्षिण एसियाको आर्थिक वृद्धिदर सन् २०२३मा ५.७ प्रतिशत र सन् २०२२ मा ५.९ प्रतिशत रहेको थियो।

■ दक्षिण एसियामा भारत र बंगलादेश अघि

दक्षिण एसियामा यस वर्ष सबैभन्दा बढी आर्थिक वृद्धिदर भारतमा हुने विश्व बैंकको अनुमान छ। भारतमा यस वर्ष ६.४ प्रतिशतको आर्थिक वृद्धि हुने अनुमान गरिएको छ। गत आवमा भारतले ६.३ प्रतिशतको वृद्धिदर हासिल गरेको थियो। आगामी वर्ष पनि भारतको आर्थिक वृद्धिदर बढेर ६.५ प्रतिशत पुग्ने प्रक्षेपण छ। भारतपछि सबैभन्दा बढी बंगलादेशमा ५.६ प्रतिशतको आर्थिक वृद्धिदर हुने अनुमान गरिएको छ। गत वर्ष बंगलादेशमा ६ प्रतिशतको आर्थिक वृद्धिदर भएको थियो। आगामी वर्षमा भने ५.६ प्रतिशतको वृद्धिदर हुने प्रक्षेपण गरिएको छ।

दक्षिण एसियामा सबैभन्दा कम आर्थिक वृद्धि पाकिस्तान र श्रीलंकामा समान १.७ प्रतिशतको दरमा हुने अनुमान गरिएको छ। गत आवमा श्रीलंकाको आर्थिक वृद्धिदर ३.८ प्रतिशतले ऋणात्मक रहेको थियो। आगामी आवमा भने श्रीलंकाको वृद्धिदर २.४ प्रतिशत हुने प्रक्षेपण गरिएको छ। त्यस्तै, गएको आवमा पाकिस्तानको वृद्धिदर ०.२ प्रतिशतले ऋणात्मक रहेको थियो। आगामी आवमा पाकिस्तानको वृद्धिदर २.४ प्रतिशत हुने प्रक्षेपण गरिएको छ। यस वर्ष भुटानले ४ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने अनुमान गरिएको छ। अघिल्लो आवमा भने भुटानले ४.६ प्रतिशतको वृद्धिदर हासिल गरेको थियो।

४० हजारभन्दा बढी दूध किसानको २२ करोड बक्यौता

किसानले गरे आन्दोलन घोषणा

भरतपुरमा **विवेक पोखेल**

दूध बिक्री गरेबापत पाउनुपर्ने भुक्तानी २८ पुससम्म नपाए आन्दालन गर्ने चितवनका किसानहरूले घोषणा गरेका छन्। चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघले पाँचबुँदे माग राख्दै आन्दोलनको घोषणा गरेका हुन्। किसानहरूले दूध बिक्रीको बक्यौता नपाएको, दूधको बजारीकरण सहज नभएको, किसानले पाउनुपर्ने सहुलियत ऋण नपाएको, बागमती प्रदेश सरकारबाट दिँदै आएको दूध उत्पादनमा आधारित अनुदान चितवनका सबै किसानले नपाएको र पशु बिमाको समस्या सहजीकरण माग गर्दै संघले आन्दोलनको घोषणा गरेको हो।

चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष किशोर बगालेका अनुसार चितवनका ४० हजारभन्दा बढी पशुपालक किसानले करिब २२ करोड भुक्तानी पाएका छैनन्। उनले भने 'चितवनमा उत्पादन हुने साढे तीन लाख लिटर दूधमध्ये डेढ लाख जिल्ला बाहिरी खपत हुँदै आएको छ। पैसा माग्दा दूध खरिद गर्ने उद्योगहरूले दूध किन्न मान्दैनन्। उधारोमा कहिलेसम्म दूध बिक्री गर्ने ?' चितवनका केही दूध सहकारीहरूले साउनदेखिकै भुक्तानि पाएका छैनन्। किसानले स्थानीय सहकारीमा दूध बिक्री गर्ने गर्छन्।

सहकारीले विभिन्न उद्योगलाई दूध बिक्री गर्छ। यसअघि उद्योगले प्रत्येक १५ दिनमा किसानको रकम भुक्तानी दिन सहकारीलाई पैसा पठाउने र सहकारीमार्फत किसानले रकम पाउने गरेका थिए। तर, उद्योगले पैसा नदिएपछि सहकारीहरूले किसानलाई पैसाको साटो घिउ, बटर दिन बाध्य भएको संघका सचिव कल्याण अधिकारीले बताए। उनका अनुसार सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डिडिसी)सहित देशभरिका प्रायः निजी डेरी उद्योगले चितवनबाट दूध खरिद गर्छन्। दूध बेचेको पैसा लामो समयदेखि नपाउँदा साना किसानको जीविकोपार्जनमा धेरै समस्या भएको छ। ठूला किसानलाई पनि बैंकको ब्याज तिर्न ताकेता गरिरहेका छन्। गाईभैंसीको दाना-चोकर खुवाउने पैसाको अभाव हुन थालेको किसानहरूको गुनासो छ।

■ के-के छन् आन्दोलन ?

२८ पुससम्म माग पूरा नगरे २९ गते दुग्ध किसानले प्रदर्शन गर्ने, १ माघमा भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र चितवनमा ताल्चा लगाउने र २ गते कृषि तथा पशुपक्षीमन्त्रीको पुत्ला दहन गर्ने सचिव अधिकारीले बताए। उनका अनुसार जिल्ला संघले प्रदेश र केन्द्रको मन्त्रालयमा पटक-पटक भेट्दा र ज्ञापनपत्र बुझाउँदासमेत सुनुवाइ नभएकाले आन्दोलनको घोषण गर्नुपरेको हो।

ग्लोबल रेमिटमार्फत पैसा पठाउँदा २५० रुपैयाँसम्म क्यासब्याक



काठमाडौं/ ग्लोबल आइएमई बैंकले ग्लोबल रेमिटमार्फत विदेशबाट पैसा पठाउँदा २५० रुपैयाँसम्म क्यासब्याक पाइने नयाँ योजना सार्वजनिक गरेको छ।

'पैसा आउने, थपेर पाउने' नारासहित सार्वजनिक गरेको क्यासब्याक योजनामा ग्लोबल रेमिटमार्फत विदेशबाट ग्लोबल आइएमई बैंकमा रहेको खातामा पैसा पठाउँदा २५० रुपैयाँसम्मको क्यासब्याक पाइनेछ।

बैंकले रेमिट्यान्स कारोबारलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ ग्लोबल रेमिटमार्फत विदेशबाट पैसा पठाउने व्यक्तिले यस क्यासब्याक योजनाअन्तर्गत ग्राहकले २५ हजार रुपैयाँसम्म पैसा पठाउँदा १०० रुपैयाँ, त्यसैगरी ५० हजार रुपैयाँसम्म पैसा पठाउँदा २०० रुपैयाँ र ५० हजारभन्दा बढी पैसा पठाउँदा २५० रुपैयाँ क्यासब्याक प्राप्त गर्नेछन्। यो योजना जनवरी ३१, २०२४ सम्म लागू रहने कम्पनीले जनाएको छ।

ग्लोबल आइएमई बैंकमा नयाँ खाता खोलेर वा निष्क्रिय खातालाई पुनः सक्रिय बनाएर उक्त खातामा ग्लोबल रेमिटमार्फत पैसा पठाउँदा बैंकले रेमिट्यान्समार्फत आएको पैसामा २५० रुपैयाँसम्म थप गरिदिनेछ।

ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो तथा वित्तीय सूचकअनुसार मुलुककै सबैभन्दा ठूलो वाणिज्य बैंक हो। बैंकले देशका ७७ वटै जिल्ला तथा तीन अन्तर्राष्ट्रिय वैदेशिक प्रतिनिधि कार्यालयसहित ११ सयभन्दा बढी सेवा केन्द्रबाट बैंकिङ सेवा प्रदान गर्दै आएको छ।

नेपाल लाइफले गऱ्यो एमडिआरटी अचिभर्सबाट ११६ जनालाई सम्मान



काठमाडौं/ जीवन बिमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्सले एमडिआरटी अचिभर्स अवार्ड सम्पन्न गरेको छ। सन् २०२३ को जनवरीदेखि डिसेम्बर अन्तिम सम्ममा एमडिआरटी २०२४ का लागि योग्य भएका ११६ जना अभिकर्तालाई सम्मानित गरेको कम्पनीले जनाएको छ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले 'पराक्रमी गति, आक्रामक नीति' भन्ने नारासहित कम्पनीले मनाइरहेको सार्क वर्ष ०८०/८१ को उद्देश्यलाई शिरोधार्य गर्दै व्यवसाय विस्तारमा लाग्न सम्पूर्ण अभिकर्तालाई आग्रह गरे। बिमा बजारको एकचौथाईभन्दा बढी हिस्सा ओगटेको र आगामी दिनमा आमनागरिकबीच बिमाको पहुँचलाई विस्तार गर्दै कम्पनीको उपस्थितिलाई झन् बलियो बनाउन आग्रहसमेत गरेका छन्।

कार्यक्रममा बोल्दै कम्पनीका वरिष्ठ सञ्चालक कमलेशकुमार अग्रवालले देश आर्थिक मन्दीबाट गुज्रिरहेको समयमा पनि कम्पनीले गरेको व्यवसाय उत्साहप्रद रहेको र यसलाई मूर्तता प्रदान गर्न अहोरात्र लाग्नुभएका सम्पूर्ण अभिकर्तालाई धन्यवाद ज्ञापन गरे।

त्यस्तै, वरिष्ठ सञ्चालक कमलेशकुमार अग्रवालले अभिकर्ता भनेको प्रगतिको सहयात्री भएको र सोको महत्तालाई मनन गर्दै आमनेपाली नागरिकलाई बिमाको उपयोगिता र औचित्यता प्रकाश पार्न सकिएमा नेपालको बिमा बजारमा प्रचुर सम्भावना रहेको बताए।

लिबर्टी इनर्जीको ५०% हकप्रद पारित

काठमाडौं/ लिबर्टी इनर्जी कम्पनीको १४औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। उक्त साधारणसभाले कम्पनीको अघिल्लो साधारणसभाबाट हालको चुक्ता पुँजीको ५० प्रतिशतका दरले हुन आउने रकम ७५ करोडबराबरको हकप्रद सेयर जारी गर्ने प्रस्ताव पारित गरेको छ।

कम्पनीसँग हाल तीनवटा जलविद्युत् आयोजनाको स्वामित्व छ। लमजुङमा २५ मेगावाट क्षमताको माथिल्लो दोर्दी 'ए' जलविद्युत् आयोजना निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ। साथै, अन्य आयोजनामा १.६ मेगावाट क्षमताको लोदो खोला साना जलविद्युत् आयोजनाको विद्युत् खरिद-बिक्री सम्झौता भइसकेको बताइएको छ। २४.६ मेगावाट क्षमताको बडीगाड खोला जलविद्युत् आयोजनाको समेत कनेक्सन एग्रिमेन्ट सम्पन्न भई विद्युत् उत्पादनको अनुमतिपत्र प्राप्त गरी विद्युत् खरिद-बिक्री सम्झौता हुने क्रममा रहेको जानकारी कम्पनीमा अध्यक्ष डा. आत्माराम घिमिरेले जानकारी गराए।

रिलायन्स, चितवन मेडिकल र पुष्पाञ्जलीबीच त्रिपक्षीय सम्झौता

काठमाडौं/ रिलायन्स फाइनान्सले चितवन मेडिकल कलेज र पुष्पाञ्जली हस्पिटलसँग वित्तीय सेवा प्रदान गर्ने तथा स्वास्थ्य सेवामा छुट दिने सम्झौता गरेको छ।

सम्झौतामा रिलायन्स फाइनान्सका नायब प्रमुख कार्यकारी अधिकृत रामहरि आचार्य र मेडिकल कलेजका प्रमुख प्रशासक प्रताप देवकोटा र पुष्पाञ्जली हस्पिटलका कार्यकारी अध्यक्ष चेतनाथ वाग्लेले हस्ताक्षर गरे।

सम्झौताअनुसार रिलायन्स फाइनान्सका ग्राहकले मेडिकल कलेज तथा पुष्पाञ्जली हस्पिटलले प्रदान गर्ने सेवामा २० प्रतिशतसम्म र फार्मेसीमा ७ प्रतिशतसम्म छुट प्राप्त गर्नेछन्।

युनिक नेपाल लघुवित्तको पाँचौं वार्षिक साधारणसभा सम्पन्न

कोहलपुर/ युनिक नेपाल लघुवित्त वित्तीय संस्थाको पाँचौं वार्षिक साधारणसभा सम्पन्न भएको छ। सभाले सञ्चालक समितिको प्रतिवेदन, आर्थिक वर्ष ०७९/८० को लेखापरीक्षण प्रतिवेदन र आगामी वर्ष ०८०/८१ का लागि लेखापरीक्षक नियुक्तिको प्रस्ताव पनि सर्वसम्मतिले पारित भएको छ। साथै, सभाले भविष्यमा कुनै उपयुक्त लघुवित्त वित्तीय संस्थासँग एक-आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति गर्न सञ्चालक समितिलाई अख्तियारीसमेत प्रदान गरेको छ।

त्यस्तै, सञ्चालक समितिमा सर्वसाधारण सेयरधनीबाट कोहलपुर बाँकेका जागेश्वरप्रसाद चौधरीलाई सर्वसम्मतिबाट चयन गरेको छ। हाल युनिक वित्तीय संस्थाको चुक्ता पुँजी रु.१४ करोड ८५ लाख ७५ हजार रहेको छ।

'नेटा भी'को मेगा एक्सचेन्ज क्याम्प

काठमाडौं/ सिजी मोटर्स प्रालिले विद्युतीय सवारीसाधन 'नेटा भी'को बजार प्रवर्द्धनका लागि मेगा एक्सचेन्ज क्याम्पको आयोजना गरेको छ।हाललाई काठमाडौं उपत्यकालक्षित गरी आयोजना गरिएको एक्सचेन्ज क्याम्पमा पुराना तथा २० वर्ष पुगिसकेका सवारीसाधनसमेत नयाँ नेटा भीसँग एक्सचेन्ज गर्न सकिने कम्पनीले जनाएको छ। पुराना सवारीसाधनको न्यूनतम मूल्यांकन चार लाख रहने कम्पनीको भनाइ छ।

'स्विच टु द प्योर इभी' नारा दिइएको एक्सचेन्ज क्याम्पको मुख्य उद्देश्य नेटा भीको प्रवर्द्धनसँगसँगै प्रदूषण फैलाइरहेका पुराना सवारीसाधनको व्यवस्थापन गर्नुसमेत रहेको कम्पनीले जनाएको छ। यो मेगा एक्सचेन्ज क्याम्प छोटो समयका सञ्चालन हुने बताइएको छ। 'नेटा भी'मा आठ वर्ष वा डेढ लाख किमिको वारन्टी भएकाले ग्राहकले ढुक्कसँग प्रयोग गर्न सक्ने कम्पनीको दाबी छ। यसमा रहेको 'हेप्ट' २.० प्रविधिले ब्याट्रीलाई तात्न वा बढी चिसो हुन नदिने बताइएको छ।

नेपाल जेनरल मार्केटिङको अत्यन्त जरुरी सुचना

यस नेपाल जेनरल मार्केटिङ प्रा. लि. ले बिक्री गरेको हिरो मोटरसाईकल / स्कुटरको कर्जा सम्झौता अवधि भित्र सम्पुर्ण रकम चुक्ता गरिसकेका ग्राहकहरुले १५ दिन भित्र आफ्नो नाममा ति सवारी साधन नामसारी गरि लिनु हुन अनुरोध गर्दछौ । उपरोक्त समय सिमा भित्र नामसारी नगर्ने ग्राहकहरुलाई यातायात व्यवस्था कार्यालयबाट लाग्ने जरिवाना ग्राहक स्वंयमले व्यहोर्न पर्ने जानकारी गराउंदछौ ।

NGM
नेपाल जेनरल मार्केटिङ प्रा. लि.
पो. ब. १३३, ज्योति भवन
१९११ कान्तिपथ, काठमाडौं, नेपाल
फोन न. ०१-५३१८६२१ , ५३६१७७०

बोनस दर सम्बन्धि सूचना

(प्रकाशित मितिः २०८०।०९।२६)

यस आई. एम. ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको आ.व. २०७९/८० को आर्थिक स्थितिको लेखाजोखा र दायित्वको मूल्याङ्कन सम्बन्धि बीमाङ्कीय प्रतिवेदन श्री नेपाल बीमा प्राधिकरणबाट स्वीकृती भए अनुरूप यस कम्पनीले संचालनमा ल्याएको मुनाफामा सरिक हुने बीमालेखहरूमा आ. व. २०७९/८० को लागि तपसिल बमोजीमको बोनस दर कायम गरिएको व्यहोरा सम्पूर्ण बीमितहरू एवं अन्य सम्बन्धित सबैलाई जानकारी गराउंदछौं ।

तपसिल

बीमा योजना	बीमा अवधि (वर्ष)	बोनस (प्रति हजार)	बीमालेख संख्या
सावधिक, बाल सावधिक, तथा सामूहिक सावधिक	०-९	३२	७७७
	१०-१४	३२	३२०४
	१५-१९	४०	४२९८१
	२०-२४	५२	१३५०३
	२५-२९	६७	५७८
	३० र सो भन्दा माथि	७०	२१५
सावधिक तथा आजीवन	०-९	३२	१८
	१०-१४	३२	१५४
	१५-१९	४५	२३७९
	२०-२४	५५	१३२५
	२५-२९	६५	८०
	३० र सो भन्दा माथि	८०	९
अग्रिम भुक्तानी तथा आजीवन	१०-१४	३२	६९
	१५-१९	३८	३४९
	२०-२४	५०	२२२
	२५-२९	६३	८८
अग्रिम भुक्तानी सावधिक	१०-१४	३०	६५
	१५-१९	३५	१७१८
	२०-२४	४८	२१२८
	२५-२९	६३	४६६
बाल अग्रिम भुक्तानी सावधिक	१०-१४	३०	४२
	१५-१९	३७	६५९
	२०-२४	५०	३५२
	२५-२९	६५	७
बाल वार्षिक अग्रिम भुक्तानी सावधिक जीवन बीमालेख (बाल किरण)	१०-१४	३०	३२०
	१५-१९	४०	१६२६
	२०-२४	४४	९८८
	२५-२९	६०	५
वार्षिक अग्रिम भुक्तानी सावधिक जीवन बीमालेख (धन सरिता)	सम्पूर्ण बीमा अवधिका लागि	२२	१०,६४८

उपरोक्त अनुसारको बोनस दर मृत्यु दाबी, पूर्ण वा आंशिक अवधि भुक्तानी दाबी, समर्पण मूल्य, चुक्तामूल्य तथा चालु बीमालेखमा समेत लागू हुने र कम्पनीको आगामी बीमाङ्कीय मूल्याङ्कन नभएसम्मका लागि उल्लेखित दावीहरूमा समेत सोहि बोनस दर लागू हुने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउंदछौं ।

IMELiFE Ensuring Future
आई. एम. ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
हाथवे कम्प्लेक्स, लैनचौर, काठमाडौं, फोन नं: ४०२४०७१/७२
info@imelifeinsurance.com | www.imelifeinsurance.com

भावपूर्ण श्रद्धाञ्जली



जन्म: १९९१/०९/२८
स्वर्गारोहण: २०८०/०९/१४

स्व. लाल कृष्ण श्रेष्ठ

यस संस्थाका अध्यक्ष, जनता मा.वि. आँपपिपलका व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष श्री कमल कुमार श्रेष्ठ तथा साधारण सदस्यहरु श्री बिष्णु कुमार श्रेष्ठ, श्रीमती माया श्रेष्ठ, श्री ध्रुव कुमार श्रेष्ठ, श्री मनकाजी श्रेष्ठ, श्री राजु श्रेष्ठ र श्री मदन श्रेष्ठका पुजनीय पिता **लाल कृष्ण श्रेष्ठ**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दै गहिरो समवेदना प्रकट गर्दछौं ।

जनता मा.वि. आँपपिपल पूर्व विद्यार्थी समाज
काठमाडौं परिवार

भावपूर्ण श्रद्धाञ्जली



जन्म : वि.सं. १९८५ भाद्र १५
स्वर्गारोहण : वि.सं. २०८० पौष १४

स्व. खगेश्वरी अर्याल (बुबु)

हाम्रो पूजनीय ममतामयी माता (बुबु) **खगेश्वरी अर्याल**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै उहाँको बैकुण्ठबासको कामना गर्दछौं । साथै यस दुःखद घडीमा हामीलाई समवेदना एवम् सहानुभूति प्रकट गर्नुहुने संघ-संस्था, शुभेच्छुक, आफन्तलगायत सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

छोरा/बुहारी
रोजा अर्याल
जगदीशचन्द्र/सन्ध्या अर्याल
सुरेशचन्द्र/नीता अर्याल
शरदचन्द्र/गोमा अर्याल
कपिलचन्द्र/मीना अर्याल

छोरी/ज्वाईं
सुशीला/केशव अधिकारी
कृष्णप्रसाद न्यौपाने
निर्जला/भोलानाथ पोखरेल

नाति/नातिना: पुष्पा, बिनीत, बिभष, सिद्धान्त, दिक्षान्त, आभाष,आशिष, मुकेश, आयुष, मुकिता, सुभानी एवं शोक सन्तप्त अर्याल परिवार

भावपूर्ण श्रद्धाञ्जली



जन्म: १९९१/०९/२८
स्वर्गारोहण: २०८०/०९/१४

स्व. लाल कृष्ण श्रेष्ठ

यस संस्थाका अध्यक्ष, जनता मा.वि. आँपपिपलका व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष श्री कमल कुमार श्रेष्ठ तथा श्री बिष्णु कुमार श्रेष्ठ, श्रीमती माया श्रेष्ठ, श्री ध्रुव कुमार श्रेष्ठ, श्री मनकाजी श्रेष्ठ, श्री राजु श्रेष्ठ र श्री मदन श्रेष्ठका पुजनीय पिता **लाल कृष्ण श्रेष्ठ**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दै गहिरो समवेदना प्रकट गर्दछौं ।

जनता बचत तथा ऋण सहकारी संस्था लि.
पालुङ्गटार-२, आँपपिपल, गोरखा

गर्जाङ उपत्यका हाइड्रोपावर लिमिटेडको

दशौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८०/०८/०८ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको दशौं वार्षिक साधारणसभा मिति २०८०/०८/३० गते शनिवार (तदनुसार डिसेम्बर-१६ ,२०२३) बिहान १० बजे Saanvi Hotel and Sports Club, बौद्ध काठमाण्डौं मा संचालन हुने बारे मिति २०८० मंसिर ९ र १० गते र पुन मिति २०८० मंसिर २९ गते नयाँ पत्रिकामा सुचना प्रकाशित गरिएकोमा समयमा IPO प्रक्रियाको लागि DDA (due diligence audit) रिपोर्ट आवश्यक पर्ने भएकोले उक्त रिपोर्ट समयमा नआएकोले सो मितिमा साधारण सभा गर्न कम्पनी असमर्थ भएको कारणले कम्पनीको दशौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

(क) वार्षिक साधारणसभा बस्ने मिति, समय र स्थान :

मिति : २०८०/१०/२७ गते शनिवार (तद्नुसार फेबरवरी- १० ,२०२४)
समय : बिहान १०:०० बजे
स्थान : Saanvi Hotel and Sports Club, बौद्ध काठमाण्डौं।

वार्षिक साधारण सभाको लागि छलफलको विषयहरु :

(ख) सामान्य प्रस्ताव :

१. आ.व. २०७९/०८० को संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने बारे ।
२. आ.व. २०७९/०८० को लेखा परीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण माथी छलफल गरी पारित गर्ने बारे।
३. लेखापरीक्षक नियुक्ति गर्ने बारे।

(ग) विशेष प्रस्ताव :

१. हाइब्रिड प्लान्ट बनाउने बारे।
२. कम्पनीको पूँजीवृद्धि सम्बन्धमा।
३. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव गरिए बमोजिम संशोधन गर्नेसम्बन्धमा।
४. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन सम्बन्धि पारित प्रस्ताव कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति लिने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
५. विविध।

कम्पनी सचिव
गर्जाङ उपत्यका हाइड्रोपावर लि.

हार्दिक समवेदना



जन्म : वि.सं. १९८५ भाद्र १५
स्वर्गारोहण : वि.सं. २०८० पौष १४

स्व. खगेश्वरी अर्याल

यस संस्थाका प्रमुख कार्यकारी अधिकृत जगदीशचन्द्र अर्यालकी ममतामयी माता **खगेश्वरी अर्याल**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

सम्झना बहुमुखी सहकारी संस्था लिमिटेड
कमलाक्षी, जमल, काठमाडौं
फोन : ०१-५३२४७१२, ५३३९१४४

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार २६ पुस ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

रौतहटको महिला फुटबल एकेडेमी चार वर्षदेखि अलपत्र



चन्द्रपुर नगरपालिका- ६ मा रहेको महिला फुटबल एकेडेमीको भवन

अशोक पहाडी / नयाँ पत्रिका

चन्द्रपुर नगरपालिका- ६ मा रहेको महिला फुटबल एकेडेमीको भवन सञ्चालनमा नआउँदा अलपत्र अवस्थामा पुगेको छ। शेरबहादुर दर्लामी स्मृति खेलमैदानमा रहेको एकेडेमीको निर्माण कार्य सकिए पनि अदालतले रोक लगाएपछि मैदान अलपत्र अवस्थामा पुगेको हो। वनक्षेत्रमा अनधिकृत रूपमा महिला फुटबल एकेडेमी निर्माण सुरु गरेको भन्दै अधिवक्ता सुजित केसीले दायर गरेको रिटमा सुनुवाइमाथि ०७६ माघमा न्यायाधीश पुरुषोत्तम भण्डारीको इजलासले एकेडेमीको विषयमा भए-गरेका निर्णय यथास्थितिमा राख्न अन्तरिम आदेश जारी गरेको थियो।

अदालतको अन्तरिम आदेशले भवन अलपत्र पर्नुका साथै खेलाडीको प्रशिक्षणमा असर परेको मधेश प्रदेश फुटबल संघका अध्यक्ष नेपाल कार्कीले नयाँ पत्रिकालाई बताए। अखिल नेपाल फुटबल संघ (एन्फा)ले गर्मी हुने राष्ट्रमा सहभागी महिला फुटबलको तयारी र मधेश प्रदेशका महिला खेलाडीको प्रशिक्षणका लागि रौतहटको चन्द्रनिगाहपुरमा एकेडेमीको निर्माण प्रक्रिया अगाडि बढाएको थियो।

रौतहट चन्द्रपुर नगरपालिका- ६ को हातेमालो सामुदायिक वनभित्रको जग्गामा उपभोक्ता समूहका अध्यक्ष रामलाल र रौतहट जिल्ला फुटबल संघका अध्यक्ष भगवानबहादुर दर्लामी मगरबीचको सम्झौता भएको थियो। सम्झौताअनुसार एन्फाले फुटबल मैदान निर्माण गर्न थालेको थियो। पछि यो मुद्दा सर्वोच्च पुगेको थियो। चन्द्रनिगाहपुरमा रहेको एकेडेमी सञ्चालनमा आउन नसक्दा दुःख लागेको रौतहट जिल्ला फुटबल संघका अध्यक्ष भगवान दर्लामीले बताए।

एकेडेमी निर्माण गर्न फिफाबाट रकम

एन्फाले विश्व फुटबल महासंघ फिफाबाट रकम स्वीकृत गराई न्यु ड्राइगन/नयाँ युग जेभीसँग ०७५ मंसिर १२ मा निर्माण सम्झौता गरेको थियो। सम्झौताअनुरूप एकेडेमी निर्माणको काम सुरु भएको थियो। वनक्षेत्रको जग्गा मन्त्रिपरिषद्को निर्णयका आधारमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका लागि भोगचलनको अनुमति दिन सकिने भए पनि अवैधानिक रूपमा खेलकुद मैदान बनाउन खोजिएको भन्दै अदालतमा रिट परेको खेलकर्मीहरू बताउँछन्।

तत्कालीन एन्फाका अध्यक्ष कर्माछिरिङ शेर्पाको कार्यकालमा निर्माण भएको एकेडेमीको काम नहोस् भन्ने मनसायले फुटबलमै लागेकाहरूले चलखेल गरेका कारण विगत चार वर्षदेखि भवन अलपत्र अवस्थामा पुगेको दर्लामीले बताए। महिला फुटबल खेलाडीको कारखानाको रूपमा पहिचान बनाएको रौतहट फुटबल संघका सदस्य बाबुराम दाहालले बताए। 'रौतहटको चन्द्रनिगाहपुरमा एकेडेमी बनेको देख्न नचाहनेहरूका कारण भवन हालसम्म अलपत्र अवस्थामा पुगेको हो,' उनले भने। देशभरबाट छनोट गरी १२ वर्षमुनिका ४४ जना खेलाडी एकेडेमीमा राखिने लक्ष्य रहेको थियो।

प्रकाश स्मृति ब्याडमिन्टन सुरु



प्रतियोगिताको पहिलो दिन नेपाल एपिएफका प्रिन्स दाहाल र सुजन थापा प्रिक्वार्टरफाइनलमा प्रवेश गरेका छन्

नयाँ पत्रिका

पहिलो प्रकाश दाहाल स्मृति राष्ट्रिय खुला ब्याडमिन्टन प्रतियोगिता बुधबारबाट सुरु भएको छ। स्पोर्टस् हब नेपाल प्रालिको आयोजनामा भएको प्रतियोगिताको पहिलो दिन नेपाल एपिएफका प्रिन्स दाहाल र सुजन थापा प्रिक्वार्टरफाइनलमा प्रवेश गरेका छन्। प्रिन्सले जोहेर उद्दिनलाई २-० को सोझो सेटमा हराए। सुजनले बालकुमारी रिमिक्स क्लबका मुकेश श्रेष्ठलाई २-० को सेटमा निराश पारे। प्रतियोगितामा नेपाल पुलिसका सुनील जोशीले एपिएफका अमन महर्जनलाई २-० ले पाखा लगाए। आर्मी क्लबका डेभिड थापामगरले स्पोर्टस् हबका विशाल तामाङमाथि २-१ को सेटमा हराएका छन्।

प्रतियोगितामा पुलिसका जीवन आचार्यले एपिएफका क्षितिज खनाललाई २-० ले पराजित गरेका छन्। आर्मीका कबिर केसीले सरफराज उद्दिनलाई २-० ले हराए। एपिएफका देवराज रानाले सागर लामालाई २-० को सहज सेटमा निराश बनाए। प्रतियोगिताको पहिलो चरणमा पुलिसका अभिक श्रेष्ठ, एपिएफका अनिल मल्ल, पुलिसका दीपक बोहरा, एपिएफका भोजबहादुर गुरुङ र आर्मी क्लबका प्रफुल महर्जन प्रिक्वार्टरफाइनलमा पुगेका छन्।

यसैगरी, भेट्टान ३५ वर्षमाथिको युगल प्रतिस्पर्धामा कागेश्वरीका देविन्द्र राई र उमेशकुमार राईको जोडी प्रिक्वार्टरफाइनलमा प्रवेश गऱ्यो। नेपाल ब्याडमिन्टन संघको मान्यताप्राप्त वरीयतासहितको राष्ट्रिय प्रतियोगितामा पुरुष एकल, महिला एकल, पुरुष युगल (शीर्ष २० वरीयताबाहेक), स्थानीय स्तर, मास्टर्स युगल ३५ वर्षमाथि र ४५ वर्षमाथि गरी ६ विधामा प्रतिस्पर्धा भइरहेको समितिका प्रतियोगिता निर्देशक एवं संयोजक आङकुसाङ शेर्पाले जानकारी गराए।

पुरुषतर्फ पहिलो हुनेले ४५ हजार, दोस्रोले २५ हजार र तेस्रो हुने खेलाडीले १० हजार रुपैयाँ प्राप्त गर्नेछन्। यसअघि प्रतियोगिताको उद्घाटन राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले गरेका थिए। सदस्यसचिव घिसिङले ब्याडमिन्टन खेल विकासका लागि व्यावसायिक लिग प्रतियोगिता आवश्यक रहेको बताएका छन्।

खेल संक्षेप

नाथम हस्पिटालिटी कप हुने

काठमाडौं / नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठानको आयोजनामा २९ पुस देखि ४ माघसम्म नाथम हस्पिटालिटी कप इन्डोर क्रिकेट प्रतियोगिता आयोजना हुने भएको छ। नाथममा स्नातक तहमा अध्ययनरत विद्यार्थीका लागि प्रतिष्ठानले खोलेको विभिन्न क्लबमध्ये हेल्थ एन्ड स्पोर्टस् र आइटी मिडिया क्लबले गोल्फुटारमा रहेको रोयल इन्डोर क्रिकेटमा पाँचदिने प्रतियोगिता आयोजना गर्न लागेको हो। प्रतियोगितामा उपत्यकाका १६ कलेजले सहभागिता जनाउने क्लबका अध्यक्ष रजतविक्रम कार्कीले जानकारी दिए। प्रतियोगिताको विजेताले ७० हजार रुपैयाँ प्राप्त गर्नेछ। यसैगरी दोस्रो हुने टोलीले ३५ हजार रुपैयाँ हात पार्ने नाथमका डम्बर भट्टले बताए। यसैगरी, प्रतियोगिताका उत्कृष्ट ब्याट्सम्यान, उत्कृष्ट बलर र उत्कृष्ट खेलाडीलाई समेत विशेष पुरस्कारको व्यवस्था रहेको छ। प्रतियोगितामा सहभागी हुने प्रत्येक टोलीलाई १५ हजार रुपैयाँ शुल्क बनाइएको छ।

क्यानको महाप्रबन्धक नियुक्ति निष्पक्ष नभएको दाबी

काठमाडौं / नेपाल क्रिकेट संघ (क्यान)को महाप्रबन्धक नियुक्ति प्रक्रिया निष्पक्ष नभएको सर्टलिस्टबाट बाहिरिएका नवराज कोइरालाले आरोप लगाएका छन्। कोइरालाले बुधबार पत्रकार सम्मेलन गर्दै क्यानको महाप्रबन्धक नियुक्ति प्रक्रिया सही नभएको भन्दै त्यसलाई नसच्याए सर्वोच्च अदालत जाने चेतावनी दिएका छन्। 'अब यो विषयबारे क्यानलाई पत्र पठाउँछौं, ७२ घन्टाभित्र जनरल म्यानेजर छनोट प्रक्रियामा भएको गल्ती सुधार नगरे क्यान्डिडेटहरू सर्वोच्च अदालत गएर क्यान र क्यानका सचिवविरुद्ध मुद्दा हाल्छौं,' उनले भने। क्यानले सोमबार उत्सव ढुंगानालाई महाप्रबन्धकमा नियुक्त गरेको थियो।

भारोत्तोलनमा चौधरीलाई स्वर्ण

नयाँ पत्रिका

२६औं भारोत्तोलन राष्ट्रिय च्याम्पियनसिपको पुरुष ६७ केजीतर्फ राजु चौधरीले स्वर्ण जितेका छन्। यस विधामा नेपाली सेनाका मुक्तिराम घलेले रजत हात पारे। जुनियर ६७ केजी पुरुषतर्फ कास्कीका रोशन चुनवाङले स्वर्ण र ललितपुरका मोहित शाक्यले रजत जितेका छन्। युथ पुरुष ६७ केजीतर्फ सप्तरकी अनुराग सिंह पहिलो र कञ्चनपुरका दीपेश घटाल दोस्रो भएका छन्। ७३ केजीतर्फ सिनियर पुरुषमा नेपाल प्रहरीका प्रकाश केसी पहिलो र कञ्चनपुरका अशोकसिंह भण्डारी दोस्रो भए।



७३ केजी जुनियर पुरुषतर्फ कञ्चनपुरका हेमन्त पाल पहिलो र इलामका पुस्कर राई दोस्रो भए। ७३ केजी युथतर्फ सप्तरीका हेमनारायण यादव स्वर्ण जित्न सफल भएका छन्। यसअघि मंगलबार महिला ४९ केजीतर्फ नेपाल प्रहरीकी कृष्णकला विष्टले राष्ट्रिय किर्तिमान बनाएकी थिइन्। उनले स्न्याचतर्फ ५९ र क्लिन एन्ड जर्कतर्फ ७७ किलो उचाल्दै राष्ट्रिय कीर्तिमानसहित स्वर्ण जितेकी थिइन्।

यही विधामा नेपाली सेनाकी सिर्जना तामाङले रजत जितिन्। त्यस्तै, ५५ केजी पुरुष सिनियरतर्फ नेपाल प्रहरीका दिलीप यादवले स्न्याचतर्फ ८२ र क्लिन एन्ड जर्कतर्फ एक सय तीन किलो भार वहन गर्दै नयाँ राष्ट्रिय कीर्तिमानसहित स्वर्ण जिते। यही विधामा नेपाली सेनाका दीपकबहादुर भण्डारी दोस्रो भए।

पुरुष ६१ केजीतर्फ नेपाली सेनाका तुलाराम महतोले स्वर्ण र एपिएफका पारस देसारले रजत जिते। महिला ४५ केजी सिनियरतर्फ नेपाल प्रहरीकी हिरामोती थारू पहिलो र एपिएफकी लीला राई दोस्रो भए। ५५ केजी महिला सिनियरतर्फ नेपाली सेनाकी प्रभा थारू पहिलो र ललितपुरकी सप्रिना श्रेष्ठ दोस्रो भए।

पुरुष क्रिकेटको उपाधि स्याङ्जालाई



कास्कीमा **रोहितराज पराजुली**

स्याङ्जाले गण्डकी प्रदेश पिएम कप पुरुष एकदिवसीय क्रिकेट छनोट प्रतियोगिताको उपाधि जितेको छ। पोखरा रंगशालास्थित क्रिकेट मैदानमा बुधबार भएको फाइनलमा तनहुँलाई ८१ रनले हराउँदै स्याङ्जाले उपाधि हात पारेको हो। टस जितेर ब्याटिङ रोजेको स्याङ्जाले ३९ ओभर खेल्दै १० विकेटको क्षतिमा १८२ रन जोडेको थियो। १८३ रनको विजय लक्ष्य पछ्याउँदै जवाफी ब्याटिङमा उत्रेको तनहुँ २७.४ ओभरमा अलआउट हुँदै १०१ रनमा समेटियो।

स्याङ्जाको जितमा ओपनर करण पंगेनीले अर्धशतक पूरा गर्ने क्रममा ९६ बलमा नौ चौका र तीन छक्कासहित ८२ रन जोडेका थिए। मिलन क्षेत्रीले १७ बलमा पाँच चौकाको सहयोगमा २७ रनको योगदान दिए। अर्का ओपनर ईश्वर क्षेत्रीले २१ बलमा दुई चौकासहित १३ र अंकित न्यौपानेले २६ बलमा १२ रन जोडेका थिए। टोलीका अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन्। तनहुँका ओपनर समिर कँडेलले ४१ बलमा चार चौकाको सहयोगमा २७ रन जोडे। उत्सव श्रेष्ठले ५० बलमा तीन चौका सहित २६ र प्रदीप अर्याललले दुई चौका र एक छक्कासहित १४ रन बनाए।

भण्डारीले लिए पाँच विकेट

फाइनलका म्यान अफ दी म्याच स्याङ्जाका तुलसीराम भण्डारीले सर्वाधिक पाँच विकेट लिए। उनले नौ ओभरमा दुई मेडन राखी ३१ रन खर्चेदै पाँच विकेट लिए। विपिनराज न्यौपानेले १.४ ओभरमा ५ रन खर्चेर दुई विकेट हात पारे। तनहुँका लागि चन्द्रकान्त पौडेलले नौ ओभरमा ४६ रन खर्चेर दुई विकेट लिन सफल भए। प्रदीप अर्याललले सात ओभरमा ५४ रन खर्चेर दुई विकेट लिए। सादित्य बज्जराले १४ रन खर्चेर दुई विकेट हात लिन सफल भए।

पराजुली उत्कृष्ट बलर

प्रतियोगितामा तनहुँका सन्दीप पराजुली उत्कृष्ट बलर घोषित भएका छन्। उनले प्रतियोगितामा सर्वाधिक ११ विकेट लिए। तनहुँका कृष ऐर म्यान अफ दी सिरिज भए। स्याङ्जाका ईश्वर क्षेत्री उत्कृष्ट ब्याट्सम्यान भए। विजयी खेलाडीलाई प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्यसचिव श्रीधर शर्माले पुरस्कृत गरेका छन्। प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता २८ पुसबाट काठमाडौंमा सुरु भएको थियो। प्रतियोगितामा प्रदेशका ६ जिल्लाका ६ टोलीले प्रतिस्पर्धा गरेका थिए।

शरदलाई बाहिर राख्दै बागमतीको टिम घोषणा

काठमाडौं / छनोट खेलमा सर्वाधिक विकेट लिने सूचीको दोस्रो स्थानमा रहेका शरद भेसवाकरलाई बाहिर राख्दै बागमती प्रदेशले बुधबार टोली घोषणा गरेको छ। संघले बुधबार रित गौतमको कप्तानीमा अनुभवी राष्ट्रिय टोलीका पूर्वसदस्य भेसवाकरलाई बाहिर राख्दै १४ सदस्यीय टोली घोषणा गरेको हो। प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा शरदले ११ विकेट लिएका थिए। काठमाडौंको कप्तानी गरेका शरदले टोलीलाई फाइनलमा पुऱ्याएका थिए।

बागमतीले कप्तानमा अप्रत्याशित रूपमा रितलाई जिम्मेवारी दिएको छ। उनी छनोट खेलमा लयमा रहेनन्। चार खेलमा उनले २४ रन जोडेका थिए। भक्तपुरविरुद्ध २३ रन बनाएका हुन्। बाँकी खेलमा चल्न सकेका थिए। प्रशिक्षकमा कलाम अलीले रितसँगै इशान पाण्डे, आंशुतोष घिरैया, प्रतिश जिसी, रविन जोशी (विकेटकिपर), विवेक रानामगर, सूर्य तामाङ, क्रिजल गुरुङ, गौतम केसी, रिजन ढकाल, सोनु देवकोटा, विपिन आचार्य र अशोक पौडेललाई छनोट गरेका छन्। यसैगरी वैकल्पिक खेलाडीमा सन्देश कार्की, गौरव खड्का (विकेटकिपर), दीपेश श्रेष्ठ र कृष कार्की रहेका छन्। प्रधानमन्त्री कप २८ पुसदेखि २० माघसम्म हुनेछ। प्रतियोगिताका खेलहरू कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदान, मूलपानी क्रिकेट मैदान र भैरहवास्थित सिद्धार्थ रंगशालामा हुनेछन्। बागमतीले २८ पुसमा नेपाल पुलिस क्लबविरुद्ध खेल्नेछ।

डिभिजन सडक कार्यालय, नुवाकोट

निर्माण कार्य सम्पन्न गर्ने बारेको जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०।९।२६

यस डिभिजनबाट अन्तरगत ठेक्का व्यवस्थापन भई निर्माण कार्य अगाडी बढाइएको तपशिलमा उल्लेखित निर्माण व्यवसायीले सम्झौता बमोजिम तोकिएको समय भित्र सम्पन्न नगरेको र ठेक्का म्याद समेत नरहेकोले यस डिभिजनको विभिन्न मितिमा लिखित तथा मौखिक रुपमा कार्यसम्पन्न हुन नसक्नुको कारण माग गरिएकोमा सम्बन्धित निर्माण व्यवसायीबाट उचित कारण सहितको चित्त बुझ्दो जवाफ प्राप्त नभएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम तपाईलाई किन कारबाही नगर्ने? मनासिव कारण सहित चित्त बुझ्दो जवाफ यो सूचना प्रकाशित मितिले ७ (सात) दिन भित्र स्पष्टिकरण पेश गर्नु हुन सूचित गरिन्छ।

तपशिल :

क्र. सं.	ठेक्का नं.	निर्माण व्यवसायीको नाम	कामको विवरण
१	RDNKT/337310113/076-77/01	न्यू कामना/यूनिभर्सल जे.भी., नुवाकोट	Gravelling Works on Gurje Chhahare Section of Samakhushi Tokha Gurje Bidur Road (NH 40)
२	RDNKT/337310113/ 077/78/03	शिलाकन्या देवी कन्स्ट्रक्सन, नुवाकोट	Reactive Maintenance: Repair of the Pot holes and Road edges in two cycles (time) on Betrawati Grang section of Balaju Trishuli -Dhunche -SyaphrubesiRoad(NH18)
३	RDNKT/337310113/ 077/78/06	लोवेन निर्माण सेवा रसुवा	Specific Maintenance Works on Thulo Bharkhu-Sano Bharkhu Section of Pasang Lhamu Highway, Rasuwa
४	RDNKT/33701136/ 077/78/08	आर.एस.ए./जि.के. जेभी नुवाकोट	Traffic Safety Works on Gurje- Chhahre Road (NH40) & Betrawati - Dhunche - Syaphrubesi Road (NH 18)
५	RDBHT/33701137/ 076/77-28	प्याल्दोर हिमाल निर्माण सेवा धादिङ	Track Opening Works Dhadingbesi Rubi valley Road, Dhading
६	DROBHT/3371484/ 071/72-111	प्याल्दोर हिमाल निर्माण सेवा धादिङ	सोमडाङ तिप्लिङ सडक धादिङ
७	DROBHT/3373354/ 073/74-039	दीपश्री ईन्जिनियरिङ प्रा.लि. काठमाडौ	Road Construction and improvement works in Siktar Budhathum Baseri Manbu Road, Dhading
८	DROBHT/3371574/ 073/74-118	हिरा एण्ड नमिता निर्माण सेवा काठमाडौ	मान्पाङ मोटरेबल पुल बुढाथुम मुलपानी धादिङ
९	DROBHT/3371484/ 071/72-079	प्याल्दोर हिमाल निर्माण सेवा धादिङ	Roadway Excavation for Dhadingbesi Sangkosh Tipling (New Track from Ghyangsa) Road
१०	DROBHT/3371484/ 071/72-087 re	प्याल्दोर हिमाल निर्माण सेवा धादिङ	Roadway Excavation on Somdang Tipling Road धादिङ
११	DROBHT/3371653/ 071/72-12 रिकरेन्ट	दिपश्री ईन्जीनियरिङ प्रा. लि काठमाडौ	recurrent नौबिसे सोप्याङ धादिङ
१२	DROBHT/3371084/ 70/71-004	हिमडुङ एण्ड थोकर हिरा एण्ड नमिता जेभी काठमाण्डौ	युनाईटेट सिमेन्ट उघोग पहुच मार्ग धादिङ
१३	DROBHT/3371084/ 074/75-28	काष्ठमाण्डप-दिव्यज्योती जेभी	युनाईटेट सिमेन्ट उघोग पहुच मार्ग धादिङ
१४	DRONKT/3371653/74/75/027	उत्तरगया कन्स्ट्रक्सन प्रा.लि. रसुवा	बेत्रावती धुन्चे स्याफ्रुबेसी सडक रसुवा र गुर्जहे छहरे सडक नुवाकोट
१५	DRONKT/3371653/73/74-003	विजय निर्माण सेवा नुवाकोट	पासाङ लाहामु सडक
१६	DRONKT/3373554/74/75/024	पवित्रा मल्टिपल कन्स्ट्रक्सन प्रा.लि.	दम्की फैलाटे सडक नुवाकोट
१७	DRONKT/3373554/73/74/005	च्याङरासी निर्माण सेवा नुवाकोट	नुवाकोट दरबार पहुच सडक
१८	DRONKT/3373554/74/75/011	पवित्रा मल्टिपल कन्स्ट्रक्सन प्रा.लि. काठमाडौ	दम्की फैलाटे सडक नुवाकोट
१९	DRONKT/3371234/73/74-047	सियोन निर्माण सेवा नुवाकोट	रानिस्वारा भालुखोला सामरी सडक नुवाकोट
२०	DRONKT/3371484/73/74-030	ॐ गणेश निर्माण सेवा नुवाकोट	Soling & Gabion Construction Works on Sikre Virbari Section of Samundra devi Gurje Talakhu Road
२१	RDNKT/337310113/ 078/79-07	मनकामना कन्स्ट्रक्सन प्रा.लि. नुवाकोट	(Periodic maintenance works on Betrawati Grang section of BalajuTrisuli Dhunche Syaprubesi Road (NH18))
२२	RDNKT/33701136/078/79-09	मनकामना कन्स्ट्रक्सन प्रा.लि. नुवाकोट	(Traffic Safety Works at SRN Roads of Nuwakot and Rasuwa districts, Gurje Chhahare Road & Betrawati Dhunche Road)
२३	RDNKT/337310113/078-79/39	मनकामना कन्स्ट्रक्सन प्रा.लि. नुवाकोट	Periodic Maintenance of Gurjebhanjyang Chhahare Road II, Nuwakot(NH40)
२४	RDNKT/33701138/079/80/45	M/s. Pro Lion Construction Pvt. Ltd, Dhading.	(Hume Pipe Culvert Works and Traffic Safety Works on Dharke Sitapaila Road (NH21).)

डिभिजन सडक कार्यालय, नुवाकोट

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com